# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ७, अङ्क ३०, पूर्णाङ्क ३०० | २०७८ फागुन ४ गते बुधबार | Wednesday, 9 Feb 2022 | www.eratokhabar.com | मूल्य रु. १०


## २७ औँ जनयुद्ध दिवसमा मधेस प्रदेशले दियो सार्वजनिक बिदा

**काठमाडौँ ।** मधेस प्रदेश सरकारले २७ औँ जनयुद्ध दिवस मनाउन सार्वजनिक बिदा दिएर पहिलो रेकर्ड कायम गरेको छ । जनयुद्ध सकिएको घोषणा भएको १६ वर्षपछि देशका सातमध्ये एउटा प्रदेशले पहिलोपल्ट जनयुद्ध दिवसमा सार्वजनिक बिदा दिएको हो । जनयुद्धको नेतृत्व गरेको तत्कालीन नेकपा (माओवादी) ले मधेसी, दलित, महिला, उपेक्षित, उत्पीडित, श्रमिक जनतालाई विद्रोहका लागि आह्वान गरेको थियो । जनयुद्धकै कारण उत्पीडित जनता आफ्नो अधिकारका लागि सामन्ती सत्ताविरुद्ध हतियारबद्ध समग्र युद्धमा लामबद्ध भएका थिए ।

जनयुद्धको जगमा २०६२-२०६३ सालमा सम्पन्न जनआन्दोलनपछि अन्तरिम सरकार, संविधानसभा हुँदै राजतन्त्र अन्त्य गरी गणतन्त्र नेपालको घोषणा भएपछि राज्यस्तरबाट कुनै पनि प्रदेशले जनयुद्ध दिवस मनाउन सार्वजनिक ... बाँकी पृष्ठ ७ मा

# एमसीसीविरुद्ध आज शक्तिशाली र जुझारु नेपाल बन्द

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीसहित पाँच पार्टी र एक मोर्चाको आह्वानमा बुधबार शक्तिशाली र जुझारु नेपाल बन्द आह्वान गरिएको छ । नेकपाका महासचिव विप्लव, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेल, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेकपा माओवादी केन्द्र समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक आहुतीले मङ्गलबार अपराह्न संयुक्त विज्ञप्ति जारी गरी नेपाल बन्द आह्वान गरेका हुन् ।

पाँच दल र एक मोर्चाद्वारा जारी विज्ञप्तिमा नेपाली जनताको एमसीसी कम्प्याक्टविरोधी सङ्घर्ष र शेरबहादुर देउवा सरकारलगायत अमेरिकी साम्राज्यवादका दलाल एवम् एमसीसी कम्प्याक्टका पिछलग्गुहरूबीचको पेचिलो सङ्घर्षको मोर्चाका क्रममा अमेरिकी साम्राज्यवादको हस्तक्षेप, दबाब एवम् धम्की र देउवा सरकारलगायत राष्ट्रघाती एवम् जनघाती दलालहरूको आत्मसमर्पणका कारण







फागुन ४ गते बोलाइएको संसद् बैठकमा एमसीसी कम्प्याक्ट सदनमा टेबुल गर्ने र पारित गर्ने अन्तिम प्रपञ्च गरिराखेको र उक्त राष्ट्रघाती षड्यन्त्रविरुद्ध राष्ट्रिय मुक्ति आन्दोलन सञ्चालन गर्नु आवश्यक रहेको उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, 'एमसीसी कम्प्याक्टले नेपाली राष्ट्रिय स्वाधीनताको आन्दोलनमा सर्वाधिक रूपमा निम्त्याउने अमेरिकी साम्राज्यवादी हस्तक्षेपका विरुद्ध नेपाली जनताले कठोर सङ्घर्ष गर्दै आइरहेको छ । जसको परिणाम एमसीसी कम्प्याक्टलाई संसद्बाट पारित गराउने विगतका दलाल सरकार र वर्तमान देउवा सरकारको रणनीतिक योजना सफल हुन सकेको थिएन, बरु सरकारी गठबन्धन र संसद्वादी दलभित्रै नेपाली जनताको एमसीसी कम्प्याक्टविरोधी सङ्घर्षले पैदा गरेका अन्तरविरोध एवम् अवरोधहरूको सामना गर्नुपरेको थियो ।'

संयुक्त विज्ञप्तिमा अगाडि भनिएको छ, 'नेपाली जनताको एमसीसी ... बाँकी पृष्ठ ११ मा

## एमसीसीविरुद्ध कलेजका प्रवेशद्वारमा कालो ब्यानर

**काठमाडौँ ।** राष्ट्रघाती एमसीसी सम्झौताविरुद्ध गण्डकी प्रदेशअन्तर्गत नेकपा निकट अखिल (क्रान्तिकारी) ले कलेजका गेटहरूमा राष्ट्रघाती एमसीसी सम्झौता खारेज गरौं, राष्ट्रिय स्वाधीनताको रक्षा गरौँ भन्ने नारासहित कालो ब्यानर टाँसेको छ ।

क्याम्पस जिल्ला पोखराअन्तर्गत त्रिभुवन विश्वविद्यालयको महत्वपूर्ण क्याम्पस पृथ्वीनारायण क्याम्पसको गेटमा कालो ब्यानर टाँसिएको जानकारी अखिल (क्रान्तिकारी) क्याम्पस जिल्लाका अध्यक्ष उपेन्द्र परियारले दिए । त्यस्तै कास्की जिल्लाको जनप्रिय क्याम्पसको गेटमा पनि सोही नारा ... बाँकी पृष्ठ ११ मा

## नेपाली जनप्रगतिशील मोर्चा युरोपले मनायो २७ औँ जनयुद्ध दिवस

**काठमाडौँ ।** नेपाली जनप्रगतिशील मोर्चा युरोपको आयोजनामा २७ औँ जनयुद्ध दिवस भव्यताका साथ सम्पन्न भएको छ । मोर्चाले आफ्नो स्थापनाकालदेखि नै नेपालको क्रान्तिकारी आन्दोलनप्रति ऐक्यबद्धता व्यक्त गर्दै आएको छ । उक्त कार्यक्रममा युरोपमा क्रियाशील नेपाली वैचारिक सङ्गठनका युरोपका नेताहरूले शुभकामना आदानप्रदान गरेका थिए ।

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य भेषराज भुसालले नेपाली जनयुद्धका उपलब्धिहरूलाई सचेत रूपमा न्यूनीकरण गर्ने प्रयास भइरहेको भन्दै त्यो आफूलाई ... बाँकी पृष्ठ ११ मा

### जनस्वास्थ्य सेवा केन्द्रमा २७ औँ जनयुद्ध दिवस

## सहिदका सपना पूरा गर्न बलिदानका लागि तयार छौँ : महासचिव विप्लव

■ **हेमन्तप्रकाश वली**/कपिलवस्तु

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले जनयुद्धमा बाँचेकाहरूले सहिदहरूको शपथ लिएर अन्तिमसम्म सहिदको सपनालाई बोकेर हिँड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । २७ औँ जनयुद्ध दिवसका अवसरमा नेकपा कपिलवस्तुद्वारा जनस्वास्थ्य सेवा केन्द्रमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा सम्बोधन गर्दै महासचिव विप्लवले उक्त कुरा बताएका हुन् ।

महासचिव विप्लवले अन्याय गर्न नहुने, अनाहकमा सताउन नहुने तर न्यायका पक्षमा सङ्घर्ष गर्नुपर्ने धारणा राखेका हुन् । उनले देशलाई थिच्न खोजे र जनतामाथि शोषण भए सहन नहुनेमा जोड दिए । 'हामीले हाम्रो तरिकाले पढ्न, लेख्न, स्वास्थ्यको सुविधा लिन पाउनुपर्छ र आधुनिक ढङ्गले काम गर्नु पाउनुपर्छ', महासचिव विप्लवले भने ।

जनताको आफ्नै शासन व्यवस्था स्थापित भएपछि विकास र समृद्धि धेरै परको कुरा नभएको महासचिव विप्लवको भनाइ थियो । उनले भने, 'अमेरिकाले ३०० वर्षमा गरेको विकास चीनले ३० वर्षमा गऱ्यो । विकास र समृद्धि जनताको आफ्नै शासन व्यवस्था हुँदा धेरै परको विषय होइन ।'

महासचिव विप्लवले जनताको राज्य नहुँदा जनताले दुःख पाइरहेको पनि बताए । महासचिव विप्लवले विजयको नजिक पुगेको जनयुद्धको सपना र चाहना पूरा हुन नसकेको बताए । नयाँ पुस्तालाई अपिल गर्दै विप्लवले भने, ' ... बाँकी पृष्ठ ११ मा

## कालीकोटमा जनयुद्ध दिवस भव्य रूपमा मनाइयो

**वसन्त विक**/कालीकोट

नेकपाले कालीकोटमा २७ औँ जनयुद्ध दिवस विविध कार्यक्रम गरी भव्यताका साथ मनाएको छ । नेकपाले जिल्लाभर विकेन्द्रित रूपमा नगरपालिका र गाउँपालिका स्तरमा जनयुद्ध दिवस मनाएको प्राप्त समाचारमा जनाइएको छ । जिल्लाका माल्कोट, रास्कोट, पचालझरना, खाडाचक्र, तिलागुफालगायत स्थानमा विभिन्न कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको हो ।

नेकपाले रास्कोट नगर समितिको आयोजनामा रास्कोट नगरपालिकामा जिल्लमा सबैभन्दा बढी सहिद भएको ठाउँ वडा नं. ९ चुत्रीकोटमा जनयुद्ध दिवस भव्य रूपमा मनाएको छ । नगर इन्चार्ज विशाखर जैसी 'किरण' को अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य तथा जुम्ला/कालीकोट जिल्ला इन्चार्ज कर्ण भण्डारी 'विराट' ले प्रमुख अतिथिका रुपमा सम्बोधन गरेका थिए ।

विराटले जनयुद्ध ... बाँकी पृष्ठ ११ मा

## उपत्यकाका तीन जिल्लाले संयुक्त रूपमा मनाए जनयुद्ध दिवस

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टी काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लाले संयुक्त रूपमा २७ औँ जनयुद्ध दिवस मनाएका छन् । काठमाडौँमा तीनवटै जिल्ला पार्टीले भव्य समारोहबीच जनयुद्ध दिवस मनाएका हुन् ।

कार्यक्रममा विभिन्न पार्टीका केन्द्रीय सदस्यहरू, जनवर्गीय सङ्गठनका अध्यक्ष तथा पदाधिकारी, पार्टीका जिल्ला समितिका सदस्य तथा जनसमुदायको उपस्थिति रहेको थियो । कार्यक्रममा अभियानबाट फर्किएका युवा सङ्गठनका नेताहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा एकआपसमा भाइचाराको सम्बन्ध स्थापित गर्न एकले अर्कालाई अबिर लगाएर शुभकामना आदानप्रदान गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि बेपत्ता परिवारका सदस्य तथा वरिष्ठ अधिवक्ता एकराज भण्डारीले पार्टीको विचार जनतासम्म पुऱ्याउनका लागि केही मौलिकता आवश्यक भएको बताए । जनयुद्धमा भएका विभिन्न घटनाहरूलाई अनुभूतिका रूपमा राख्दै उनले विश्वविद्यालयमा नपाइने ज्ञान जनतासँगको सामीप्यमा पाइने बताए । जनतासँग घुलमिल हुने नेताको चरित्र भएकाले त्यसलाई बिर्सन नहुने उनको सुझाव थियो । देशमा फेरि पनि क्रान्ति आवश्यक भएको भन्दै उनले निर्णायक क्रान्तिको वातावरण बन्दै गएको बताए ।

कार्यक्रममा काठमाडौँ जिल्ला इन्चार्ज माइला लामाले प्रचण्डका कारण जनयुद्ध असफल भएकाले यसलाई आफूहरूले निरन्तरता दिएको बताए । 'हामीले जनयुद्ध सुरु गर्दा केही सपनाहरू थिए । नौलो जनवाद, जनगणतन्त्र र समाजवाद हाम्रा मुख्य एजेण्डा थिए । पछि नेतृत्वका कारण पार्टीले ठूलो हार बेहोऱ्यो', उनले भने, 'यसको निरन्तरताका लागि विप्लवको नेतृत्वमा फेरि क्रान्ति सुरु भएको छ । हामी हाम्रो यो सपना ... बाँकी पृष्ठ ११ मा

## नेकपाले भव्यतापूर्वक देशभर मनायो २७ औँ जनयुद्ध दिवस

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले फागुन १ गते देशभर विभिन्न रचनात्मक कार्यक्रम आयोजना गरी भव्य रूपले २७ औँ जनयुद्ध दिवस मनाएको छ । नेकपाका ७७ वटै जिल्ला समिति, विभिन्न जवस, मोर्चा र विभागहरुले विभिन्न सिर्जनात्मक कार्यक्रम आयोजना गरी २७ औँ जनयुद्ध दिवस मनाएका हुन् ।

जनयुद्ध दिवसको पूर्वसन्ध्यामा नेकपाका महासचिव विप्लवले श्रमिक जनताको विजयलाई कसैले पनि रोक्न नसक्ने बताएका छन् । २७ औँ जनयुद्ध दिवसका अवसरमा जनयुद्धप्रति गौरव प्रकट गर्दै र महान् सहिद-बेपत्ता योद्धाप्रति विशेष स्मरण, सम्मान, श्रद्धा व्यक्त गर्दै महासचिव विप्लवले घाइतेहरूप्रति सम्मान, आमश्रमिक जनता, महान् सहिद-बेपत्ता योद्धा परिवारजनहरूप्रति गहिरो समवेदना व्यक्त गरेका छन् । महासचिव विप्लवले श्रमिक जनता, पार्टी नेता-कार्यकर्ता र मित्रहरूमा विशेष शुभकामना प्रदान गरेका छन् ।


२७ औँ जनयुद्ध दिवसमा वक्तव्य जारी गदै महासचिव विप्लवले भनेका छन्, 'महान् जनयुद्धको पहल भएको २७ वर्ष बितेको छ । यस जनयुद्ध दिवसको ऐतिहासिक अवसरमा जनयुद्धप्रति विशेष गौरव व्यक्त गर्न चाहन्छौँ । साथै महान् सहिद-बेपत्ता योद्धाप्रति विशेष स्मरण, सम्मान, श्रद्धा व्यक्त गर्न चाहन्छौँ । घाइतेहरूप्रति सम्मान व्यक्त गर्दछौँ । आमश्रमिक जनता, महान् सहिद-बेपत्ता योद्धा परिवारजनहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछौँ । श्रमिक जनता, पार्टी नेता-कार्यकर्ता, मित्रहरूमा विशेष शुभकामना आदानप्रदान गर्न चाहन्छौँ ।'

महासचिव विप्लवले जनयुद्धका उपलब्धि र पात्रहरूका सीमाका बारेमा चर्चा गर्दै वक्तव्यमा अगाडि भनेका छन्, 'जनयुद्धले नेपाली राजनीतिमा अभूतपूर्व प्रभाव र परिवर्तन ल्यायो । श्रमिक जनताले आफ्नो मुक्ति र राष्ट्रिय स्वाधीनताका लागि गरेको ऐतिहासिक विद्रोहले ... बाँकी पृष्ठ ११ मा

## महान् सहिद तथा बेपत्ता योद्धा परिवार र प्रतिबद्धता

**देश/परिवेश**

■ विप्लव



यतिबेला महान् जनयुद्ध र क्रान्तिका महान् सहिदहरूको स्मृतिमा सहिद सप्ताह चलिरहेको छ । हामी कार्यक्रममा छौँ र हामीसँगै सहिद तथा बेपत्ता योद्धा परिवारहरू उक्त कार्यक्रममा सहभागी बनिरहनुभएको छ । यतिबेला भावना पोखिरहनुभएको छ । पार्टीलाई निकै हृदयस्पर्शी सुझावहरू दिइरहनुभएको छ । त्यसमध्ये केही सुझाव सबैका साझा रहेका छन् जसमध्ये सहिद र बेपत्ता योद्धाहरू सपना पूरा होस्, क्रान्ति पूरा होस्, धोका नहोस्, जनताको सत्ता प्राप्त होस् । नेपाली जनताले अधिकार पाऊन् र देश स्वाधीन बनोस् ।

निःसन्देह यी सुझावहरू पूर्ण रूपले सही छन् । यहाँ भावना मात्र छैन, सही विचार र दायित्वबोध पनि छ । हामी आदरणीय सहिद र बेपत्ता योद्धा परिवारका साथै, घाइते योद्धाहरूलाई विशेष सम्मान र अभिनन्दन गर्दछौँ । यस्ता कार्यक्रममा भाग लिने जो-कोहीले सहज जबाफ दिन्छन्, हामी सहिदका सपना पूरा गर्नेछौँ । हामीले सपना भुलेका छैनौँ । सहिदहरू महान् छन् । सहिद परिवारहरू आदरणीय हुन् र हुनुपर्दछ । हामीले पनि विनम्र भाव र गर्वका साथ भन्छौँ । उसो भए सहिदका सपना के थिए त ? ती कहाँनेर गएर अड्किएका छन् ? तिनलाई वास्तविक अर्थमा कसरी पूरा गर्न सकिन्छ ? पूरा गर्ने हो भने सहिद तथा बेपत्ता योद्धा परिवारको साथ र सहयोग कसलाई रहन्छ ?

हाम्रो विचारमा सहिदका सपनाहरू मुख्यतः निम्न थिए :

१. आजको पुँजीवादी, दलाल पुँजीवादी, संसद्वादी समाजलाई परिवर्तन गर्नु ।

२. देशमा नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद स्थापना गर्नु ।

३. जनतालाई अधिकार-सम्पन्न बनाउनु ।

४. देशलाई स्वाधीन बनाउनु ।

५. विश्वका जनताको मुक्ति आन्दोलनलाई सहयोग पुऱ्याउनु ।

यी सपना महान् सपना हुन् । यसैका लागि हजारौँ हजार योद्धाहरूले आफ्नो जीवनलाई खुसीका साथ बलिदान गर्नुभयो । सहिदहरूले सपनाका लागि जीवन दिनुभयो । सहिदहरूको इमानदारी र महानता यो धरतीमा मानव-जाति रहेसम्म अमर रहनेछ । यसलाई कसैले पनि न होच्याउन सक्नेछ, न त मेट्न नै सक्नेछ । सहिदहरूले सूर्यको प्रकाश जस्तो उज्यालो छरिरहने छन् ।

तर सबैलाई ज्ञान छ, हाम्रो देश महान् सहिदहरूको सपनाअनुरूप परिवर्तन हुन सकेको छैन । आज पनि देशमा दलाल पुँजीवादी संसदीय व्यवस्था चल्न खोज्दैछ । सहिदहरूको त्यागमा खरानी हुँदै गइरहेको प्रतिक्रियावादी पुनर्जीवित हुन खोज्दैछ । महान् सहिदको छातीमा गोली दाग्नेहरू र क्रान्तिलाई आतङ्कवाद भन्नेहरूले नै परिवर्तन, लोकतन्त्र र समृद्धिको भाषण गरिरहेका छन् । उनीहरूले देशलाई बेच्दै स्वाधीनताको ... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# २७ औँ जनयुद्ध दिवस र महासचिवको प्रतिबद्धता

सर्वप्रथम सम्पूर्ण उत्पीडित नेपाली जनतामा २७ औँ जनयुद्ध दिवसको हार्दिक रक्तिम शुभकामना व्यक्त गर्दछौँ ! महान् जनयुद्ध, एकीकृत जनक्रान्तिलगायत सबै किसिमका वर्गसङ्घर्षमा बलिदान गर्ने महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ । वर्गसङ्घर्षका क्रममा राज्यद्वारा बेपत्ता पारिएका योद्धाहरू, घाइते-अपाङ्ग योद्धाहरूप्रति सम्मान व्यक्त गर्दछौँ र जनयुद्ध र जनक्रान्तिमा लामबद्ध क्रान्तिकारी जनसमुदायमा २७ औँ जनयुद्ध दिवसको हार्दिक शुभकामना प्रदान गर्दछौँ ।

नेपालका श्रमिक-उत्पीडित जनताले इतिहासमै पहिलोपटक नेकपा (माओवादी) को नेतृत्वमा दीर्घकालीन जनयुद्ध आरम्भ गरेको २७ वर्ष लागेको छ । सामन्ती दासता, पुँजीवादी शोषण-उत्पीडन, साम्राज्यवादी दोहन र सबैखाले विभेदबाट मुक्तिका लागि हतियार उठाएको २६ वर्ष पूरा भएर २७ वर्ष लागेको सन्दर्भमा यो महान् दिवसप्रति नेपाली श्रमिक सर्वहारा जनताले विशेष गौरव मान्नुपर्छ र जनयुद्धमा व्यक्त प्रतिबद्धताप्रति सदा इमानदार रहने प्रतिबद्धता व्यक्त गर्नुपर्छ । २७ औँ जनयुद्ध दिवसका अवसरमा नेकपाका महासचिव कमरेड विप्लवले दिएको शुभकामना सन्देशमा व्यक्त जनयुद्ध दिवसप्रति गौरव गर्नुपर्ने सन्देश अत्यन्त महत्वपूर्ण छ । जनयुद्धका भगौडा, दलाल र गद्दारहरूले जनयुद्धप्रति धोका र बेइमानी गरेर जनयुद्ध लड्दालड्दै बलिदान गर्ने सहिद, बेपत्ता योद्धा र घाइते-अपाङ्ग योद्धाहरूको अतुलनीय योगदानप्रति ग्लानि र पश्चाताप गर्नुपर्ने अवस्था उत्पन्न गराएका छन् । नेपाल देश र नेपालका श्रमिक सर्वहारा वर्गको मुक्तिका लागि गरिएको पहल र बलिदान महान् थियो, महान् छ र महान् रहिरहनेछ । यसप्रति ग्लानि होइन, गर्व गर्नुपर्छ ।

नेकपाका महासचिव विप्लवले जनयुद्ध दिवसप्रति गर्व गर्नुपर्ने बताउँदै भनेका छन्, 'महान् जनयुद्धको पहल भएको २७ वर्ष बितेको छ । जनयुद्ध दिवसको यस ऐतिहासिक अवसरमा जनयुद्धप्रति विशेष गौरव व्यक्त गर्न चाहन्छौँ ।'

महासचिव विप्लवले जनयुद्धले नेपाली राजनीतिमा अभूतपूर्व प्रभाव र परिवर्तन ल्याएको र श्रमिक जनताले आफ्नो मुक्ति र राष्ट्रिय स्वाधीनताका लागि गरेको ऐतिहासिक विद्रोहले पहिलोपटक जनताको सत्ता, जनताको सेना, जनताको न्यायालय, शिक्षा, स्वास्थ्य, अर्थसम्बन्धहरू निर्माण गर्न सफल भएको उल्लेख गर्दै प्रचण्ड-बाबुरामलगायत नेताहरूको विचलनका कारण जनयुद्ध अपूर्णतामा टुङ्गिएको यथार्थ पनि प्रस्ट पारेका छन् । जनयुद्धको मूल नेतृत्व दाबी गरिरहेका भगौडाहरूका कारण जनयुद्ध अपूर्णतामै रोकिएको थियो । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले अहिले जनयुद्धलाई भिन्न स्वरूपमा एकीकृत जनक्रान्तिका रूपमा अघि बढाइरहेको छ । नेपाली श्रमिक जनताले यसमा पनि गौरव र गर्व गर्नुपर्छ र क्रान्तिलाई वैज्ञानिक समाजवादसम्म पुर्‍याएर साम्यवादुसम्म लग्ने प्रतिबद्धता व्यक्त गर्नुपर्छ ।

वास्तवमै जनयुद्ध महान् थियो । एतिहासिक थियो । नेपालको वर्गसङ्घर्षको इतिहासमा यो गर्व गर्नलायक जनताको युद्ध थियो । नेपालका विपन्न, श्रमिक, महिला, दलित-उत्पीडित, मधेसी, दुर्गम क्षेत्रका जनता व्यक्ति स्वार्थबाट माथि उठेर वर्गमुक्तिका लागि जनयुद्धमा लामबद्ध बनेका थिए । जनयुद्धमा दस हजारको सङ्ख्यामा योद्धाहरूको बलिदान भयो । हजारौँ योद्धाहरू अझै बेपत्ता छन् । जनताको योगदान र बलिदानकै कारण मुलुकको अधिकांश भूभाग र भावना माओवादी जनसत्तामय बनेको थियो । त्यसका लागि दसौँ हजार योद्धाहरूले शरीरमा गोली थापेका थिए र अहिले पनि शरीरमा गोली बोकेर घाइते जीवन बिताइरहेका छन् । केही व्यक्तिको स्वार्थका कारण जनताको त्यति ठूलो त्याग, शौर्य र बलिदानपछि पनि जनताका समस्याहरू समाधान हुन सकेनन् । जनताको सत्ता, सेना, न्यायालय सबै विघटन गरेर दुस्मनको पाउमा सुम्पियो । जनगणतन्त्रका लागि भएको जनयुद्धलाई 'बिहारी' गणतन्त्रमा सीमित गरियो । सामन्तवादी सत्ताको अन्त्य गरी नयाँ जनवादी गणतन्त्र नेपाल स्थापना गर्ने र मुलुकलाई वैज्ञानिक समाजवादसम्म पुर्‍याउने लक्ष्यका साथ आरम्भ गरिएको जनयुद्धमाथि कुठाराघात भएपछि दलाल पुँजीवाद हाबी भयो । फलस्वरूप मुलुकमा दलाल पुँजीवादी सत्ता र श्रमिक जनताबीचको सङ्घर्ष तीव्र बन्दै गएको छ । मुलुकमा दलाल पुँजीवादी शक्ति हाबी भएपछि राष्ट्रियता, जनतन्त्र, जनजीविकाका विषयहरू सङ्कटमा परेका छन् । मुलुकमाथि एमसीसीजस्तो राष्ट्रघाती सम्झौता संसद्बाट पारित गर्ने षड्यन्त्र गरिएको छ । नेकपालगायत पाँच दल र एक मोर्चाले राष्ट्रघाती दलहरूले संसद्मा एमसीसी सम्झौता टेबुल गर्न लागिएको राष्ट्रघाती कदमविरुद्ध नेपाल बन्द आह्वान गरेका छन् । नेपाली जनताले विगतमा झैँ राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आन्दोलनमा सघाउने र राष्ट्रघातीहरूलाई जनकारबाही गर्न अग्रसरता लिनेमा देशभक्तहरूका साथै क्रान्तिकारी शक्तिहरू विश्वस्त छन् ।

दलाल पुँजीवादी सत्ता राष्ट्रघात, जनघात, भ्रष्टाचारमा चुर्लुम्म डुब्दै बदनाम बनेको छ । राष्ट्रघाती सत्ता नेपाली जनताको आँखाको तारो बनेको छ । दलाल पुँजीवादी सत्ता र संसद्वादी तत्वहरू आफ्नो राष्ट्रघाती, जनघाती कदमका कारण सङ्कटग्रस्त बनेका छन् । नेपाली देशभक्त तथा क्रान्तिकारी जनता यो दलाल पुँजीवादी व्यवस्थाको भरपर्दो विकल्प खोजिरहेका छन् । नेकपाले जनताको भावना र देशको आवश्यकताबोध गर्दै एकीकृत जनक्रान्तिको कार्यदिशा विकास गरेर जनमतसङ्ग्रहको माध्यमबाट दलाल पुँजीवादी सत्ताको विकल्पमा वैज्ञानिक समाजवाद अघि सारेको छ र जनमतसङ्ग्रहबाटै यो दलाल पुँजीवादी सत्तालाई जनताले मिल्काइदिने विश्वास अघि सारेको छ ।

नेपालको दलाल पुँजीवादी सत्तामा सङ्कट छ भन्ने विषय यो व्यवस्थाले स्वीकार गरिसकेको छ । नेकपा र पूर्ववर्ती केपी वलीको सरकारबीच गतवर्ष फागुन २१ गते भएको ३ बुँदे सहमतिमा वार्ताका माध्यमबाट यो व्यवस्थाको सङ्कट समाधान गर्ने सहमति भए पनि वर्तमान शेरबहादुर देउवा नेतृत्वको राष्ट्रघाती सरकारले सहमति कार्यान्वयन गर्न आलटाल गरेको छ । आज पनि नेकपाका सयौँ कार्यकर्ता अन्यायपूर्वक जेलजीवन व्यतीत गरिरहेका छन् । फलस्वरूप व्यवस्थाको सङ्कट समाधान गर्ने विषयमा वार्ता र छलफलसमेत अघि बढ्न सकेको छैन । जनयुद्ध दिवसका अवसरमा हामी पुरानो सत्ताका पक्षधरहरुलाई सद्बुद्धि फिरोस् भन्ने अपेक्षा गर्दछौँ । अन्यथा राष्ट्रघाती एमसीसी सम्झौतासँगै पश्चगामी शक्तिहरूको समाप्ति कसैले रोक्न सक्नेछैन ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# रगतले लेखिएको इतिहास जारी छ



हेमन्तप्रकाश ओली 'सुदर्शन'

मैले एकजना कम्युनिस्ट योद्धा विजय घलेको सम्झनामा जनयुद्धको एक वर्षपछि २०५३ साल फागुन १४ र २१ को जनादेश साप्ताहिकमा प्रकाशित संस्मरणात्मक आलेखमा लेखेको थिएँ, 'त्यो प्यारो !, दृढ र हँसिलो, गोल-गोल मङ्गोल अनुहारसँग पोहोर साल यतिबेला त्यही रगतले लेखिने इतिहासको गीत गाउँदै जनयुद्धको उद्घाटन गर्न तयारी गर्दै थियौँ तर अहिले तिमी भौतिक रूपमा हामीसँग छैनौ । इतिहासको अग्रगामी धारामा वैरीहरूसँग लड्दालड्दै मैदानमा खसेको रातो झोला हामीले काँधमा उठाएर अन्तिम श्रद्धाञ्जली र सलामी अर्पण गर्दै महान् यात्रा पूरा गर्ने कसम खाएका छौँ । तिमी सिस्ने र जलजला पहाड भएर उभिएका छौ । दुस्मन मृत्यु शैयूयामा छट्पटाइरहेको छ ।' आज आएर फेरि भन्नुपर्ने भएको छ- क. विजय घले, क. दीर्घ, क. तीर्थ गौतम, क. शेरमान, क. सुनिल, क. लली, क. वासु, क. रीतबहादुर, क. सपना, क. दिलमायालगायत दस हजारभन्दा बढी नेपाली जनताका सर्वोत्तम छोराछोरीहरू ! तपाईंहरूको रगतमाथि खडा भएको वैज्ञानिक समाजवादको धरोहर गद्दार प्रचण्ड र बाबुरामहरूले खरानी बनाउने दुस्साहस गर्दै जनयुद्धको विसर्जन गरेका थिए । तिम्रो सपनाको हत्या गर्ने ती साइलकहरूलाई तिमीहरूको सालिकमाथि फूल चढाउने सहिद-स्मारकभन्दा दायाँतिरको खोल्सामा नाक थुन्दै र पिच्च थुक्दै जाने चिहान बनाउन हामीले क्रान्ति जारी राखेका छौँ । तपाईंहरूले मैदानमा खसालेको रातो झोला र एके सत्चालीस हाम्रो काँधमा छ । तिमीहरू सगरमाथा भएर उभिएका छौ र दुस्मन मृत्युशैयूयामा छट्पटाउँदैछ । सहिद र वेपत्ता योद्धाका परिवारजनहरू ! हामी चौबीसौँ जनयुद्ध दिवसका अवसरमा तपाईंहरूसँगै काँधमा-काँध, हातमा-हात मिलाएर वैज्ञानिक समाजवादी जनगणतन्त्र प्राप्त गर्न क्रान्तिको नयाँ मोडेल एकीकृत जनक्रान्तिका लागि पङ्क्तिबद्ध भएर अघि बढ्ने प्रतिज्ञा गर्दछौँ । तपाईंहरूका प्रियजनहरूको रगतमाथि होली खेल्ने र तपाईंहरूको आँसु र पसिनाको आहालमाथि डुबुल्की मार्ने प्रचण्ड, बाबुराम, बादल र नारायणकाजीहरू जनयुद्धको बध गर्न कस्सिएका कसाईहरू केपी ओली र माधव नेपालसँग मिल्न गएका छन् । अमेरिकाली साम्राज्यवादको दक्षिणकोरियामा रखबारी गर्ने कुत्ता हक जा हानमुनका 'होली वाइन' (पवित्र जाँड) चाखेर उनीहरूले नेपाली 'सैतानहरू' (क्रान्तिकारीहरू) लाई सखाप पार्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सहिद परिवारजन ! यी राक्षसहरूलाई होइन त तपाईंहरूले आफ्नो खाँदाखाँदै गरेको गाँस र सुत्न थालेको न्यानो ओछ्यान दिएर पालानपोषण गरेको ? इतिहासले उनीहरूलाई अपराधी घोषणा गरेको छ, सहिद परिवारजन र नेपाली श्रमजीवी तथा उत्पीडित जनताले सजाय दिने नै छन् । सहिद परिवारजन र श्रमजीवी तथा उत्पीडित जनगण ! सहिदहरूले मनमस्तिष्कभरि महान् सपनाहरू सजाएका थिए । उनीहरूका सपना व्यक्तिगत थिएनन् । उनीहरूले आँखाभरि आँसु र मुटुभरि वेदना भरिएका शोषित-उत्पीडित जनताको सपना देखेका थिए । मानिसहरूद्वारा मानिसहरूको शोषणको अन्त्य भएको एउटा स्वच्छ हावा बहने गाउँ वा सहर होस् । गाउँ र सहरका मानिसहरूको श्रम सबैको कर्तव्य बनोस् र श्रमले मुक्ति पाओस् । यसले गर्दा गाउँ र सहरको, शारीरिक श्रम र मानसिक श्रमका बीचको भेदभाव हट्दै जाओस् । गाउँ वा सहरको मास्तिर लटरम्म स्याउ, नास्पाती, किबी र अङ्गुरहरू फलून् अनि गाउँ वा सहरको तलतिर फाँटहरूमा झपक्क धान, गहुँ र तोरीका बालाहरू झुलून् । सहर र गाउँभन्दा केही किलोमिटर पर नदीको किनारमा वा जङ्गलको छेउमा वैज्ञानिक ढङ्गले कारखानाहरू चलून्, बच्चाबच्चीहरूका लागि हरेक घरमा दुग्धशालामा जोडिएका पाइपबाट आवश्यक दूध आओस् । सहर र गाउँका बीचमा निकुञ्ज होऊन् । सुन्दर काठमाडौँ र पोखरा उपत्यकालाई कुरूप बनाउने भूमाफियामाथि अपराधी घोषणा गरेर जनअदालतमा बुझाइयोस् । काठमाडौँको बीच भागमा समग्र देशको जनप्रशासनिक निकाय होस् । त्यसको बाहिर हरित पेटी र त्यसका बीचबीचबाट विभिन्न प्रशासनिक निकायमा छिर्ने बाटाहरू, त्यसबाहिर निश्चित दूरीमा राखिएका घरहरूमा बजार । यो चक्रपछि फेरि चक्रपथ होस् र हरित चक्र र फेरि बजार । बीचबीचमा मानव जातिको सुविधाका लागि निकुञ्ज । यसरी नै तराईको उर्वर भूमि भूमाफियाको हातमा नजाओस् । त्यहाँ बजार र उत्पादन क्षेत्र छुट्ट्याइयोस् । देशका हरेक सहर र गाउँ धुवाँ-धुलोरहित होऊन् । कतै कोही रुने र कोही हाँस्ने स्थिति नबनोस् । कसैले मस्तीसँग लुटेर खाने र कोही रगत-पसिना बगाउँदा पनि कुपोषणले मर्ने स्थिति नबनोस् । हरेक मानिसले आफ्नो योग्यताअनुसार काम गरोस् र आवश्यकताअनुसार लैजाओस् । गाँस, बास, कपासको मात्र होइन, शिक्षा, स्वास्थ्य, रोजगार र सञ्चारको समस्या कुनै टाउकोदुःखाइको विषय नहोस् । गाउँ-सहरको मास्तिर फल्ने स्याउजस्तै गाला भएका मानिस होऊन् र गाउँ र सहरको तल फाँटमा झुलेका अन्नबालीजस्तै खुसी जनगण होऊन् । यही सपना बोकेर उनीहरूले दस वर्षको गौरवमय हतिहासका हरेक मोर्चामा बलिदान गरेका थिए । उनीहरूले त्यो बलिदान जुन सत्ताका विरुद्ध विद्रोह गर्दा गरेका थिए त्यसैमा आँखा चिम्लेर हाम्फाल्नका लागि होइन । एउटा भौतिकवादी कम्युनिस्ट क्रिस्चियन भएर डलर पाउने रूढिवादी आदर्शवादको चाकर बन्नका लागि होइन । उनीहरू द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको विजयका लागि र अधिभूतवादी आदर्शवादको पराजयका लागि लडेका थिए । ती सहिद योद्धाहरूले दह्रोसँग समातेका बन्दुकहरूमा गोलीको म्यागेजिन मात्र थिएन, दिमागमा मार्क्सवाद-लेनिनवाद-माओवादको म्यागेजिन पनि जोडिएको थियो । त्यसकारण जनयुद्धमा बन्दुकको मोहरीबाट विध्वंशक गोली मात्र निस्केका थिएनन्, बरु सिर्जनाका फूलहरू फुलेका थिए । कविता, गीत र उपन्यासहरू लेखिएका थिए । नयाँ विद्यालयहरू खुलेका थिए । होलेरीदेखि थबाङसम्म सहिद मार्ग खनिएको थियो । रोल्पाको घोर्नेटीमा जननमुना अस्पताल बनेको थियो । त्यो यात्रा जारी छ । एकीकृत जनक्रान्तिका बन्दुकहरूले खुलालु-मालकोट- रूपसाको बाटो बनाउँदैछन् । थबाङमा भव्य इमारत खडा भएको छ । च्यात्रामा स्कुल बन्दैछ । सर्लाहीको हजारियामा सल्लाहकार सचिव चित्रबहादुर आलेको घर । जनयुद्धमा जसरी नयाँ विचारधारा, नयाँ सस्कृति, नयाँ चालचलन र रीतिरिबाजको विकास हुँदै थियो त्यसरी नै हामी त्यसको विकास गर्दैछौँ । हाम्रा बन्दुकहरूले समाजवाद ल्याउने मात्र होइन, समाजवाद टिकाउने विचारधारा विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् । खबरदार, धोकेबाज प्रचण्डहरू फेरि 'ठूलो माओवादी आन्दोलन हुनसक्छ' भनेर हाम्रा बन्दुकहरूलाई नगदीकरण गर्ने षड्यन्त्र नगर । तिम्रा सबै कर्तुतहरू हामीलाई राम्रोसँग थाहा छ । जनयुद्धको ब्याज खाँदै एकीकृत जनक्रान्तिको नगदीकरण गरी तिमी केपी ओलीलाई तर्साएर भारतको आडमा प्रधानमन्त्री बन्ने दुस्साहस नगर । भेनेजुएलाका मडुरोलाई समर्थन गरेर भारतको आड लिने र चिनियाँ विश्वास जित्ने कल्पना नगर । भारतका मोदी र चीनका सी चिन फिङ तिमीभन्दा धेरै बाठा छन् । आदरणीय सहिद तथा बेपत्ता योद्धा परिवारजन र घाइते-अपाङ्ग योद्धाहरू, जनयुद्धले हामीलाई बन्दुकबाट छुट्टी पाउन बन्दुक उठाउनै पर्छ भन्ने माओको भनाइलाई पुष्टि गरेको छ । उत्पीडित जनसमुदायको कुनै पनि सदस्यले बन्दुक चलाउने कला नसिकीकन र बन्दुक उठाउने साहस नगरीकन मुक्ति प्राप्त गर्न चाहन्छ भने त्यो दास हुन लायक हुन्छ । संसदीय चुनावबाट न कुनै उत्पीडित वर्गको सदस्य मुक्त हुनसक्छ, न त उत्पीडित वर्गको सत्ता प्राप्त हुन्छ । बरु पार्टीले बन्दुक चलाउनुपर्छ र बन्दुकले पार्टी चलाउन हुँदैन भन्ने कुरामा हामी स्पष्ट हुनुपर्छ । क्रान्तिकारी भनेको त्यो हो जसले बन्दुक लिएर समाज रूपान्तरण गर्दछ । बन्दुक लिएर जसले उत्पीडित वर्गको शोषण, दमन र अत्याचार गर्दछ त्यो शोषक वर्ग हो । यही कुरा आज केपी ओली र पीके दाहालले गरिरहेका छन् । उनीहरूले बन्दुक लिएर तस्करी, भ्रष्टाचार र बलात्कार गरिरहेका छन् । त्यसकारण बन्दुक उठाउँदैमा कोही पनि क्रान्तिकारी हुँदैन । वर्गदृष्टिकोणसहितको बन्दुक मात्र सार्थक हुन्छ । हामी हाम्रा कमरेडहरूलाई दस वर्षको गौरवमय इतिहासमा देशका गाउँ-बस्ती र कुनाकन्दरामा दफनाएर आएका छौँ । त्रिवेणी, बेथान, घोराही, अछाम, सल्लेरी, स्याङ्जा, सतीपोले, गाम, चित्रेभन्ज्याङ, बेनीबजार जुम्ला, सन्धिखर्क, ठाकुरद्वारा आदि ब्यारेकहरूमाथि हमला गर्दा विजय र पराजय दुवैका लागि वीरहरूलाई छोडेर आएका छौँ । हामीले मालेमावादको मार्गनिर्देशनमा सहिदहरूको रगतले सिँचिएको एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादको विकास गरेका छौँ । यसलाई लागू गर्नु नै सहिदहरूको सपना साकार पार्नु हो । हामी जनयुद्धको २४ औँ वार्षिकोत्वका अवसरमा सहिदको सपना साकार पार्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

# रामेछापमा र्‍याली र अबिरजात्रासहित २७ औँ जनयुद्ध दिवस मनाइयो

मन्थली (रामेछाप)

नेकपा रामेछापले जिल्ला सदरमुकाम मन्थलीमा र्‍याली र प्रदर्शन गर्दै २७ औँ जनयुद्ध दिवस मनाएको छ । पार्टी कार्यालयबाट निस्केको नेकपा रामेछापका नेता-कार्यकर्ता, जवस र मोर्चा सम्बद्ध ५० भन्दा बढी क्रान्तिकारीहरूको जुलुस २७ औँ जनयुद्ध दिवस सफल पारौँ, एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद जिन्दावाद, राष्ट्रघाती एमसीसी मुर्दावाद, दलाल पुँजीवादी संसदीय व्यवस्था मुर्दावादलगायत नारा लगाउँदै जिविसचोक, नगरपालिकाचोक, प्रशासनचोक, देवकोटाचोकलगायत क्षेत्रको परिक्रमापछि पुनः पार्टी कार्यालयमा फर्केर सभामा परिणत भएएको थियो ।

मन्थलीमै आयोजित २७ औँ जनयुद्ध दिवसलाई सम्बोधन गर्दै नेकपाका केन्द्रीय सदस्य एवम् रामेछाप-सिन्धुली इन्चार्ज भरत बम 'रणवीर' ले जनयुद्ध जारी रहेको बताए । प्रमुख अतिथि रणवीरले भने, 'प्रतिक्रियावादी राज्यसत्ता अन्त्य गर्ने उद्देश्य लिएर २७ वर्षअघि सुरु भएको जनयुद्धलाई केही अगुवाहरूले धोका दिए पनि कमरेड विप्लवको नेतृत्वमा एकीकृत जनक्रान्तिका रूपमा यो जारी छ ।'

अमेरिकी साम्राज्यवादले लाद्ने षड्यन्त्र गरेको राष्ट्रघाती परियोजना एमसीसीले सङ्कट ल्याउने निष्कर्ष प्रस्तुत गर्दै नेता रणवीरले भने, 'एमसीसी लादियो भने तेस्रो राष्ट्रिय मुक्तियुद्ध सुरु हुन्छ । त्यसको नेतृत्व नेकपाले गर्छ । देशभक्त र क्रान्तिकारी शक्ति नेकपाको नेतृत्वमा लडिने मुक्तियुद्धमा सामेल हुन्छन् । त्यसपछि वैज्ञानिक समाजवाद स्थापना हुन्छ ।'

एमसीसी पक्षधर दलालहरूको नामावली टिपेर राख्न र तिनीहरूका विरुद्ध जनकारबाही गर्नका लागि तयार रहन पनि नेता रणवीरले पार्टीका नेता-कार्यकर्तालाई निर्देशन गरे । एमसीसी राष्ट्रघाती सम्झौता हो भन्ने जान्दाजान्दै पारित गर्न लागेका राष्ट्रघातीहरूलाई जनकारबाही गर्दा त्यो राष्ट्रियता र समाजवादका पक्षमा हुने नेता रणवीरले बताए ।

कार्यक्रमका अतिथि अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव तथा रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदीले नेपालका हरेक जनक्रान्तिमा अगुवाहरूले धोका दिएका उदाहरण प्रस्तुत गर्दै एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद स्थापनाका लागि जारी एकीकृत जनक्रान्तिमा त्यस्तो नहुने विश्वास व्यक्त गरे । उनले दलाल पुँजीवादी राज्य व्यवस्थाविरुद्ध विस्फोट हुन पनि आह्वान गरे । महान् जनयुद्धले सम्पूर्ण उपेक्षित-उत्पीडित वर्ग र समुदायका साथै राष्ट्रको पनि मुक्तिको सपना देखाएको तर प्रचण्ड-बाबुरामलगायत केही धोकेबाजहरूले क्रान्तिको झन्डा बीचैमा फलेर भागे पनि विप्लवले त्यसलाई एकीकृत जनक्रान्तिका पक्षमा उठाएको र विजयको निकट पुर्‍याएको प्रस्ट पारे ।

नेकपा रोमछापका सेक्रेटरी इन्द्र श्रेष्ठको अध्यक्षता तथा सञ्चालनमा सम्पन्न कार्यक्रममा अखिल नेपाल जनसांस्कृतिक महासङ्घका कार्यालय सदस्य एवम् लोककलाकार सङ्घका संयोजक ढुण्डीराज अधिकारीले क्रान्तिकारी गीतले स्वागत गरेका थिए । कार्यक्रममा नेकपा रामेछापका जनपरिषद् प्रमुख जितबहादुर मगर, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी रामेछापकी संयोजक सीता गौतम, युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य एवम् रामेछाप अध्यक्ष शङ्कर भुजेल, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य एवम् सिन्धुली-काभ्रे इन्चार्ज मिमबहादुर ऐडी, शिक्षक सङ्गठनका केन्द्रीय सदस्य विनोद सुवेदीलगायतले जनयुद्धका सपनाहरू अलपत्र पारेर छोड्ने गद्दारदेखि प्रतिक्रियावादी कित्तामा गएका सबै शक्तिका विरुद्ध देश र श्रमिक जनताका पक्षधर शक्तिहरू लागिपर्नुपर्ने धारणा राखेका थिए ।

# मार्क्सवादी साहित्यमा जनयुद्धको योगदान


अनिल शर्मा

नेपालको मार्क्सवादी साहित्यमा जनयुद्धले गहिरो छाप र योगदान पुऱ्याएको छ । नेपालमा मार्क्सवादी विश्वदृष्टिकोणमा टेकेर गरिने जनपक्षीय तथा देशभक्तिपूर्ण साहित्यलाई प्रगतिवादी साहित्य भन्ने गरिएको छ। भारतमा मार्क्सवादी साहित्यलाई प्रगतिवादी साहित्य भनिएको र त्यसैको प्रभावस्वरूप नेपालमा पनि मार्क्सवादी साहित्यलाई 'प्रगतिवादी' पदावली प्रयोग गरिएको छ। प्रगतिवादी साहित्यको नाममा सामाजिक दलाल पुँजीवादी प्रवृत्तिको जगजगी भएको आजको परिस्थितिमा 'प्रगतिवादी' जस्तो अमूर्त पदावली भन्दा 'मार्क्सवादी' साहित्य प्रयोग गर्नु नै उचित हुन्छ। यहाँ महान् जनयुद्धको योगदान नेपालको मार्क्सवादी साहित्यमा कस्तो पऱ्यो भन्ने सन्दर्भमा सङ्क्षिप्त चर्चा गरिनेछ।

नेकपाको स्थापना २००६ सालमा भयो । त्यसयतादेखि नै नेपाली क्रान्तिको लागि विभिन्न समय र स्थानमा प्रयासहरू भएका छन्। जनसङ्घर्ष र वर्गसङ्घर्षको लामो इतिहास छ । अनेकौं जनविद्रोह र बलिदान भएका छन् । नेपालको जनयुद्ध नेपालका सबै जनसङ्घर्ष र वर्गसङ्घर्षको निरन्तरता र उत्कर्ष हो । यो आकस्मिक घटना थिएन । देशीय प्रतिक्रियावाद र साम्राज्यवादको अथाह अपमान, ज्यादती, शोषण, राष्ट्रघात, हत्या र आतङ्कको विरुद्ध योजनाबद्ध र कष्टसाध्य प्रतिरोध युद्ध थियो । त्यही प्रतिरोध युद्धको एक पोयोका रूपमा अर्थात् निश्चित राजनीतिक लक्ष्यको पूर्तिका लागि विचारधारात्मक सङ्घर्षको प्रभावकारी साधनका रूपमा कला, साहित्य र संस्कृतिले ऐतिहासिक भूमिका निर्वाह गरेको छ।

२०४६ सालमा जनताले गणतन्त्र नेपालको माग गर्दै सडकमा उत्रिए । चैत २४ गते जनता सीधै गणतन्त्रको माग गर्दै राजदरबारको विरुद्ध उत्रिए । राष्ट्रिय जनआन्दोलन संयोजन समितिको आयोजनामा सो दिन नेपाल बन्दको आयोजना गरिएको थियो। त्यस दिन वाममोर्चा र काङ्ग्रेसको कुनै कार्यक्रम थिएन, न त लाखौँ जनता विद्रोहमा उत्रिँदा उनीहरूसँग कुनै दृष्टिकोण र योजना नै थियो। वाममोर्चा र काङ्ग्रेसको कार्यक्रमबाट जनता बाहिर गइसकेको अवस्थामा कर्फ्यू लगाएर राजदरबारमा राजा, काङ्ग्रेस र वाममोर्चाको बीचमा धोकापूर्ण सम्झौता भयो। आन्दोलनकारी शक्तिहरू विभाजित भएको हुनाले जनआन्दोलनको राप सेलाउन गयो। जनआन्दोलनको राय घट्दै सेलाउँदै जाने क्रममा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू बढ्दै गए। जनआन्दोलनमाथि धोका भएको महसुस हुँदै गयो । माओवादी धाराका पार्टीहरू संगठित भए। आत्मगत तयारीको अभावमा जनआन्दोलन धोकामा टुङ्ग्याउन दलाल पुँजीवाद र संशोधनवाद सफल भएको मर्मबोध गरियो । चारओटा क्रान्तिकारी शक्तिहरूको बीचमा एकीकरण भई नेकपा (एकताकेन्द्र) बन्यो । त्यसको वैधानिक मोर्चा संयुक्त जनमोर्चा, नेपालको आयोजनामा २०४८ सालमा देशव्यापी जनसङ्घर्ष आह्वान गरियो । चैत २४ गते नेपाल बन्दको कार्यक्रम थियो। चैत २३ गते काठमाडौँको राँके जुलुसमा हजारौँ नागरिक उपस्थित भए । सो जुलुसमा सर्वसाधारणको ठूलो सङ्ख्यामा उपस्थिति थियो। नेपाल बन्दको अघिल्लो दिन नै सरकारले अनाहकमा गोली चलायो । दर्जनौँ नागरिकको हत्या भयो । सरकारले घटनाको छानबिनसम्म गरेन । २०४६ सालमा धोकापूर्ण सम्झौता गरिनु र २०४८ सालको शान्तिपूर्ण जनसङ्घर्षलाई दमन गरे पनि तत्कालीन नेकपा (एकता केन्द्र) सशस्त्र सङ्घर्षमा जाने निर्णय गऱ्यो। त्यसपछि सो विचार र राजनीतिसँग सहमत लेखक-कलाकारहरूले जनयुद्धको पक्षमा पैरवी गर्न थाले।

सशस्त्र युद्धमार्फत क्रान्ति सम्पन्न गर्नुको विकल्प नरहेको धारणाबाट प्रभावित भएर लेखन प्रक्रिया त्यसअघि नै भएको हो। दशकौँ अगाडि क. चैतन्यले 'लाहुरेको व्यथा' खण्डकाव्यमा सशस्त्र सङ्घर्षद्वारा जनताको सत्ता निर्माण गर्नुपर्ने कुरामा जोड दिएका थिए । त्यसैगरी जनकवि गोकुल जोशीले लामो अभियान चलाए। आगो ओकल्ने कवि युद्धप्रसाद मिश्रले 'भोका र नाङ्गा उठ' 'रक्तक्रान्तिको ज्वालामुखीमा' लगायत गीतमा सशस्त्र सङ्घर्षको आह्वान गरेका थिए । त्यसै गरी २०४६ सालपछि जनचाहनामा धोका भएको र शासकहरूलाई हिंसात्मक बलद्वारा फालेर जनताको व्यवस्था ल्याउनुपर्ने आवाज किसानका कवि केवलपुरे किसानले उठाए । 'द्वाङ द्वाङी ठोक्नुपर्छ' जस्ता उनका कविताहरूले जनविद्रोहको पैरवी गरेका छन् । त्यसैगरी कवि तथा लेखक पारिजातको 'अनिदो पहाड' (उपन्यास) र अरू कैयौँ कविता र निबन्धहरूले जनसत्ताको जनमत निर्माण गरेका थिए। २०४८ सालअघि नै सत्ताको प्रश्नमा अझ तिखारिएर आहुती देखापरे । उनको उपन्यास 'नयाँ घर' र उनकै कवितासङ्ग्रह 'तपस्वीका गीतहरू' ले क्रान्तिको आवश्यकतालाई अझ उजिल्याए । 'गुइँठाको आगो', 'कैदी नम्बर १५००' त्यसका उदाहरण हुन्। त्यसभन्दा अगाडि २०४२ सालमा काङ्ग्रेसी मण्डले गिरोहले विद्यार्थी नेता मित्रमणि आचार्यको हत्या गरेपछि केन्द्रीय कारागारमै कवि कृष्ण सेन 'इच्छुक' ले 'शोकाञ्जली' खण्डकाव्य लेख्नुभएको थियो जसमा इच्छुकले हत्याको बदला लिने प्रण गर्नुभएको छ।

जसरी जनयुद्धको तयारीस्वरूप जनसङ्घर्ष र वर्गसङ्घर्ष चल्दै थियो, त्यसैगरी कला-साहित्यको धार पनि तिखारिँदै थियो। त्यसैबेला लोकप्रिय कवि पूर्ण विरामको 'गोविन्दले ठीक भन्यो' कवितासङ्ग्रह प्रकाशित भयो । त्यो कवितासङ्ग्रहले क्रान्तिको अपरिहार्यतालाई अझ पुष्टि गऱ्यो । त्यसबेला क्रान्तिमा बल प्रयोगको औचित्यको विषयमा मार्क्सवाद र संशोधनवादको बीचमा तात्तातो बहस चलिरहेको थियो । ग्रामीण इलाकामा काङ्ग्रेसको सत्ता-उन्माद चरम सीमामा थियो। हत्या, आतंक, लुटपाट, झुट्टा मुद्दा लादिरहेको थियो । सत्ताको भत्ताले मातेका राजधानीका सरकारका बौद्धिक कारिन्दाहरू शान्ति र विकासको वकवास गर्दै थिए। त्यसको विरुद्ध मुखभरिको जवाफमा दाङका कवि यज्ञबहादुर डाँगीले 'भो शान्तिको कुरै नगर' कविता लेखे । त्यो कविताले समकालीन प्रवृत्ति र क्रान्तिकारी मनोविज्ञानको राम्रो प्रतिनिधित्व गरायो। गीत, गजल, अपेराको क्षेत्रबाट पनि सशक्त रूपमा सिर्जनाहरू आइरहेका थिए। ध्रुव ज्ञवालीको स्वरमा 'क्रान्तिकारी नेपाल मुक्त गराइदेऊ' बोलको गीत अत्यन्त लोकप्रिय भयो। मणि थापा, खुसीराम पाख्रिन, हितमान शाक्य, अञ्जना गुरुङ, कन्हैया, लिला थापा, चुनु गुरुङ, सीता शर्मालगायत कवि-कलाकारको फौजले सिस्नोघारी माड्दै अघि बढे । त्यसैगरी समालोचनाको क्षेत्रमा डा. ऋषिराज बराल, घनश्याम ढकाल, ताराकान्त पाण्डेय, गोपीन्द्र पौडेल लागिरहेका थिए।

२०५२ फागुन १ गतेबाट विश्व सर्वहारावर्गको एउटा टुकुडीका रूपमा नेकपा (माओवादी) को नेतृत्व नेपालमा महान् जनयुद्ध सुरु भयो । त्यसले नेपाली समाजको शक्ति सन्तुलनमा नै परिवर्तन ल्यायो । आम सामाजिक चेतनामा गुणात्मक परिवर्तन ल्यायो । नेपालको प्रतिष्ठा उकासियो। पैतलामुनि दबाइएका दलित, महिला, अबला, सुकुमबासी, हरूवा-चरुवा जागे । गुण र मात्राको दृष्टिले मात्र होइन; साहित्य-कलाका नयाँ विधाहरूले थप प्राण पाए। नयाँ मूल्यहरू स्थापित भए । बिम्ब र प्रतीकहरू बदलिए । संस्कृत भाषा र विदेशी बिम्बको स्थानमा सहिद, बेपत्ता, योद्धा, भरुवा, आँसी-कोदालो, वीरता, शौर्य, बलिदान र पाखा-पखेरा आउन थाले । बदलियो- साँच्चै बदलिन थाल्यो नेपाली साहित्य।

जनयुद्धको भावभूमिमा सबैभन्दा धेरै मात्रा र गुण दुवैको दृष्टिले कविता अगाडि देखा पर्दछ । कविताको क्षेत्रमा पूर्ण विराम, नन्दीश अधिकारी, अनिल शर्मा, रोहित कोइराला, डी कौडिन्य, रोशन जनकपुरी, चेतकान्त, चुनु गुरुङ, ईश्वरचन्द्र ज्ञवाली, राजबहादुर कुवँर, गङ्गा श्रेष्ठ, सत्य पहाडी, शोभा दुलाल, अशोक सुवेदी, शारदा श्रेष्ठ, अनिल श्रेष्ठ, मोदनाथ मरहट्टा, जगतबहादुर श्रेष्ठ, नमुना यात्री, शिव श्रेष्ठ, खुसीराम पाख्रिन (गीत), नेत्रविक्रम चन्द (गीत), रीतबहादुर खड्का, कान्छा लामा, युद्धप्रसाद रायमाझी, देवीबहादुर थापा 'मनासलु' लगायत छन् । तिनीहरूमध्ये पूर्ण विरामको 'ए, मेरो आदरणीय लेकाली फूल', कृष्ण सेन 'इच्छुक' को 'बन्दी र चन्द्रागिरि' र चुनु गुरुङको 'बेलिसरा' उल्लेख्य छन् । यी कवितासङ्ग्रहले समकालीन नेपाली मार्क्सवादी कविताको मानककै रूपमा उपस्थिति जनाएका छन् । इच्छुक प्रतिष्ठानद्वारा प्रकाशित 'जनयुद्धका कविताहरू' उक्त पङ्क्तिको महत्वपूर्ण उपस्थिति हो । योद्धा र सहिदहरूका छानिएका रचनाहरूको यो सङ्ग्रह नेपाली र अङ्ग्रेजी दुवै भाषामा प्रकाशित भएको छ । कविताकै उप-विधाका रूपमा आएको गीत तथा गजलको उपस्थिति पनि कमजोर छैन । क्षितिज परिवार, सामना परिवार, चुनु-शिल्पा परिवारलगायत सांस्कृतिक परिवारहरूले जनचेतना, भावना र जनमत निर्माणका क्षेत्रमा अतुलनीय भूमिका निर्वाह गरेका छन्। आततायी सत्ताले कृष्ण सेन, शिव श्रेष्ठ, डी कौडिन्य, रोहित कोइराला, कान्छा लामा, भगत राय, नमुना यात्री, चुनु गुरुङ, शारदा श्रेष्ठ, रीतबहादुर खड्कालगायतको हत्या गऱ्यो । प्रतिक्रियावादी सत्ताले अनेकोट, भाबाङलगायत दर्जनौँ स्थानमा सामूहिक हत्या गरेको छ।

नेपालका कवि लेखकहरू लु सुन र गोर्कीकालीन युगभन्दा अगाडि बढेर सोनी सहिद फेदरियो मारिया लोर्काको उत्तराधिकारी बने । कवि-लेखकहरू वैचारिक-साङ्गठनिक रूपले प्रतिबद्ध हुन् कि स्वतन्त्र ? भन्ने बहस चलिरहेको बेला नेपालका कवि-कलाकारहरूले सिर्जना र वर्गसङ्घर्ष दुवैको नेतृत्व गरेर देखाए । प्रतिध्रुवीय धारालाई तिनले निस्तेज पारे । जनयुद्धको समयमा कवितापछि मात्रा र गुण दुवै दृष्टिले सबैभन्दा धेरै लेखिएको विधा संस्मरण हो । जनयुद्धको कारण यो विधाले अलग, स्वतन्त्र विधाको माग गर्ने स्तरमा आकार ग्रहण गरेको छ । निबन्ध विधाकै उप-विधाका रूपमा मानिने संस्मरण-अनुभूति विधालाई अब त्यहीं छोडिराख्नु उचित देखिन्न । आत्मकथा र संस्मरणलाई उस्तै मान्नेहरूको पनि कमी छैन। तर यी दुईमा ठूलो अन्तर छ। आत्मकथा आत्मपरक र स्मृतिपरकता प्राधान्य हुन्छ । संस्मरणमा आत्मपरकताभन्दा समसामयिकता र समकालीनता प्रधान्य हुन्छ । जनयुद्धमा लेखिएका संस्मरणले सामूहिकता त्यसको मर्मका रूपमा पस्किएका छन्। यो अनुभूति प्रधान हुने भएका कारण नियात्राभन्दा मौलिक रूपले भिन्न रहेको छ।

जनयुद्धका संस्मरणहरूमा अनिल शर्माको 'सम्झनामा भारतीय जेल', उमा भुजेलको 'बन्द पर्खालदेखि खुला आकाशसम्म', शोभा कट्टेलको 'समरका स्मृतिहरू', गङ्गा श्रेष्ठको 'गढीदरबारदेखि सिंहदरबारसम्म' लगायत छन् । संस्मरण विधामा फुटकर रूपमा छरिएर रहेका रचनाहरू अनगिन्ती छन्। तिनमा कृष्ण सेन 'इच्छुक', रीतबहादुर खड्का, शिव श्रेष्ठ, चुनु गुरुङ, राजकुमार कुवँर, मोदनाथ मरहट्टा, पोषराज पौडेल, पूर्णबहादुर अधिकारी, गङ्गा लामा, प्रकाश खनाल, बलराम तिमल्सिना, खुसीराम पाख्रिन, नेत्रविक्रम चन्द, दीनानाथ शर्मा, सिपी गजुरेल, ईश्वर रिजाल, अनिल श्रेष्ठ, खिमा रिजाल, माइला लामा, झङ्कार मगर, हेमन्तप्रकाश ओली, शिव श्रेष्ठ, नमुना यात्री, एकराज भण्डारी, अशोक सुवेदीलगायत छन्। इच्छुक प्रतिष्ठानद्वारा जनयुद्धको भावभूमिमा लेखिएका संस्मरणहरूको सङ्ग्रह 'जनयुद्धका संस्मरणहरू' प्रकाशित भएको छ । एउटा सानो सङ्ग्रहमा जनयुद्धको समयमा अथवा जनयुद्धको भावभूमिमा लेखिएका प्रतिनिधि सिर्जनाहरू समेट्न सम्भव थिएन । सो सङ्ग्रहले विषयको साङ्गोपाङ्गो चित्र मात्र दिएको छ।

जनयुद्धको समय वा जनयुद्धलाई विषयीका रूपमा लेखिएको अर्को विधा हो निबन्ध । विचारप्रधान निबन्धलाई 'लेख' भन्ने गरिएको छ । जनयुद्धको इतिहासलाई आधार बनाएर डा. ऋषिराज बरालको 'प्रियजनहरूको सम्झनामा' प्रकाशित छ। त्यसैगरी अनिल शर्माको 'रसुवामा दुखिरहेको कर्णाली, जगतबहादुर श्रेष्ठको 'जगतबहादुर श्रेष्ठका निबन्धहरू' लगायत छन् । साथै, पुष्पकमल दाहाल, बाबुराम भट्टराई, दीनानाथ शर्मा, देवेन्द्र पौडेल, गोपाल किराती, गङ्गानारायण श्रेष्ठ, मौहन वैद्य, धर्मेन्द्र बास्तोला, नेत्रविक्रम चन्द, खड्गबहादुर विश्वकर्मा, नारायण शर्मालगायतका विचारप्रधान सामग्री पनि यथेष्ट छन्।

जनयुद्धमा सबैभन्दा कम लेखिएको विधा उपन्यास हो । जनयुद्धको भावभूमिमा लेखिएका उपन्यासमध्ये डा.ऋषिराज बरालको 'समरगाथा', घनश्याम ढकालको 'रातो आकाश', गङ्गा श्रेष्ठको 'ज्वालामुखीमाथिको यात्रा', कमल निओलको 'मुक्तिमार्ग हुन् । कुनै पनि उपन्यासहरू अपेक्षाकृत गुणात्मक छैनन्। मात्रा र गुण दुवै दृष्टिले यो विधा कमजोर रहेको छ। चीन, रुसलगायतका अनुभव हेर्दा क्रान्तिकाल समाप्त भएपछिको शान्ति र पुनर्निर्माणकालमा गृहयुद्धकालको भावभूमिमा गुणात्मक प्रकृतिको सिर्जना भएको देखिन्छ । नेपालको सन्दर्भमा त्यस्तो चित्र अझैसम्म पनि देखिएको छैन।

जनयुद्धको भावभूमिमा कवितापछि मात्रा र गुणमा प्रगति भएको विधा कथा हो । यो क्षेत्रमा सीपी गजुरेल, डा. ऋषिराज बराल, गङ्गा श्रेष्ठ, दीनानाथ शर्मा, रविकिरण निर्जीव, पूर्णबहादुर अधिकारी, अशोक सुवेदीलगायत छन् । यस विधामा फुटकर रचनाहरू प्रशस्त लेखिएका छन्। लघुकथाहरू भने कमै लेखिएको देखिन्छ भने 'विज्ञान कथा' झनै कमजोर छ। कथा विधा एउटा लोकप्रिय विधा हो। यसका प्रशस्त पाठकहरू छन्। तर मात्रा र कोण दुवै कोणबाट हेर्दा जुनस्तरमा कथा विधाको समृद्धिको अपेक्षा गरिएको हुन्छ, त्यो स्तरमा उपस्थिति भएको छैन। प्रतिध्रुवीय चुनौतीको सामना गर्न सक्नेगरी कथा विधाले आकार ग्रहण गरेको छैन; न त त्यसको कारणले विषयमा आवश्यक चर्चा नै भएको छ।

जनयुद्धले प्रगति गरेको अर्को विधा शब्द-चित्र तथा रिपोर्ताज हो। यो क्षेत्रमा डा. ऋषिराज बरालको महत्वपूर्ण योगदान छ। 'सलाम रोल्पा' र 'फेरि लाल भञ्ज्याङमा उभिएर' महत्वपूर्ण रचना हुन् । 'सेनजी, एउटा कथा भन्छु है' उनको लोकप्रिय शब्दचित्र हो। यो क्षेत्रमा सिपी गजुरेल, अनिल शर्मा, गङ्गा श्रेष्ठ, हेमन्तप्रकाश ओली, अम्बिका चन्द, अनिल श्रेष्ठलगायतका रचनाहरू प्रकाशित छन् । यो क्षेत्रमा सहिदहरू रीतबहादुर खड्का र इच्छुकका केही रचनाहरू फुटकर प्रकाशित भएका छन्। त्यसैगरी कतिपय संस्मरण अनुभूतिका रचनाहरू शब्दचित्र हुन् कि संस्मरण विधागत मूल्यको दृष्टिले पर्गेल्नै गाह्रो हुने खालका देखिन्छन्।

जनयुद्धको आवश्यकताको कारण कम चर्चा भएको तर नेपालको मार्क्सवादी साहित्यलाई समृद्ध पार्न सहयोग गरेको क्षेत्र अनुवाद साहित्य हो। चीन सोभियत सङ्घ र जनवादी जनगणतन्त्र कोरियाले नेपाली भाषामा रचना तथा कृतिहरू प्रकाशित गदै आएका छन्। वामपन्थी बुद्धिजीवी र प्रकाशकले पनि त्यसमा योगदान गरेका छन् । जनयुद्धको आवश्यकता र त्यसको भावभूमिमा विदेशी भाषाका रचनाहरू अनुवाद भएका छन् । ती शोधपूर्वक र साहित्यपरक दुवै मूल्य भएका छन् । त्यस क्षेत्रमा धर्मेन्द्र बास्तोला, इन्द्रमोहन सिग्देल, हेमन्तप्रकाश ओली, डा. ऋषिराज बराल, अनिल शर्मा, तिलक केसी, देवेन्द्र तिम्लालगायत छन्। अनुवाद साहित्यमा अङ्ग्रेजी र हिन्दी भाषाका रचनाहरू नेपाली भाषामा भाषान्तर गरेर मार्क्सवादी साहित्यलाई समृद्ध पार्ने कार्य भएको छ। भाकपा माओवादी र आरसीपी अमेरिकाका वैचारिक रचनाहरू, पत्राचारहरू, विश्वका विभिन्न पार्टीका रचना र दस्तावेजहरूको खोजी गर्नु, भाषान्तरण गर्नु र नेपाली पाठकका लागि पस्कनु सजिलो काम होइन । तर पनि यो क्षेत्रमा जे जति काम भएको छ, जनयुद्धको ऊर्जा र आवश्यकताको कारण महत्वपूर्ण कामहरू भएका छन्।

जनयुद्धको कारण जातीय, क्षेत्रीय, समुदायगत जागरण भएको छ । विभिन्न स्थानीय भाषामा विभिन्न विधा, शैली, बिम्ब र प्रतीकहरू अगाडि आएका छन् । थारु, मगर, मैथिली, तामाङ, राई, लिम्बु, गुरुङजस्ता स्थानीय देउडासम्मका गीत र नृत्यहरू सिर्जना भएका छन् । बुर्जुवावर्गले अपहरण गरेको कला-साहित्यको कुनै पनि विधा र क्षेत्र जनयुद्धले नखोसेको, हकदावी नगरेको र हस्तक्षेप नगरेको छैन । मार्क्सवादी साहित्यका लागि यो गौरवको विषय हो।

मार्क्सवादी साहित्यमा जनयुद्धले पुऱ्याएको महत्वपूर्ण पाटो समालोचनाको पाटो हो । यो क्षेत्रमा मोहन वैद्य, डा. ऋषिराज बराल, घनश्याम ढकाल, ताराकान्त पाण्डे, गोपीन्द्र पौडेललगायत छन्। समीक्षात्मक पाटोमा पनि अनेकौँ नयाँ तथा युवा लेखकहरूले कलम चलाएका छन्। जसमा अनिल शर्मा, अशोक सुवेदी, मोदनाथ मरहट्टा, नारायण शर्मालगायत छन् । जनयुद्ध र त्यसको भावभूमिमा लेखिएका रचनाहरूको समालोचना समेटिएको कृति 'मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य' प्रकाशित भएको छ। त्यो सबल पक्ष हो। तर सो कृतिमा जनयुद्धसँग कुनै साइनो नभएका र कतिपय जनयुद्धका विपक्षमा उभिएका पात्रहरूका रचनालाई पनि जनयुद्धको साहित्य भनेर जनयुद्धका रचनाहरूको विद्रूपीकरण गरिएको छ। राजनीतिक विचारधारात्मक रूपमा प्रकट भएको सुधारवाद, विसर्जनवाद र वर्गसमन्वयवाद सो कृतिमा पनि प्रकट भएको छ। यस्ता थुप्रै सीमाहरूको साथमा समालोचनाको क्षेत्रमा पनि जनयुद्धको उपस्थिति प्रतिध्रुवीय उपस्थितिभन्दा कमजोर छैन । यद्यपि सङ्ख्यात्मक रूपमा प्रश्न रहला। नाटकमा भने खेम थपलिया मात्र क्रियाशील देखिन्छन्।

जनयुद्धभन्दा अगाडि चलचित्र तथा श्रव्यदृश्यको क्षेत्रमा 'बलिदान' र 'ठूली' (नाटक) मात्र थिए भन्दा हुन्छ। यस अवधिमा कमजोर नै भए पनि चलचित्र तथा श्रव्यदृश्य निर्माण भएका छन्। चलचित्रकला क्षेत्रमा 'आगो', 'लाल सलाम', 'सहिद', 'जनयुद्ध' आदिको महत्वपूर्ण उपस्थिति छ । जे होस्, नेपाली मार्क्सवादी साहित्यमा जनयुद्धको यथेष्ट योगदान रहेको कुरामा दुईमत छैन।

(शर्माको २०७४ सालमा लिखित सामग्रीमा सामान्य परिमार्जनसहित प्रकाशन गरिएको हो-सम्पादक।)

## महान् सहिद तथा ....

स्वर निकालिरहेका छन्। जनतालाई उही सडे-गलेको पुँजीवादी व्यवस्थाभित्र थुनेर अधिकार पाएको हल्ला फैलाइरहेका छन्।

अफसोच ! यिनै मान्छेले कुत्सित स्वार्थका लागि सहिदको नाम पनि लिने अपराध गरिरहेका छन् । क्रान्ति महान् र भीषण प्रक्रिया हो। यसको उचाइ र महानता जति माथि छ, यसको भीषणता पनि कठोर मूल्यवान् छ। कहिलेकहीँ कस्तो संयोग बन्न पुग्छ भने सपनाबोध गराउनेभन्दा सपनाबोध गर्नेले यसको उचाइ र महानता पकड्न पुग्छन्। तर सपना देखाउने आफैं सपनाको वजन र भीषणताद्वारा पतन हुन पुग्छन् । त्यस्तालाई द्रष्टाको दुःखान्त अन्त्य भन्न सकिन्छ । हाम्रो देशमा यस्तै भएको छ।

फागुन १ गतेको कान्तिपुरमा बाबुराम भट्टराईले त्यो सत्य ओकलेको पाइयो। उनले त्यहाँ सङ्कटकालपछि भारत र अमेरिकाले पुरानो सत्तालाई अत्याधुनिक हतियार सहयोग गर्न थालेपछि जनयुद्धद्वारा जित्न सकिँदैन भनेर संसदीय व्यवस्था (आधा संसदीय व्यवस्था) मा फर्किएको हो । यो कुरा सत्य हो, प्रचण्ड र बाबुराम खारा कार्बाहीपछि भारत गएर रूपमा ज्ञानेन्द्रविरुद्ध संसद्वादी पार्टीसँग संयुक्त मोर्चा बनाउने नीति लिए। सारमा जनयुद्धद्वारा जित्न सकिँदैन भन्ने भएपछि सुरक्षित जीवनमा पाएसम्म सत्तामा पुगेर नभए बाँच्न भए पनि फर्किनेसम्मको निष्कर्षमा पुगेको देखिन्छ । तर यो कुरा उनीहरूले पार्टीलाई कहिल्यै पनि भनेनन् । बरु हामीले कुरा उठाउँदा अनेकौँ आरोप लगाउनेतिर लागे। विशेषतः प्रचण्डले यसो गरे । उनीहरूले पहिले नै यो कुरा भनेका हुन्थे भने शान्ति-प्रक्रिया नै सुरु हुने थिएन वा त्यहीँ भीषण सङ्घर्ष हुन्थ्यो । जनमुक्ति सेनासहितको ठूलो पङ्क्ति क्रान्तिमा रहन्थ्यो । क्रान्ति सफलतातिर अगाडि बढ्थ्यो । शान्ति-प्रक्रियामा सबैले यो बुझेको भए पनि क्रान्तिकारीको ठूलो पङ्क्ति क्रान्तिमा फर्किन्थ्यो तर उनीहरूले जो ढाँटे, विशेषतः प्रचण्डले।

यहाँनेर क्रान्तिकारी र हाम्रा सहिद परिवारले बुझ्नुपर्दछ- के महान् सपना वा वैज्ञानिक समाजवादको सपना जित्ने भएपछि मात्र उठाउने अन्यथा प्रतिक्रियावादी व्यवस्थामा विलय हुने सपना हो !? के आफू बाँच्दासम्म बलिदानका कुरा गर्ने, समस्या परेपछि दलालहरूका सामु आत्मसमर्पण गर्ने सपना हो ? कदापि यो होइन । यति त्यसो हुँदो हो त मार्क्सले युरोपका देशहरूबाट विस्थापित साथै, मर्ने र बाँच्ने कुनै निश्चित नहुँदा साम्यवादको सपना छाड्नुपर्थ्यो । लेनिनले एकपटक क्रान्ति असफल भएपछि फेरि क्रान्तिका लागि नलागेर मेन्सेबिक (प्रचण्ड) जस्तै पुँजीवादी संसदीय व्यवस्थाको बाटोमा जानुपर्थ्यो । माओले २७ वर्ष लामो युद्ध हाँकेर पनि जित्ने प्रयत्न गर्नुहुन्नथ्यो । चे ग्वेभाराले बलिदानको महान् मार्ग कोर्नु हुँदैनथ्यो । अनि कुनै चुनौती नमोलेर, सुरक्षित भएर, आफू बाँच्ने भएपछि मात्र क्रान्ति गर्न खोजेको हो भने हजारौँ-हजार उत्कृष्ट छोराछोरी सहिद हुन किन पठाएको त ? जब कि प्रचण्ड-बाबुरामले भाषणैपिच्छे मुक्ति वा मृत्युको कसम खाइरहन्थे त ! निश्चित रूपले जितिने नभए एक्काईसौँ शताब्दीको पेरिस कम्युन हुने कुरा घोषणा गरिरहन्थे त ! खै त ? प्रचण्ड-बाबुरामले देखाएको सपनामा हजारौँ योद्धाहरू सहिद र बेपत्ता भए । उनीहरू सपनाले थिचिएर दुस्मन (प्रतिक्रियावादी) हरूका सामु आत्मसमर्पण गर्न पुगे । यो उनीहरूको पतन होइन र !

महान् सहिद तथा बेपत्ता योद्धा परिवारलाई याद होला, आजकाल प्रचण्डको काँध चढेको केपी सरकारले सहिदको सपना पूरा गर्न चाहने र क्रान्ति पूरा गर्नुपर्छ भन्नेहरूलाई झूट्टा मुद्दा टाँस्दै हिँडेका छन्। गिरफ्तार गर्दै, यातना दिँदै हिँडेको छ। रातरात अप्रेसन गरेको छ। उसको अदालतमा हाजिर नभएर सर्वस्वहरण गर्ने धम्की दिइरहेको छ । विशेषतः नेकपाका नेता, कार्यकर्तालाई गिरफ्तार गरेर कुनै पनि कार्यक्रम गर्न नदिने आदेश दिएको छ। तर हामीलाई यसले एक रौँ पनि फरक पारेको छैन । हामी यहाँ कुनै आवेगबिना भन्छौँ- पुँजीवाद, दलाल पुँजीवाद र संसदीय व्यवस्थाविरुद्ध विद्रोह गर्नु उत्पीडित एवम् सचेत नागरिकहरूको मौलिक अधिकार हो। पुँजीवादी र दलाल पुँजीवादीहरूको लुटबाट कङ्गाल भएको देश र जनतालाई अधिकार सम्पन्न गराउनु र स्वाधीन बनाउनु सबैभन्दा उत्तम कार्य हो । लुटेराहरूलाई सत्ताबाट च्यूत गर्नु र त्यसलाई वैज्ञानिक समाजवादमा पुऱ्याउनु महान् र उत्कृष्ट कार्य हो। नेपाल र नेपाली जनतालाई सुन्दर भविष्यतिर डोहोऱ्याउनु, सहिद र बेपत्ता योद्धाहरूको महान् सपना साकार पार्ने उत्तम तरिका हो । यो नेपालको कुरा मात्र होइन, विश्व मानव-जातिकै लागि सर्वोच्च योगदान हो । तसर्थ, आदरणीय सहिद र बेपत्ता योद्धा परिवारहरू कुनै पनि भुलभुलैयामा परेर वा जान-अन्जानमा महान् सहिदको सपनाको विरुद्ध जानु हुँदैन । अरूलाई पनि जान दिनु हुँदैन। सहिदको सपनाको रक्षा गर्ने महान् जिम्मेवारी तपाईंहरूको हातमा पनि छ। हामी अन्तिम सास रहेसम्म न्याय, समानता, स्वतन्त्रता र वैज्ञानिक समाजवादका पक्षमा दृढ हुनुपर्दछ। हामी तपाईंहरूलाई इमानदारीका साथ भन्छौँ र प्रतिज्ञा गर्छौं- नेपालबाट दलाल पुँजीवादलाई मिल्काइछाडिनेछ । वैज्ञानिक समाजवाद स्थापना गरिछाडिनेछ। महान् सहिद तथा बेपत्ता योद्धाका सर्वोत्तम सपनाहरू पूरा गरिछाडिनेछ। हामी विनम्रताका साथ आशा एवम् विश्वास गर्छौं- महान् सहिदहरूका सपना पूरा गर्न तपाईंहरूको पूर्ण सहयोग सहिदहरूका अनुयायीहरूलाई हुनेछ।

(सन्दर्भ : सहिद सप्ताह - २०७४)

# महान् र ऐतिहासिक दिन फागुन एक



अमर झाँक्री 'सञ्जीव'

नेपाली राजनीतिक आन्दोलन र मूलतः नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा २०५२ साल फागुन १ महान् र ऐतिहासिक तथा युगान्तकारी महत्व राख्ने दिनका रूपमा स्थापित हुन पुगेको छ। अन्तर्राष्ट्रिय रूपमा विश्व-साम्राज्यवादको एकध्रुवीय विश्व-व्यवस्थाको राजनीतिक, आर्थिक एवम् सामरिक दबदबा र हस्तक्षेप तथा राष्ट्रिय रूपमा लामो समयदेखि चल्दै आएको निरङ्कुश सामन्तवादी राजतन्त्रात्मक व्यवस्थाको प्रतिकूल अवस्थामा तत्कालीन नेकपा माओवादीको नेतृत्वमा २०५२ फागुन १ गते जनयुद्धको घोषणा गरिएको थियो। 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौँ' भन्ने मूल नारा तथा 'विद्रोह जनताको अधिकार हो' भन्ने सहायक नाराका साथ देशव्यापी विद्रोहात्मक शैलीमा सुरु भएको जनयुद्धले छोटो समयमा नै नेपाली प्रतिक्रियावादी राज्यसत्तालाई कमजोर बनायो । जनयुद्धको ऐतिहासिक थालनीको प्रारम्भिक चरणमा तत्कालीन शासक वर्गका प्रतिनिधिहरूले केही दिनभित्रै जनयुद्धलाई निमिट्यान्न पारिने घोषणा गरेका थिए। जनयुद्धको सञ्चालक नेकपा माओवादीका विरुद्ध तत्कालीन सरकारले राजनीतिक तथा फौजी रूपले घेरा हाल्ने र सखाप पार्ने तरिकालाई जोरजुलुम गरेर प्रयोग गरे पनि 'सङ्घर्षको रूप युद्ध र सङ्गठनको रूप फौज' बदलिएको जनयुद्ध एकपछि अर्को गर्दै आफ्नो घोषित लक्ष्यमा अघि बढिरह्यो । प्रतिक्रियवादी राज्यसत्ताको होस्टेमा हैँसे गर्दै आफूलाई कम्युनिस्ट बताउने केही कम्युनिस्ट समूहहरूले पनि जनयुद्धलाई 'उग्रवामपन्थी भड्काव' 'वामपन्थी लफ्फाजी' 'अन्य देशको अन्ध नक्कल' जस्ता आरोपहरू थोपर्दै सत्तालाई दमनका लागि मद्दत गर्न पुगे।

देश तथा विदेशका प्रतिक्रियावादी र साम्राज्यवादीहरू एवम् संशोधनवादी कम्युनिस्टहरूका अनेकौँ घेरा, षड्यन्त्र र हस्तक्षेप चिर्दै नेपाली जनयुद्ध रणनीतिक रक्षा र सन्तुलनको चरणलाई पार गदै रणनीतिक प्रत्याक्रमनको चरणमा प्रवेश गऱ्यो । आफ्नै मौलिकतासहितको आधारइलाका निर्माण गर्दै केन्द्रीय सत्ताको अभ्यास गर्ने प्रक्रियासम्म पुगेको जनयुद्ध मूल नेतृत्वको आत्मसमर्पणवाद तथा विसर्जनवादका कारण नराम्रोसँग धक्का खान पुग्यो । हजारौँ नेता–कार्यकर्ताको बलिदान, घाइते तथा अपाङ्ग, जेल–हिरासत, लाखौँ जनताको सहयोग र समर्थनको बलमा रणनीतिक प्रत्याक्रमणको चरणमा प्रवेश गरेको जनयुद्ध जब मुख्य भूमिकामा केन्द्रीय नेतृत्व आइपुग्यो तब नेतृत्व डगमगाउन थाल्यो। संसद्वादी दलहरूसँग बाह्रबुँदे समझदारी र संयुक्त आन्दोलनद्वारा राजतन्त्रको अन्त्यपछि जनयुद्ध थालनीका सात सैद्धान्तिक प्रतिबद्धताहरूलाई लत्याउँदै मूल नेतृत्व संसद्वादका सामु आत्मसमर्पण गर्न पुग्यो र विजयउन्मुख जनयुद्धको विसर्जन हुन पुग्यो। फलतः आज जनयुद्धको नेतृत्व गरेका हजारौँ नेता–कार्यकर्ताहरू मूलतः तीन धारामा विभाजित हुन पुगेका छन् । पहिलो– संसदीय व्यवस्थामा रमाउने धारा, दोस्रो– नयाँ ढङ्गले जनयुद्धलाई अघि बढाउने धारा र तेस्रो– इतिहास र वर्तमानको अध्यन एवम् व्याख्या गर्ने तर अगाडिको मार्गचित्र कोर्न नसकी अकर्मण्यतावादको सिकार बन्ने धारा। पहिलो धाराको नेतृत्व पुष्पकमल दाहाल 'प्रचण्ड' ले, दोस्रो धाराको नेतृत्व विप्लवले र तेस्रो धाराको नेतृत्व मोहन वैद्य 'किरण' ले गरेका छन् भने जनयुद्धकालमा कहिले दोस्रो त कहिले तेस्रो बरियतामा रहेका तथा कहिले कारबाही र कहिले पुनर्स्थापना गरिएका डा. बाबुराम भट्टराई लालध्वज विर्सजनवादको शिकार वन्दै कम्युनिस्ट पार्टीनै छोडेका छन । यस वाहेक अन्य स–साना माओवादी समुहहरू पनि छिटफुट गतिविधिहरू सहित अस्तित्वमा रहेकाछन।

आज माओवादी पार्टी जे–जस्तो अवस्थामा रहे पनि यसको नेतृत्वमा एक दशक चलेको जनयुद्ध महान्, ऐतिहासिक र युगान्तकारी राजनीतिक घटनाक्रमका रूपमा स्थापित हुन पुगेको छ। यसले देशमा लामो समयदेखि विद्यमान राजतन्त्रको अन्त्य गरेको छ । विभिन्न उत्पीडित जाति, क्षेत्र, लिङ्ग र समुदायलाई आफ्नो मुक्ति र स्वतन्त्रताका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने चेतना विकास गरेको छ। देशको समग्र क्षेत्रमा आंशिक सुधार पनि गरेको छ यसका साथै नेपाली जनयुद्धले नेपालका पुराना र सत्तासीन दलहरूलाई पनि ठूलो गुण लगाएको छ। तत्कालीन राजा ज्ञानेन्द्रले वर्तमान प्रम शेरबहादुर देउवालाई भ्रष्टाचार गरेको आरोप लगाउँदै जेल हालेका थिए। नेपाली काङ्ग्रेस, एमालेलगायत दल तथा उनीहरूका नेताहरूमाथि प्रतिबन्ध लगाएका थिए । माओवादी पार्टी र यसको नेतृत्वमा बलियो जनमुक्ति सेना नहुँदो हो त आज पनि संसद्वादी दलका कतिपय नेताहरू जेलमा सडिरहेका तथा कतिपय विदेशमा शरण लिइरहेका हुन्थे । यो ऐतिहासिक तथ्य पनि सबैका सामु प्रस्ट नै छ। यो सानो आलेखमा महान्, ऐतिहासीक र युगान्तकारी नेपाली जनयुद्धलाई सङ्क्षेपमा निम्नानुसार अध्ययन गर्न सकिन्छ–

### पहिलो– साहस, वीरता र बलिदान

नेपाली जनयुद्धमा देखापरेको साहस, वीरता र बलिदानलाई हेर्दा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र अन्य विभिन्न मुक्ति आन्दोलनहरूमा व्यक्त भएको भन्दा कुनै पनि अर्थमा सानो छैन । ज्यूँदै आँखा निकालेर बलिरहेको आगोमा फालिँदा, बलात्कार र यातनासहित हत्या गरिँदा, हातखुट्टामा पिन हानेर यातना दिँदा पनि पार्टी र क्रान्तिको गोपनीयताको रक्षा गर्ने, जस्तोसुकै प्रतिकूल परिवेशमा पनि देश–जनता र पार्टी–क्रान्तिप्रति समर्पित बन्ने कुरा सामान्य छैन। मृत्युलाई सहजै स्वीकार्ने, परिवार, निजी सम्पत्ति ध्वंस हुँदा पनि निर्भीकतापूर्वक क्रान्तिमा समर्पित भइरहने माओवादी कम्युनिस्ट शैली वास्तवमा महान् छ ।









युद्धमोर्चामा जाँदा पहिलो समूहमा नपर्दा दुःखमनाउ गर्ने, आफू सहिद हुँदा व्यवस्थापन गर्ने कोदालो, गैँची, बेल्चालगायत सामग्री आफैँ तयार गरेर जाने महानता जनयुद्धमा एउटा संस्कृति नै बनेको थियो । नेपाली जनयुद्धमा जम्मा ८,५२५ जना सहिद (स्रोत जनक्रान्तिका महान् सहिद परिवार सङ्गठन नेपाल, केन्द्रीय कार्यालय तथा सङ्गठनको केन्द्रीय प्रकाशन 'बलिदान गाथा'), राज्यद्वारा बेपत्ता पारिएको सङ्ख्या १,०९६ जना (स्रोत राज्यद्वारा बेपत्ता पारिएका बेपत्ता योद्धा परिवार समाज नेपाल, केन्द्रीय कार्यालय) रहेका छन् भने सामान्यदेखि गम्भीर प्रकृतिका गरी हजारौँ घाइते–अपाङ्ग योद्धाहरू रहेका छन्। यसले के बताउँछ भने महान् नेपाली जनयुद्ध साहस, वीरता र बलिदानको पर्याय हो।

### दोस्रो– जनमुक्ति सेनाको निर्माण र फौजी कारबाही

जनयुद्धको ऐतिहासिक थालनी गर्दा पार्टीले जनमुक्ति सेना निर्माण गरेको थिएन । फौजी सङ्गठनको स्वरूपमा लडाकु दल, सुरक्षा दल र स्वयम्सेवक दलहरू निर्माण गरिएका थिए जुन सङ्गठनहरू क्रमशः जिल्ला, एरिया र सेल पार्टीका नीति र योजनामा परिचालित हुने गर्दथे । जब जनयुद्धले एकपछि अर्को उचाइमा विकास गदै गयो तब जनमुक्ति सेनाको आवश्यकता बढ्दै गयो । प्रारम्भमा छापामार दलबाट निर्माण गरिएको जनमुक्ति सेना नियमित सेनाका रूपमा प्लाटुन, कम्पनी, बटालियन, ब्रिगेड हुँदै डिभिजन स्तरसम्मको नियमित संरचनामा पुगेको थियो । यसका अलावा हजारौँ जनमिलिसियाहरू पनि निर्माण र परिचालन गरिएका थिए । यसका साथै उक्त अवधिमा प्रतिक्रियावादी सत्ताको सेना र प्रहरी संरचनाबाट विभिन्न तहका कमान्डर तथा सिपाहीहरू पनि विद्रोह गरेर जनमुक्ति सेनामा सहभागी भएका थिए। बृहत् शान्ति सम्झौता र विभिन्न सहमतिलाई लत्याउँदै सेना तथा प्रहरीका विभिन्न संरचनाबाट विद्रोह गरी जनमुक्ति सेनामा सहभागी भएका कमान्डर तथा सिपाहीहरूलाई गिरफ्तार गरी विभिन्न मुद्दामा जेल तथा हिरासतमा राखिएको छ । उदेकलाग्दो विषय त के छ भने तत्कालीन जनमुक्ति सेनाका कमान्डर पासाङ हाल उपराष्ट्रपति छन् । जनार्दन शर्मा अर्थमन्त्री छन् तथापि उनीहरूले यस विषयमा कुनै पहलकदमी लिएको अवस्था देखिँदैन । यसलाई नै तिकताबिनाको राजनीति भन्ने गरिन्छ । यसबीचमा जनमुक्ति सेनाले पुरानो सत्ताका थुप्रै ठूलठूला फौजी किल्लाहरू कब्जा, एम्बुस–माइनिङलगायत स्थानका कारबाहस्हरूसहित चलायमान युद्धको पनि राम्रो अभ्यास गरिएको थियो। नेपालको राजनीतिक आन्दोलन तथा कम्युनिस्ट आन्दोलनको इतिहासमा यति ठूलो सङ्ख्यामा नियमित जनमुक्ति सेनाको निर्माण र यसले सञ्चालन गरेका ऐतिहासिक युद्धमोर्चाहरू सुनौलो अक्षरमा लेखिएका छन् भने भाबी दिनमा यसको आममुक्तिकामी जनताले मुक्तकण्ठले यसको प्रशंसा गर्नेछन् जसले मुक्ति र परिवर्तनलाई सधैँ मार्गनिर्देशन गरिरहनेछ।

### तेस्रो– जनसत्ताको स्थापना र विकास निर्माण

जनयुद्धको थालनी भएको एकाध वर्षमा नै प्रतिक्रियावादी सत्ताका स्थानीय एकाइहरू रिक्त हुन थाले । सत्तारिक्तताको अवस्थामा नेकपाको पहलमा स्थानीय स्तरमा जनसत्ताको स्थापना प्रक्रिया अघि बढ्न थाल्यो । उक्त प्रक्रिया वडा अर्थात् एकाइ, गाजस, जिल्ला, स्वायत्त प्रदेश हुँदै केन्द्रमा समानान्तर सरकारको घोषणासम्म पुग्यो । केन्द्र र स्वायत्त प्रदेशहरूमा सङ्घर्ष र प्रचारात्मक काम भए पनि स्थानीय तहमा सञ्चालित जनसत्ताहरू भने प्रभावकारी रूपमा सञ्चालन गरिएका थिए। यी जनसत्ताहरूले आफ्नो मातहतमा विभिन्न विभागहरूको निर्माण गरी परिचालन गरिएका थिए जसमा मुख्यतः शिक्षा, स्वास्थ्य, उद्योग, सहकारी, न्याय तथा कानुन, सूचना तथा सञ्चार, विकास निर्माण, सांस्कृतिक आदि विभागहरू मुख्य थिए । ती विभागहरूले आफ्नो क्षेत्रमा बाटो, सिँचाइ कुलो, सहिद गेट तथा चौतारी निर्माण, वृक्षरोपण, लघु जलविद्युत् निर्माण, कपडा, ड्राइफुड निर्माण र उत्पादन, फलफूल तथा अन्न बाली र तरकारी उत्पादन, जनताका मैत्रीपूर्ण अन्तरविरोधहरूको समाधानलगायत जनसरोकारका मामिलाहरूमा आधारित भएर कार्यसम्पादन गर्दथ्यो । यी आम तथा नियमित कामका साथै जनयुद्धको उत्कर्ष अर्थात् रणनीतिक प्रत्याक्रमणको योजनाअन्तर्गत केन्द्रीय आधारइलाका ब्युरोको आयोजनामा दाङदेखि रोल्पाको थबाङसम्मको मोटरबाटो निर्माण ऐतिहासिक महत्वको रहेको छ । भीषण युद्धका क्रममा देशभित्रका मात्र नभई विदेशबाट समेत भाइचारा कमरेड तथा नागरिकहरू उक्त योजनामा सहभागी भएका थिए।

### चौथो– महिलाहरूको सहभागिता र बलिदान

सामन्तवाद र पुँजीवादद्वारा दोस्रो दर्जाका नागरिकका रूपमा परिभाषित गरिएका नेपाली महिलाहरू जनयुद्धमा ठूलो सङ्ख्यामा सहभागी भएका थिए। सैन्य सङ्गठनअन्तर्गत जनमुक्ति सेना र जनमिलिसियामा हजारौँको सङ्ख्यामा, महिलाहरू सहभागी भएका थिए भने पार्टी सङ्गठन, सत्ता सङ्गठन, जनवर्गीय सङ्गठन तथा सांस्कृतिक क्षेत्रमा महिलाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । जनयुद्धकालमा नै पार्टीले संश्लेषण गरेको थियो, 'कुनै पनि क्रान्तिमा महिलाहरूको सहभागिता कस्तो छ भन्ने कुराले क्रान्तिको विजय र पराजयको कुरालाई निर्धारण गर्दछ।'

जनयुद्धका प्रारम्भिक दिनहरूमा कुमारी बुढा, लली रोका, धनमाया श्रेष्ठ, चुनु गुरुङ, दिलमाया बम्जनलगायत सहिदहरूको रगतले हजारौँ महिला नेता–कार्यकर्ता, फौजी कमान्डर,सांस्कृतिक योद्धाहरूको जन्म भयो । जनयुद्धका क्रममा देशव्यापी २५०० जना महिला कमरेडको बलिदान भएको छ। जनयुद्धमा महिलाहरूको सहभागिताबाट अत्तालिएको प्रतिक्रियावादी सरकारले पनि बाध्य भएर नेपाली सेना, प्रहरीलगायत सैन्य सङ्गठनका अलावा अन्य सरकारी सेवामा महिलाहरूलाई सहभागी बनाउन थाल्यो। हाल राजनीतिक पार्टीदेखि राज्यका सबै क्षेत्रमा निश्चित सङ्ख्यामा महिलाहरूको सहभागितालाई रूपमा जसरी सुनिश्चित गरिएको छ वास्तवमा यो माओवादी जनयुद्धका कारणले मात्र सम्भव भएको हो।

### पाँचौँ– नयाँ सांस्कृतिक मूल्यबोध

नेपाल बहुजाति, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिकसहितको विविधताले भरिएको मुलुक हो जहाँ मानिसहरू एकअर्कामा पारस्परिक सम्बन्धसहित मिलेर बसेका छन् तर सामन्ती प्रतिक्रियावादी सत्ता र सरकारले श्रममा आधारित हिन्दु वर्णाश्रम धर्मअनुसार पानी चल्ने र नचल्ने जातका रूपमा परिभाषित गरी पानी नचल्ने भनिएका समुदायमाथि अन्याय र अत्याचार लादेको छ भने एउटै भाषा, धर्म-संस्कृतिलाई जबर्जस्त लादेर हिन्दुत्वको एकाधिकार लादिएको छ । जनयुद्धले यसप्रकारका सामन्ती रूढिवादी कुसंस्कारलाई ध्वंस गऱ्यो र मानवजातिलाई एकताबद्ध गर्दै मानिसको अन्तर्राष्ट्रिय जाति हुने कम्युनिस्ट सांस्कृतिक मूल्यबोध स्थापित गरिएको थियो । यसप्रकारको मूल्यबोधले सामन्तवादी राज्यसत्ताद्वारा अछूत भनेर परिभाषित गरिएका उत्पीडित समुदायहरू आफू श्रमिक वर्ग भएकोमा गर्व गर्ने चेतना निर्माण गरिदिएको छ । नेपालका आदिवासी जनजातिहरू, दलित तथा मुस्लिम समुदाय, मधेसी, अल्पसङ्ख्यक तथा लोपोन्मुख जातिहरू एकआपसमा एकताबद्ध भएर बस्ने वातावरणको निर्माण जनयुद्धले निर्माण गरेको थियो तर जब संसद्वाद हाबी भयो तब फेरि विभेदका रेखाहरू कोरिरएका छन् । गाउँ तथा सहर सबैतिर फेरि महिला, दलित तथा अलपसङ्ख्यकमाथि उत्पीडन बढेकोछ । जाति–जनजाति भनेर होहल्ला मच्चाइएको छ। यो समस्या सारतः फुटाऊ र शासन गरको संसद्वादको समस्या हो।

### छैटौँ– जनयुद्धको विसर्जन

२०६३ मङ्सिर ५ गते विस्तृत शान्ति–सम्झौताका नाममा जनयुद्ध अन्त्यको घोषणा गरियो । ठुलो त्याग, समर्पण र बलिदानद्वारा प्राप्त भएका उपलब्धिहरू छिनभरमै ढल्न पुगे । स्थानीय जनसत्ता विघटनको घोषणा गरियो। रगतसँग साटिएका हतियारसहितको जनमुक्ति सेना समायोजनका नाममा विसर्जन गरियो । बलिदानसहित कब्जा गरिएका सामन्त जमिनदारका जमिनहरू क्षतिपूर्तिसहित फिर्ता गर्ने घोषणा गरियो । अहिले पनि सहिद परिवारका आँखाहरू आँसुले भरिएका छन् । बेपत्ता योद्धाहरूको अवस्था अहिले पनि अज्ञात नै छ। प्रचण्ड दुईचोटि र बाबुराम एकचोटि प्रधानमन्त्री भए । नन्दबहादुर पुन 'पासाङ' उपराष्ट्रपति छन् । जनयुद्धको नेतृत्व गरेका थुप्रै नेता–कार्यकर्ता मन्त्री बने र कोही अहिले पनि छन् तर कसैले पनि बेपत्ता योद्धाहरूका बारेमा बोल्ने साहस गर्न सकेका छैनन् । प्रचण्ड–बाबुरामको आत्मसमर्पणवाद र विसर्जनवादका विरुद्ध राजनीतिक–वैचारिक सङ्घर्ष पनि नभएको होईन तर उनीहरू जनयुद्ध थालनीपूर्वका सात सैद्धान्तिक प्रतिबद्धता, सहिद तथा बेपत्ता योद्धाहरूको सपना, जनताको मुक्ति र परिवर्तनप्रतिको आशा र विश्वासप्रति प्रतिबद्ध हुन सकेनन् र सदाका लागि संसद्वादको आहालमा डुबुल्की मार्न पुगे । उनीहरूको यसप्रकारको विचार र व्यवहारकै कारण माओवादी पार्टी आज यो अवस्थामा पुगेको तथ्य सबैका सामु छर्लङ्ग छ । आफ्नो सुखसुविधाका लागि देश र जनताप्रति धोका र गद्दारी गर्ने यो प्रवृत्ति नेपाली कम्युनिस्ट आन्दोलनमा निकै घातक छ भन्ने कुरा इतिहास र वर्तमानमा पनि हामीले भोगिरहेका छौँ। यो प्रवृत्तिले आममुक्तिकामी श्रमिक वर्गमा ठूलो अविश्वास र निराशाबाहेक केही पनि दिनसकेको छैन । मनमोहन अधिकारी, केशरजङ्ग रायमाझीलगायत नकारात्मक विरासतका विरुद्ध लामो राजनीतिक तथा वैचारिक सङ्घर्षमार्फत स्थापित माओवादी धाराको मुख्य नेतृत्वमा पनि सोही प्रवृत्ति पुनरावृत्त हुँदा जनतामा आउने अविश्वास र निराशालाई अन्यथा लिन पनि सकिँदैन।

### सातौँ– जनयुद्धको निरन्तरता एकीकृत जनक्रान्ति

जनयुद्धको विधिवत् विसर्जन र पार्टीको मुख्य नेतृत्व संसद्वादमा टुप्पीदेखि नै डुबेपछि पार्टीको फुट अनिवार्य थियो किनकि पार्टी एकताबद्ध हुनका लागि समान विचार–राजनीति, रणनीति–कार्यनीति र कार्यक्रम–कार्यशैली अनिवार्य सर्तहरू हुन् । यी मामिलामा फरक परेपछि आत्मसमर्पण वा विद्रोहमध्ये एउटा सर्त प्रधान भएर आउँछ। क्रान्तिकारीहरूका अगाडि विद्रोह प्रधान भएर आयो र पार्टी विभाजन हुन पुग्यो । प्रचण्ड–बाबुरामसँग सम्बन्धविच्छेद गरेपछि पनि पार्टीमा प्रचण्डबिनाको प्रचण्ड प्रवृत्ति तथा जडसूत्रीय सङ्कीर्णताका समस्याहरू देखापरे। जसका विरुद्ध पनि राजनीतिक तथा वैचारिक सङ्घर्ष सञ्चालन गर्नुपर्ने अवस्था आयो र छोटो समयमा नै फेरि पार्टीमा फुट आयो । हाम्रो निष्कर्ष सही थियो भन्ने कुरा बादल–गुरुङ–पम्फालगायतको समूह प्रचण्डको टाङमुनि छिर्न जानुले स्पष्ट गर्दछ। तत्कालीन परिवेशमा अनेकौँ कठिनाइहरू झेलेर पनि हामीले नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन गऱ्यो र ८ औँ महाधिवेशन सम्पन्न गर्दै नेपाली क्रान्तिको कार्यदिशा एकीकृत जनक्रान्ति हुने संश्लेषणसहित हामी अघि बढ्यौँ । महाधिवेशनको लगत्तै संसदीय व्यवस्थाले आयोजना गरेको स्थानीय, प्रादेशिक र सङ्घीय निर्वाचनलाई सशक्त प्रतिरोधसहित खारेज गर्ने सङ्घर्षमा सहभागी भयौँ । हजारौँ नेता–कार्यकर्ताहरू जेल–हिरासतको मोर्चामा पनि रहन पुग्यौँ । संसद्वादी पार्टी तथा उनीहरूले सञ्चालन गरेको सत्ताले देश र जनताका विरुद्ध गरेका राष्ट्रघाती तथा जनघाती क्रियाकलापका विरुद्ध देशव्यापी जनसङ्घर्ष सञ्चालन गरेबापत केपी–प्रचण्डको कथित वाम सरकारले हाम्रो पार्टीका विरुद्ध २०७५ फागुन २८ गते प्रतिबन्ध लगायो । प्रतिबन्धसहित सङ्कटकालको झल्को आउने दमन पनि हाम्राविरुद्ध सञ्चालन गरियो। दुई वर्षको दमन–प्रतिरोध, आक्रमण–रक्षाको राजनीतिक तथा फौजी सङ्घर्षपछि २०७७ फागुन २१ गते सरकार र हाम्रो पार्टीका बीचमा तीनबुँदे सहमतिपछि हामी अहिले आम-जनपरिचालनसहित जनताको बीचमा रहेर हाम्रा राजनीतिक तथा सङ्गठनात्मक गतिविधिहरू सञ्चालन गरिरहेका छौँ । तीनबुँदे सहमतिप्रति विगतको सहमतिकर्ता सरकार र अहिलेको सरकार दुवै जिम्मेवार बनिरहेका छैनन्। अहिले पनि हाम्रा सयौँ कमरेडहरू जेल–हिरासतको मोर्चामा रहेका छन् । झूट्टा मुद्दाहरू खारेज गरिएको छैन । अझ अगाडि बढेर सरकारले स्थानीय निर्वाचन घोषणा गरेको छ। हाम्रो पार्टीको स्पष्ट दृष्टिकोण छ- वर्तमान संसदीय व्यवस्थाले नेपाल राष्ट्र र नेपाली जनताको हित गर्न सक्दैन, बरु यसले देश र जनतालाई दुःखी र कङ्गाल मात्र बनाउँछ । अब यसको फैसला गर्ने अधिकार जनतालाई दिऊँ । त्यसका लागि जनमतसङ्ग्रहमा जाऊँ । संसदीय व्यवस्था नमान्ने यो हाम्रो कुरा नयाँ नभई जनयुद्ध थालनीताकाकै राजनीतिक प्रस्ताव हो । उतिखेर अर्थात् २०५२ माघमा तत्कालीन प्रम शेरबहादुर देउवाले हाम्रो ४० बुँदे माग सम्बोधन गरेको भए जनयुद्ध के हुन्थ्यो भन्न सकिँदैन । अहिले पनि हामीले शान्तिपूर्ण बाटोबाटै अर्थात् जनमतसङ्ग्रहमार्फत नेपाली जनताको परिवर्तनको चाहना पूरा गर्ने कोसिस गरिरहेका छौँ । बाँकी कुरा त संसद्वादी पार्टी र उनीहरूको नेतृत्वमा रहेको सरकारको प्रश्न हो । हामीले एकीकृत जनक्रान्तिको कार्यदिशाअन्तर्गत नै वर्तमान जनमतसङ्ग्रहको कार्यनीति अघि सारेका छौँ। निष्कर्षमा के भन्न सकिन्छ भने हामी खुला दिलले र प्रस्ट विचारका साथ हिजो पनि जनतासँगै थियौँ, आज पनि छौँ र भोलि पनि रहनेछौँ । यसर्थमा एकीकृत जनक्रान्ति जनयुद्धकै निरन्तरता हो जसले जनयुद्धका राजनीतिक प्रस्ताव र त्यसको जगमा उपस्थित वैज्ञानिक समाजवादको स्थापना गर्ने महान् लक्ष्यलाई पूरा गर्नेछ।

# हार्दिक शुभकामना


विप्लव, महासचिव
नेपाल कम्युनिस्ट पार्टी

महान् जनयुद्धको पहल भएको २७ वर्षको ऐतिहासिक अवसरमा जनयुद्धप्रति विशेष गौरव व्यक्त गर्दै महान् सहिद–बेपत्ता योद्धाप्रति विशेष स्मरण, सम्मान र श्रद्धा व्यक्त गर्न चाहन्छौं। घाइतेहरूप्रति सम्मान व्यक्त गर्दछौं। आमश्रमिक जनता, महान् सहिद–बेपत्ता योद्धा परिवारजनहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। श्रमिक जनता, पार्टी नेता–कार्यकर्ता, मित्रहरूमा विशेष शुभकामना व्यक्त गर्न चाहन्छौं।

## हार्दिक शुभकामना

महान् जनयुद्धको पहल भएको २७ वर्षको ऐतिहासिक अवसरमा जनयुद्धप्रति विशेष गौरव व्यक्त गर्दै महान् सहिद–बेपत्ता योद्धाप्रति विशेष स्मरण, सम्मान र श्रद्धा व्यक्त गर्न चाहन्छौं। घाइतेहरूप्रति सम्मान व्यक्त गर्दछौं। आमश्रमिक जनता, महान् सहिद–बेपत्ता योद्धा परिवारजनहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। श्रमिक जनता, पार्टी नेता–कार्यकर्ता, मित्रहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं।


प्रकाण्ड
केन्द्रीय सचिवालय सदस्य
प्रवक्ता एवं इन्चार्ज
केन्द्रीय अर्थ विभाग
नेपाल कम्युनिस्ट पार्टी

## हार्दिक शुभकामना

महान् जनयुद्धको पहल भएको २७ वर्षको ऐतिहासिक अवसरमा जनयुद्धप्रति विशेष गौरव व्यक्त गर्दै महान् सहिद–बेपत्ता योद्धाप्रति विशेष स्मरण, सम्मान र श्रद्धा व्यक्त गर्न चाहन्छौं। घाइतेहरूप्रति सम्मान व्यक्त गर्दछौं। आमश्रमिक जनता, महान् सहिद–बेपत्ता योद्धा परिवारजनहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। श्रमिक जनता, पार्टी नेता–कार्यकर्ता, मित्रहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं।


कञ्चन
केन्द्रीय सचिवालय सदस्य
एवं इन्चार्ज
अन्तर्राष्ट्रिय विभाग
नेपाल कम्युनिस्ट पार्टी

## हार्दिक शुभकामना

महान् जनयुद्धको पहल भएको २७ वर्षको ऐतिहासिक अवसरमा जनयुद्धप्रति विशेष गौरव व्यक्त गर्दै महान् सहिद–बेपत्ता योद्धाप्रति विशेष स्मरण, सम्मान र श्रद्धा व्यक्त गर्न चाहन्छौं। घाइतेहरूप्रति सम्मान व्यक्त गर्दछौं। आमश्रमिक जनता, महान् सहिद–बेपत्ता योद्धा परिवारजनहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। श्रमिक जनता, पार्टी नेता–कार्यकर्ता, मित्रहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं।


सुदर्शन
केन्द्रीय सचिवालय सदस्य
एवं इन्चार्ज
केन्द्रीय स्कुलिङ विभाग
नेपाल कम्युनिस्ट पार्टी

## हार्दिक शुभकामना

महान् जनयुद्धको पहल भएको २७ वर्षको ऐतिहासिक अवसरमा जनयुद्धप्रति विशेष गौरव व्यक्त गर्दै महान् सहिद–बेपत्ता योद्धाप्रति विशेष स्मरण, सम्मान र श्रद्धा व्यक्त गर्न चाहन्छौं। घाइतेहरूप्रति सम्मान व्यक्त गर्दछौं। आमश्रमिक जनता, महान् सहिद–बेपत्ता योद्धा परिवारजनहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। श्रमिक जनता, पार्टी नेता–कार्यकर्ता, मित्रहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं।


सन्तोष बुढा
केन्द्रीय सचिवालय सदस्य
एवं प्रमुख
केन्द्रीय जनपरिषद

# २७ औं जनयुद्ध दिवस

२७ औं महान् जनयुद्ध दिवसका अवसरमा महान् सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं। बेपत्ता योद्धाहरुप्रति विशेष स्मरण गर्दै घाइते योद्धाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। यस विशेष अवसरमा सम्पूर्ण न्यायप्रेमी जनसमुदायप्रति हार्दिक शुभकामना प्रकट गर्दछौं।

खुमा सुवेदी
संयोजक
जनक्रान्तिका महान सहिद परिवार सङ्गठन, नेपाल

रामबहादुर थापा
अध्यक्ष
राज्यद्वारा वेपत्ता योद्धा परिवार समाज, नेपाल

प्रेम वयक 'पर्वत'
अध्यक्ष
जनक्रान्तिका घाइते तथा अपाङ्ग योद्धा सङ्घ, नेपाल

प्रज्ज्वलन
इन्चार्ज
केन्द्रीय प्रकाशन तथा प्रचार विभाग
नेपाल कम्युनिस्ट पार्टी

क. आजाद
प्रमुख
केन्द्रीय उत्पादन विभाग
नेपाल कम्युनिस्ट पार्टी

क. सन्जिव
केन्द्रीय नमूना निर्माण विभाग
नेपाल कम्युनिस्ट पार्टी

# २७ औं जनयुद्ध दिवस

**२७ औं महान् जनयुद्ध दिवसका अवसरमा महान् सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं। बेपत्ता योद्धाहरुप्रति विशेष स्मरण गर्दै घाइते योद्धाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। यस विशेष अवसरमा सम्पूर्ण न्यायप्रेमी जनसमुदायप्रति हार्दिक शुभकामना व्यक्त गर्दछौं।**

ईन्चार्ज - माइला लामा
सेक्रेटरी - तुलसीनारायण महर्जन
**जिल्ला समिति काठमाडौं**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - विराट
सेक्रेटरी - रणदीप
**जिल्ला समिति कालीकोट**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - एटम बुढा
सेक्रेटरी - ध्रुव
**जिल्ला समिति सुर्खेत**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - सुवास
सेक्रेटरी - दिनेश विक्रम चन्द
**जिल्ला समिति रोल्पा**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - सन्देश
सेक्रेटरी - मिन प्रसाद
**जिल्ला समिति चितवन**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - प्रविण
सेक्रेटरी - माधव गौतम आकाश
**जिल्ला समिति दोलखा**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - नयन
सेक्रेटरी - वाटर
**जिल्ला समिति मकवानपुर**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - विवेक
सेक्रेटरी - दिनेश सारू मगर
**जिल्ला समिति ओखलढुंगा**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - आधार
सेक्रेटरी - प्रताप
**जिल्ला समिति काभ्रेपलाञ्चोक**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - कृति
सेक्रेटरी - विश्वास
**जिल्ला समिति रूपन्देही**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - सुमन
सेक्रेटरी - प्रशान्त
**जिल्ला समिति झापा**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - गुणराज लोहनी
सेक्रेटरी - रक्तिम
**जिल्ला समिति बारा**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - गुणराज लोही
सेक्रेटरी - गणेश
**जिल्ला समिति पर्सा**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - शिलु
सेक्रेटरी - गोकुल पराजुली
**जिल्ला समिति कास्की**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - निर्माण
सेक्रेटरी - दिपेन्द्र चलाउने
**जिल्ला समिति कैलाली**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - महान
सेक्रेटरी - जीवन
**जिल्ला समिति कञ्चनपुर**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - शितल
सेक्रेटरी - प्रदिप
**जिल्ला समिति दाङ**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - जुझारू
सेक्रेटरी - कमल
**जिल्ला समिति कपिलवस्तु**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - शरद ओली
सेक्रेटरी - शितल
**जिल्ला समिति नवलपुर**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - शरद ओली
सेक्रेटरी - धिरज
**जिल्ला समिति नवलपरासी**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - बलवान
सेक्रेटरी - रेखा
**जिल्ला समिति सप्तरी**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - सुभाष
सेक्रेटरी - सागर
**जिल्ला समिति रूकुम पूर्व**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - विश्व
सेक्रेटरी - चन्द्र
**जिल्ला समिति रूकुम पश्चिम**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - उभार
सेक्रेटरी - एटम
**जिल्ला समिति तनहुँ**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - दिपक
सेक्रेटरी - धमिल
**जिल्ला समिति डोल्पा**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - राज कुमार
सेक्रेटरी - अनन्त
**जिल्ला समिति जाजरकोट**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - अग्नि
सेक्रेटरी - रामसिंह
**जिल्ला समिति बैतडी**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - अग्नि
सेक्रेटरी - भरत
**जिल्ला समिति दार्चुला**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - अग्नि
सेक्रेटरी - बिराट
**जिल्ला समिति बझाङ**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - भगतसिंह
सेक्रेटरी - संघर्ष
**जिल्ला समिति अछाम**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - भगतसिंह
सेक्रेटरी - एण्डिज
**जिल्ला समिति बाजुरा**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - भगतसिंह
सेक्रेटरी - ध्रुव
**जिल्ला समिति डोटी**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - दिपक
सेक्रेटरी - अनिल
**जिल्ला समिति बाँके**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - दिपक
सेक्रेटरी - गणेश थारू
**जिल्ला समिति बर्दिया**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - जागृति
सेक्रेटरी - अजय
**जिल्ला समिति प्यूठान**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - रूपेश
सेक्रेटरी - कपिल
**जिल्ला समिति गोरखा**
**नेपाल कम्युनिस्ट पार्टी**

ईन्चार्ज - रूपेश
सेक्रेटरी - आक्रोश
**जिल्ला समिति लम्जुङ**
**नेपाल कम्युनिस्ट पार्टी**

रातो खबर
**प्रकाशन गृह प्रा.लि.**
**परिवार**

# २७ औं जनयुद्ध दिवस

२७ औं महान् जनयुद्ध दिवसका अवसरमा महान् सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं । बेपत्ता योद्धाहरुप्रति विशेष स्मरण गर्दै घाइते योद्धाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । यस विशेष अवसरमा सम्पूर्ण न्यायप्रेमी जनसमुदायप्रति हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ईन्चार्ज - हितमान
सेक्रेटरी - विशाल
जिल्ला समिति ललितपुर
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - हितमान
सेक्रेटरी - बिजय
जिल्ला समिति भक्तपुर
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - संगम
सेक्रेटरी - सिद्धान्त
जिल्ला समिति हुम्ला
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - संगम
सेक्रेटरी - समाज
जिल्ला समिति मुगु
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - विराट
सेक्रेटरी - प्रभाजित
जिल्ला समिति जुम्ला
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - एटम बुढा
सेक्रेटरी - दिपेन्द्र
जिल्ला समिति दैलेख
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - सविन
सेक्रेटरी - नारायण चन्द
जिल्ला समिति सल्यान
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - विवेक
सेक्रेटरी - लक्ष्मण पौडेल
जिल्ला समिति उदयपुर
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - रणविर
सेक्रेटरी - इन्द्र श्रेष्ठ
जिल्ला समिति रामेछाप
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - रणविर
सेक्रेटरी - गोपाल
जिल्ला समिति सिन्धुली
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - बलमान
सेक्रेटरी - सुशील
जिल्ला समिति सिराहा
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - समर
सेक्रेटरी - हिमाल
जिल्ला समिति सर्लाही
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - समर
सेक्रेटरी - संकेत
जिल्ला समिति रौतहट
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - देव नारायण
सेक्रेटरी - सन्तोष
जिल्ला समिति धनुषा
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - देव नारायण
सेक्रेटरी - झमानसिंह बलम्पाकी
जिल्ला समिति महोत्तरी
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - विप्लव
सेक्रेटरी - आकाश
जिल्ला समिति बाग्लुङ
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - विप्लव
सेक्रेटरी - दिपा
जिल्ला समिति म्याग्दी
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - विप्लप
सेक्रेटरी - नविना
जिल्ला समिति मुस्ताङ
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - शिलु
सेक्रेटरी - भिमप्रसाद चापागाई
जिल्ला समिति मनाङ
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - निर्माण
सेक्रेटरी - बिजय
जिल्ला समिति डडेलधुरा
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - दिपेश राई
सेक्रेटरी - विवश
जिल्ला समिति सुनसरी
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - दिपेश राई
सेक्रेटरी - नविन
जिल्ला समिति धनकुटा
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - शैलेष
सेक्रेटरी - नविन
जिल्ला समिति भोजपुर
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - शैलेष
सेक्रेटरी - जीवन
जिल्ला समिति खोटाङ
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - शैलेष
सेक्रेटरी - मिना शेर्पा
जिल्ला समिति सोलुखुम्बु
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - सुमन सिंह
सेक्रेटरी - मौषम
जिल्ला समिति इलाम
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - जुझारू
सेक्रेटरी - माहुरी
जिल्ला समिति अर्घाखाँची
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - प्रविण
सेक्रेटरी - युगीन
जिल्ला समिति सिन्धुपाल्चोक
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - धिरेन्द्रा कुमारी उपाध्याय
सेक्रेटरी - भुवन जि.सी.
जिल्ला समिति पाल्पा
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - सविता
सेक्रेटरी - हरि
जिल्ला समिति रसुवा
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - सविता
सेक्रेटरी - महेन्द्र
जिल्ला समिति नुवाकोट
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - विकिरण
सेक्रेटरी - अनन्त
जिल्ला समिति पर्वत
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - विकिरण
सेक्रेटरी - सिर्जन
जिल्ला समिति स्याङ्जा
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - तीर्थ
सेक्रेटरी - युवराज
जिल्ला समिति संखुवासभा
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - तीर्थ
सेक्रेटरी - विशाल
जिल्ला समिति तेह्रथुम
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - जोखिम
सेक्रेटरी - सन्तोष बिष्ट
जिल्ला समिति पाँचथर
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - जोखिम
सेक्रेटरी - असल चन्दात लिम्बु
जिल्ला समिति ताप्लेजुङ
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - भृकुटी
सेक्रेटरी - ..........
जिल्ला समिति गुल्मी
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - निर्मल
सेक्रेटरी - नरेश
जिल्ला समिति मोरङ
नेपाल कम्युनिस्ट पार्टी

ईन्चार्ज - माइला लामा
सेक्रेटरी - कुशल
जिल्ला समिति धादिङ
नेपाल कम्युनिस्ट पार्टी

# हार्दिक शुभकामना

२७ औं महान् जनयुद्ध दिवसका अवसरमा महान् सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं। बेपत्ता योद्धाहरुप्रति विशेष स्मरण गर्दै घाइते योद्धाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। यस विशेष अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण न्यायप्रेमी जनसमुदायप्रति हार्दिक शुभकामना व्यक्त गर्दछौं।

रमेश गिरी
संयोजक
नेपाली जनप्रगतिशील मोर्चा मध्यपूर्व
प्रथम सम्मेलन आयोजक समिति

निरञ्जन गैरे, अध्यक्ष
कृष्ण शाही, महासचिव
नेपाली जनप्रगतिशील मोर्चा
जापान

मनोज काउचा
अध्यक्ष
नेपाली जनप्रगतिशील मोर्चा
यूएई केन्द्रीय समिति

कृष्ण लिम्बु
अध्यक्ष
नेपाली जनप्रगतिशील मोर्चा
कतार केन्द्रीय समिति

रविन पुन
अध्यक्ष
नेपाली जनप्रगतिशील मोर्चा
कतार केन्द्रीय समिति

टिकाराम ओली
संयोजक
नेपाली जनप्रगतिशील मोर्चा, साउदी
पाँचौं अधिवेशन आयोजक समिति

# हार्दिक शुभकामना

२७ औं महान् जनयुद्ध दिवसका अवसरमा महान् सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं। बेपत्ता योद्धाहरुप्रति विशेष स्मरण गर्दै घाइते योद्धाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। यस विशेष अवसरमा सम्पूर्ण न्यायप्रेमी जनसमुदायप्रति हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**प्रगतिशील कानुन व्यवसायी एशोसियसन, नेपाल**




# हार्दिक शुभकामना

२७ औं महान् जनयुद्ध दिवसका अवसरमा महान् सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं। बेपत्ता योद्धाहरुप्रति विशेष स्मरण गर्दै घाइते योद्धाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। यस विशेष अवसरमा सम्पूर्ण न्यायप्रेमी जनसमुदायप्रति हार्दिक शुभकामना व्यक्त गर्दछौं।

ओमप्रकाश पुन, अध्यक्ष
अखिल नेपाल भूमिहीन
सुकुम्बासी संघ
केन्द्रीय समिति

माइला लामा, अध्यक्ष
अखिल नेपाल जनसाँस्कृतिक
महासंघ
केन्द्रीय समिति

बन्धु चन्द, अध्यक्ष
अखिल नेपाल महिला संघ
क्रान्तिकारी
केन्द्रीय समिति

रामलाल बि.क., अध्यक्ष
श्रमिक समुदाय मोर्चा, नेपाल
केन्द्रीय समिति

जयन्द्र चन्द, अध्यक्ष
जनगणतान्त्रिक खेलकूद
महासंघ
केन्द्रीय समिति

पाटन, अध्यक्ष
युवा संगठन नेपाल
केन्द्रीय समिति

प्रकाश शाही., अध्यक्ष
अखिल (क्रान्तिकारी)
केन्द्रीय समिति

विनोद थापा, अध्यक्ष
अ.ने.क्रान्तिकारी.ट्रेड यूनियन
महासंघ
केन्द्रीय समिति

रत्न मगर, अध्यक्ष
जनगणतान्त्रिक सम्पर्क मञ्च
केन्द्रीय समिति

टिका प्रसाद कँडेल, अध्यक्ष
अखिल नेपाल जनस्वास्थ्यकर्मी
महासङ्घ
केन्द्रीय समिति

श्रीकृष्ण बस्नेत, अध्यक्ष
राष्ट्रिय उद्योग बाणिज्य महासंघ
केन्द्रीय समिति

हरि श्रेष्ठ, अध्यक्ष
अखिल नेपाल किसान
महासङ्घ क्रान्तिकारी
केन्द्रीय समिति

शेरबहादुर विश्वकर्मा, संयोजक
जनपत्रकार सङ्गठन नेपाल
केन्द्रीय समिति

व्यापक नेपाली, संयोजक
नेपाल राष्ट्रिय बुद्धिजीवी
सङ्गठन
केन्द्रीय समिति

आजाद सेन थापा, अध्यक्ष
प्रवासी नेपाली जनसमाज
भारत

# शब्दचित्रमा जनयुद्ध



उदयबहादुर चलाउने 'दीपक'

दसबर्से जनयुद्धमा माओवादी जनमुक्ति सेनाले हजारौँ लडाइँहरू लडेको थियो । यसक्रममा बाह्रवटा फौजी योजनाअन्तर्गत लडिएका थिए । त्यसमध्ये अधिकांश लडाइँहरूमा जनमुक्ति सेनाले विजय हासिल गरेको थियो । नेपाली इतिहास र विश्व सर्वहारा आन्दोलनको इतिहासमा फौजी कार्यदिशाको यो पछिल्लो कार्यान्वयन कम कष्टकर पक्कै थिएन । त्यसका साथै यो कार्यान्वयन एक स्वाभाविक आवश्यकता र विकासको खुट्किलो पनि थियो । निकै ठूलो त्याग, समर्पण र बलिदानले भरिपूर्ण जनयुद्धको यो कार्यान्वयनमा फौजी कार्यदिशाको विकास तथा नवीन फौजी कार्यनीतिहरूको प्रमुख स्थान थियो ।

## होलेरी, राडी र सिन्धुलीगढी प्रहरीचौकी आक्रमण

फागुन १ गते देशव्यापी मूलतः पर्चा छरेर, पोस्टर टाँसेर र भित्तेलेखन गरेर युद्ध घोषणाको सन्देश प्रवाह गरिएको थियो । त्यही दिन राती केही सशस्त्र हमलाहरू पनि गरिए । सशस्त्र हमलाको निशानामा रहेका थिए- 'स्थानीय सुदखोर, जाली-फटाहाहरू', सरकारी कार्यालय (फौजी र गैरफौजी) र बहुराष्ट्रिय कम्पनीहरू । रोल्पा जिल्लाको होलेरी, रुकुम जिल्लाको राडी र सिन्धुली जिल्लाको सिन्धुलीगढीस्थित प्रहरीचौकीहरूमा समेत आक्रमण गरियो । माओवादी पार्टीको तत्कालीन प्रारम्भिक सैन्यशक्ति 'लडाकु दल' को प्रमुख नेतृत्वमा ती कारबाहीहरू सम्पन्न भएका थिए । काभ्रे र जाजरकोटमा स्थानीय सुदखोरहरू दौलतविक्रम बिष्ट र दीपबहादुर सिंहमाथि उनीहरूको घरमा रहेका किसानका तमसुक च्यातेर कारबाही भएको थियो । गोरखामा साना किसान विकास बैङ्कमा आक्रमण गरियो । बैङ्कमा रहेका कागजपत्र जलाएर जनतालाई सरकारी कृषि ऋणबाट मुक्तिको घोषणा गरियो ।

## प्रथम सफल कारबाही बेथान, रामेछाप

जनयुद्धको सुरुआत भएदेखि माओवादी लडाकु योद्धाहरूले प्रहरीको हतियार खोस्ने थुप्रै योजना बनाए तर ती कोही पनि सफल भइरहेका थिएनन् । युद्धको सुरुआत भएयता करिब ११ महिना यसरी नै बितिसकेका थिए । देशका तीनवटा कमान्डअन्तर्गत चौकी आक्रमणको केन्द्रीय योजना नबनेको पनि होइन । त्यसलाई कार्यान्वयन गर्न पश्चिम कमान्डको त्रिवेणी (रुकुम, जाजरकोट र डोल्पाको सिमाना- २०५३ मङ्सिर २८) मा गरिएको कारबाही असफल भइसकेको थियो । पश्चिम कमान्डकै प्युठानको लुङ प्रहरीचौकी (२०५३ पुस १) मा गरिएको कारबाही प्रहरीसँग हतियार नभएको कारण निर्धारित लक्ष्यमा सफल हुन सकेन । यसैक्रममा २०५३ पुस १९ गते पूर्वी कमान्डअन्तर्गत रामेछाप जिल्लाको बेथानमा अवस्थित प्रहरीचौकीमाथि आक्रमण भयो जुन कारबाही निर्धारित उद्देश्यमा सफल मात्र भएन, बरु जनयुद्धको इतिहासमै पहिलो सफल फौजी हमलामा दर्ज भयो ।

## प्रथम सफल कमान्डो कालिकाटार, तनहुँ

२०५४ जेठ १२ गते तनहुँ जिल्लाको कालिकाटारमा सम्पन्न यो कारबाही 'जनयुद्धको तेस्रो योजना' सुरुआतीको एक उत्कृष्ट कारबाही थियो । कालिकाटारको उक्त कारबाहीबाट छापामारहरूले प्रहरीका सम्पूर्ण हतियार कब्जा गरेका थिए । तर आफ्नै क्रस-फायरका कारण छापामारतर्फ एकजनाको क्षति भएको थियो । भिडन्तमा प्रहरीतर्फ एकजनाको क्षति भएको थियो । बिहान करिब दस बजेतिर जनताको शैलीमा गएर गरिएको यो कारबाहीमा महिला छापामारहरूको भूमिका विशेष उल्लेखनीय रहेको थियो । अत्यन्त जोखिम मोलेर प्राप्त कालिकाटारको उक्त उपलब्धि बच्न भने सकेन । प्रहरीले तुरुन्त 'काउन्टर अप्रेसन' चलायो । कारबाहीबाट फर्किंदै गर्दा प्रहरीको घेरामा परी थप एकजना छापामारको नदीमा डुबेर क्षति भयो ।

## प्रथम सफल एम्बुस क्युबाङ, रुकुम

क्युबाङ कारबाही जनयुद्धको इतिहासमै प्रथमपटक एम्बुसको तरिकाले हतियार कब्जाको कारबाही थियो । आक्रमणको सुरुमा प्रहरीको पैदल-गस्तीमाथि माइन विष्फोट गरियो । भरुवा बन्दुक र सुतली बमले आक्रमणलाई थप मद्दत गरी प्रहरीमाथि थप आक्रमण गरेर यो कारबाही सम्पन्न भएको थियो । यो गुञ्जायमान वातावरणमा लड्दै जाँदा साढे पाँचतिर १ राइफल र पचासौँ गोलीहरू हाम्रो कब्जामा पर्दछ । २०५४ माघ १६, रुकुमको क्युबाङमा भएको एम्बुसमा ३ प्रहरीको मृत्यु, ४ घाइते र एक थान राइफल प्राप्त भयो ।

## अभियानात्मक कारबाहीअन्तर्गत उच्च केन्द्रीकृत आक्रमण लहँ, जाजरकोट

२०५५ देखि देशव्यापी सञ्चालित प्रहरीको 'किलो सेरा टु' (राज्यद्वारा सञ्चालित किल एन्ड सर्च अप्रेसन) अप्रेसन जारी नै थियो । प्रहरीद्वारा हत्या, लुटपाट र बलात्कारका घटना व्यापक बढिरहेका थिए । लहँ पूर्वी जाजरकोटको एक निकै सामरिक स्थल थियो । त्यहाँ माओवादी प्रतिकारका लागि स्थानीय स्तरबाटै प्रहरीको बलमा 'खुकुरी दल' नामक भिजिलान्ते समूहको गठन गरिएको थियो । सोही अखडामा २०५६ जेठ ३१ गते विशेष कार्यदलका रूपमा सङ्गठित माओवादी छापामारहरूद्वारा भीषण हमला भयो । कारबाहीमा छापामारतर्फ कुनै मानवीय क्षति भएन । २५ जनाको सङ्ख्यामा रहेको दङ्गा प्रहरीतर्फ चारजनाको घटनास्थलमै मृत्यु भयो । बाँकीले आत्मसमर्पण गरेका थिए । छापामारहरूले प्रहरीका १८ थान राइफल, २ थान माउजर र १ थान रिभल्वर एवम् हजारौँ गोली कब्जा गरेका थिए ।

## प्रतिरणनीतिक कारबाही महत, रुकुम

'यता देशव्यापी कथित जङ्गल सर्च अभियानअन्तर्गत व्यापक अप्रेसन र हत्याको शृङ्खला थालियो । त्यस अप्रेसनको प्रतिरोध, हत्याको बदला र योजनाको प्रारम्भका रूपमा २०५६ असोज ५ गते फौजी, गैरफौजी कार्यक्रम सम्पन्न गरियो । यसमा उल्लेख्य घटनाका रूपमा रुकुमको स्ट्राइकिङ बेसक्याम्पमाथिको साहसिक हमला र डीएसपी ठूले राईको गिरफ्तारी रह्यो । डीएसपी ठूले राईलाई लिएर ३ महिनापछि आफन्तहरूलाई बुझाउने काम भयो । यस कारबाहीले कथित जङ्गल सर्च अभियानलाई काफी हदसम्म असफल तुल्यायो र क. वासु वाग्लेको हत्याको बदला लिने र देशव्यापी राज्यआतङ्क रोक्नलाई महत्वपूर्ण भूमिका खेल्यो ।'

महत कारबाहीमा माओवादी पार्टीले 'दुस्मनका महत्वपूर्ण मान्छे कब्जा गरेर आफ्ना मान्छे छुटाउन या उनीहरूको जीवनरक्षाका लागि दबाब दिने' नयाँ युद्ध कार्यनीतिको ढोका खोल्यो; जसको परिणाम माओवादी पार्टीका तत्कालीन केन्द्रीय सदस्य देव गुरुङलाई महतबाट कब्जा गरिएका डीएसपी ठूले राईसँग साटिएको थियो ।

## पहिलो सदरमुकाम हमला दुनै, डोल्पा

सिङ्गो राज्यसत्तालाई तहसनहस र ठूलो झट्का दिने गरी यो कारबाही २०५७ असोज ८ गते राती बटालियनस्तरको शक्तिले सम्पन्न गरेको थियो । यस कारबाहीमा जिल्ला कारागार शाखा, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र जिल्ला प्रहरी कार्यालयहरू पूर्ण रूपले ध्वंस गरियो । ४ घन्टासम्म चलेको उक्त कारबाही उच्च प्रकारको चलायमान मोर्चाबद्ध युद्धको पनि एउटा अभ्यास बन्यो । यो आक्रमण जनयुद्धको इतिहासमा ऐतिहासिक महत्वको कारबाही हो । कारबाहीबारे सुइँको पाएर राज्यद्वारा आधुनिक तालिमप्राप्त दङ्गा फोर्ससमेत थप्दा पनि प्रहरीको पराजय भयो । अत्यन्तै भीषण रूपले भएको यस लडाइँमा जनसेनातर्फ २ जनाको क्षति भएको थियो भने १७ जना घाइते भएका थिए । प्रहरीतर्फ दर्जनौँको मृत्यु भएको थियो । यस कारबाहीबाट करिब ५ करोड नगदसहित ५० औँ थान प्रहरीका हतियार कब्जा गरियो ।

## प्रहरी शक्तिमाथिको रणनीतिक हमला : रुकुमकोट र नौमुले

रुकुम जिल्लाको दोस्रो सदरमुकामका रूपमा अवस्थित रुकुमकोट एउटा सामरिक महत्वको ठाउँ थियो भने दैलेखको नौमुले पनि निकै व्यवस्थित प्रहरी क्याम्प थियो । दुवै ठाउँमा व्यवस्थित किल्लाबन्दी (तार-बार, ट्रेन्च, टनेल, बुबी ट्र्याप आदि) थियो । सयौँको सङ्ख्यामा रहेको प्रहरी शक्ति, उनीहरूसँग प्रशस्त राइफलहरू थिए । गोलीगट्ठाको अभाव थिएन तर पनि माओवादी पार्टीले ती दुई क्याम्पलाई नै आफ्नो निशाना बनाए र सफलतापूर्वक नियन्त्रणमा लिन सफल भयो । जनयुद्धको दोस्रो आधारका रूपमा विकसित भेरी-कर्णालीमा कार्यरत प्लाटुनहरूको सहभागितामा नौमुलेमा आक्रमण भएको थियो । दुवै कारबाहीहरूमा स्थानीय प्लाटुन र स्क्वायडहरूको पनि सहभागिता रहेको थियो । लडाइँमा दर्जनौँ प्रहरीको मृत्यु भयो । दुवै ठाउँमा प्रहरीतर्फ इन्स्पेक्टरसहित ३२/३२ जनाको मृत्यु भयो । पचासौँजना घाइते भए । जनसेनातर्फ रुकुमकोटमा ८ जना र नौमुलेमा ७ जनाको मानवीय क्षति भयो । छापामारतर्फ पनि उक्त क्षति त्यति बेलासम्मकै सबभन्दा ठूलो थियो । दुवै ठाउँको कारबाहीबाट साना-ठूला गरेर सयौँ थान प्रहरीका हतियार र हजारौँ राउन्ड गोलीहरू छापामारहरूले कब्जा गरे ।

## पुरानो सत्ताभित्र अन्तर्विरोधको विस्फोट होलेरी आक्रमण, रोल्पा

२०५८ असार २८ गते रोल्पाको होलेरीमाथिको आक्रमणमा जनमुक्ति सेनाले आफ्नोतर्फ बिना कुनै मानवीय क्षति ७१ जना प्रहरीहरूलाई कब्जामा लिएको थियो । माओवादी आक्रमणको डरले रातभरि अन्तै कतै सुत्ने र बिहान मात्र क्याम्पमा आउने यति बेलाको प्रहरीको रक्षात्मक रणनीति थियो । फेरि पनि उनीहरू बच्न सकेनन् । यो कारबाहीपछि पुरानो सत्ताभित्र अन्तर्विरोध विस्फोटन हुन गयो । दरबार र सरकार (संसद्वादी शक्ति) बीच विवादले उत्कर्ष लिएको थियो । यो आक्रमणपछि पहिलोपटक शाही नेपाली सेनाको परिचालन गरिएको थियो । होलेरी कारबाहीमा सरकार फौजी रूपले होइन, त्योभन्दा धेरै नैतिक रूपले पराजय भयो ।

## शाहीसेनामाथिको पहलकदमीपूर्ण हमला दाङ आक्रमण

जनयुद्ध थालनीको करिब पाँच वर्षपछि माओवादी पार्टीको दोस्रो राष्ट्रिय सम्मेलन (२०५७ माघ-फागुन) सम्पन्न भयो । यसै अवधिबीच २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको वंश विनास हुने गरी नारायणहिटी दरबारमा नृशंस हत्याकाण्ड भयो । दरबार हत्याकाण्डले देशको राजनीतिक वातावरणमा निकै ठूलो हलचल ल्याइदियो । सुरुका केही दिनहरूमा उत्तेजक अभिव्यक्तिका बाबजुद माओवादी पार्टीले दरबारसँग सहकार्यको आफ्नो नीतिलाई निरन्तरता नै दियो । फलस्वरूप दरबार हत्याकाण्डपछि गठित सरकारसँग वार्ताको प्रक्रिया (२०५७ साउन) समेत सुरु भयो । तीन चरणसम्म जारी वार्ता भने निष्कर्षविहीन भयो ।

२०५८ मङ्सिर ८ गते धक्कापूर्ण हमलाको मिति तय भइसकेको थियो । देशभरि सानाठूला सयौँ कारबाहीको योजना बनेका थिए । मुख्य कारबाहीका रूपमा दाङको अञ्चल सदरमुकाम घोराही कब्जा रहेको थियो । उता मध्यकमान्डअन्तर्गतको स्याङ्जा र पूर्वी कमान्डअन्तर्गतको सोलु सदरमुकाम पनि आक्रमणको निशानामा थिए । दाङको हमला ऐतिहासिक र भव्य रूपले सफल भयो । स्याङ्जा मुकाम हमला पनि शानदार सफल भयो तर सोलुखुम्बुको सदरमुकाम सल्लेरी कारबाही भने निर्धारित समयमा हुन सकेन । दुई दिनपछि गरिएको सोलु-सल्लेरी कारबाही पनि सफल नै भयो तर त्यहाँ रहेको नेपाली सेनाको क्याम्प भने कब्जा हुन सकेन ।

लडाइँका क्रममा ७ जना प्रहरी र मेजरसहित १४ जना शाही नेपाली सैनिकको मृत्यु भयो । जनमुक्ति सेनातर्फ ७ जनाको क्षति भयो । शाहीसेनाका विरुद्ध पहिलो पहलकदमीपूर्ण यस आक्रमणमा सेनाका सयौँ अत्याधुनिक हतियारहरू कब्जा भए । ५ थान ८१ एमएम मोर्टार, ३ थान टुइन्च, ३ थान रकेट लन्चर, २ थान जीपीएमजी, २ थान वेस्ट स्नाइपर, १४ थान एलएमजी, ४८ थान एसएमजीसहित सयौँको सङ्ख्यामा एसएलआर तथा थ्री नट थ्री राइफल कब्जा गरिए । बम, गोलीहरूलगायत कैयौँ ट्रक युद्ध-सामग्रीसमेत कब्जा भयो । उता त्यही दिनमा गरिएको स्याङ्जा सदरमुकाम हमला जनसेनातर्फ बिनाकुनै क्षति सदरमुकाममाथिको ऐतिहासिक सफल हमला बन्यो । सल्लेरीको हमला भने त्यो दिन हुन सकेन । कारबाहीका लागि नजिकै पुगिसकेको बेला जनसेनाको एकजना सदस्यले ग्रिनेड विस्फोटको दुर्घटना गरिदिँदा निर्धारित योजना रद्द गरियो । दुई दिनपछि अर्थात् मङ्सिर १० गते गरिएको सल्लेरी हमलामा सेनाको ब्यारेकबाहेक सम्पूर्ण सदरमुकाम जनसेनाले कब्जा गर्न सफल भयो । कारबाहीमा १४ जना जनसेनाको क्षति भयो । विगतका सम्पूर्ण लडाइँहरूको संश्लेषणसहितको यी आक्रमणहरूमा जनमुक्ति सेनाद्वारा कुशल युद्धक्षमता प्रदर्शन गरियो । जनमुक्ति सेनाको यो एक व्यवस्थित र बृहत् हमला थियो । यी ठूला कारबाहीको मद्दतमा देशैभरि अन्य थुप्रै साना र प्रचारात्मक कारबाहीहरू भएका थिए ।

## शाहीसेनामाथि 'काउन्टर अप्रेसनल' कारबाही लिस्ने-गाम भिडन्त, रोल्पा

माओवादी पार्टीले शाहीसेनामाथिको हमला सुरु गरिसकेपछि उसले यसलाई निरन्तर बढाउन चाहन्थ्यो । पुरानो सत्ताको विघटन वा कम्तीमा पनि उसलाई फौजी ढङ्गले समेत झुकाउन निरन्तर विजयको जरुरी थियो । दाङको केही समयपछि अछाम सदरमुकाम मङ्गलसेनको हमला र विजयले यो कुराको पुष्टि गर्दछ । त्यसको थप निरन्तरताका लागि दोस्रो धक्काको कार्यक्रम तय गर्‍यो ।

शाहीसेनाको अप्रेसन फोर्समाथि जनसेनाबाट गरिएको यो पहिलो हमला थियो । यो निकै शानदार सफल भयो । गाम सैन्य-बेसक्याम्पमाथि हमला प्रकारान्तरले अमेरिकी सैन्य रणनीतिका विरुद्धको हमला थियो । यो हमलामा शाहीसेनाको सर्मनाक पराजय भयो । जनाधार क्षेत्रलाई निशाना बनाएर सुरु गरिएको पुरानो सत्ताद्वारा सञ्चालित 'सर्च एन्ड डिस्ट्रोय' नामक घेरा हाल र सखाप पारको नीतिमा आधारित जनसंहारकारी अभियानमाथि समेत भयङ्कर हमला भयो । गाम हमलापछि रोल्पा, रुकुमका प्रायः सैनिक क्याम्पहरू उठाएर सदरमुकाम र केही निश्चित इलाकामा केन्द्रित गरिए । जनसेनाले यी दुवै कारबाहीमा अत्यन्त उच्च युद्धकौशल र साहस प्रदर्शन गरे । जनसेनातर्फ करिब ४० जनाको क्षति भएको यो कारबाहीमा सेना-प्रहरीतर्फ एक सयभन्दा बढीजनाको क्षति भयो । सेना-प्रहरीका सयौँ थान अत्याधुनिक हतियारहरू जनसेनाले कब्जा गर्न सफल भयो ।

## व्यवस्थित किल्लाबन्दीविरुद्धको आक्रमण सन्धिखर्क, अर्घाखाँची

जब रोल्पाको गाममा रहेको शाही नेपाली सेनाको अप्रेसन बेसक्याम्प जनमुक्ति सेनाले ध्वस्त पारिदियो, तब त्यसको चोट नेपाली सेनालाई होइन, सीधै अमेरिकालाई पर्न गयो । त्यसपछि नेपाली सेनाले आफ्नो रणनीति बदल्यो । आफ्नो किल्लाबन्दीलाई बलिया बनाउने र रक्षात्मक पङ्क्तिको लडाइँ लड्ने उनीहरूको विशेष रणनीति बन्यो जुन कुरा जनमुक्ति सेनाका लागि नयाँ चुनौती बन्यो । यही कुरालाई ख्याल गरी माओवादी पार्टीले आफ्नो रणनीतिमा नेपाली सेनाको व्यवस्थित किल्लाबन्दीसमेत तोड्ने नयाँ योजना बनायो; जसअनुसार २०५९ भदौ २३ गते अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमाथि आक्रमणको योजना तय भयो । यो आक्रमणमा भारी मात्रामा अत्याधुनिक हतियारहरू- एलएमजी, एसएमजी, एसएलआर, टुइन्च मोर्टार, राइफल, पेस्तोल, रिभल्वोर, म्यग्नम, हर्नेटजस्ता १७५ थान हतियार तथा ४ करोड ४५ लाख नगद, २० किलो सुन र जिन्सी गरेर थुप्रै युद्धसामग्री कब्जामा लियो ।

## बाहिरी पक्तिका उच्च प्रतिहमलाहरू पण्डौन, खैरीखोला, सिद्धधारा, कृष्णभीर र लेउतीखोला

मङ्सिर १ गते जनमुक्ति सेनाले काठमाडौँ-चितवन पृथ्वी राजमार्गको कृष्णभीरमा सडक जाम गरी शाहीसेनालाई योजनाबद्ध बोलाएर आक्रमण गर्‍यो । उक्त कारबाहीमा पहिला माइन विस्फोट गरी त्यसलगत्तै फायरबाट आक्रमण गरिएको थियो । सडक अवरोध हटाउन भनेर शाहीसेना गाडी र पैदल दुवै तरिकासहित आएको थियो । शाहीसेना जब आफ्नो निर्धारित ठाउँमा आइपुग्यो, तब जनसेनाले भीषण आक्रमण सुरु गर्‍यो । शाहीसेनाले सकेजतिको प्रतिरोध गर्‍यो तर टिक्न सकेन । केही मिनेटमै आफ्नो निर्धारित सफलता हासिल गरेर जनसेना आफ्नो बाटो लाग्यो । समग्र जनयुद्धको यो एक चर्चित कारबाही हो । यो कारबाहीमा शाहीसेनातर्फ ४ जनाको र जनसेनातर्फ २ जनाको मानवीय क्षति भएको थियो । कारबाहीबाट जनमुक्ति सेनाले १ थान टुइन्च मोर्टार, ६ थान इन्सास राइफल, २ थान एसएलआर, २ थान एसएमजीलगायत हतियार कब्जा गरेको थियो । बोलाएर आक्रमण गर्ने तरिकाअनुसार नै मङ्सिर १ र २ गते बाँकेको खैरीखोलामा जनमुक्ति सेनाको एउटा टुकडीले लगातार पुरानो सत्ताको सेना र सशस्त्र प्रहरीसँग भिडन्त गर्‍यो । उक्त भिडन्तमा आफ्नोतर्फ बिनामानवीय क्षति जनमुक्ति सेनाले सशस्त्र प्रहरीका ८ थान एसएलआर र एक थान ५१ एमएम मोर्टार कब्जा गर्न सफल भयो । जनसेनालाई लखेट्न भनेर अप्रेसनको व्यापक सरजामसहित गएको यो टुकडीलाई 'एन्टी अप्रेसन प्लान' मा जनसेनाले आक्रमण गरेको थियो । भिडन्तमा शाहीसेनातर्फ ९ जना र जनमुक्ति सेनातर्फ ११ जनाको क्षति भयो । यसक्रममा शाहीसेनाले भीषण हवाई हमलासमेत गरेको थियो । तर शाहीसेनाको केही जोर चलेन । उनीहरू पछाडि हटे । कारबाहीबाट जनमुक्ति सेनाले उनीहरूको साथमा रहेका अत्याधुनिक हतियारहरू १ थान एम १६ कोल्ट कमान्डो, १ थान ४० मिमी लन्चर सेट एम १६ तथा ४ थान एम १६ ए टु गरी कुल ६ थान एम १६ कब्जा गरेको थियो ।

मङ्सिर ३० गते अर्घाखाँचीको सिद्धधारा दोबाटोमा योजनाबद्ध फायर एम्बुसद्वारा गस्तीमा निस्केको शाहीसेनाको पैदल फोर्समाथि जनमुक्ति सेनाले अर्को हमला गर्‍यो । पूर्व-पश्चिम राजमार्गमा गरिएको यो आक्रमणबाट जनसेनाले शाहीसेनाको साथमा रहेका १ थान एलएसडब्लू र ८ थान इन्सास राइफल कब्जा गर्‍यो । यो हमलामा जनमुक्ति सेनातर्फ कुनै पनि मानवीय क्षति भएन । शाहीसेनातर्फ १९ जनाको घटनास्थलमै क्षति भयो ।

पुस १७ गते धनकुटाको लेउतीखोलामा जनमुक्ति सेनाले शाहीसेनाको एउटा टुकडीमाथि अर्को एउटा हमला गर्‍यो । फायर एम्बुसको तरिकाले गरिएको यो हमला सडकलाई अवरुद्ध बनाएर बोलाएर गरिएको थियो । शाहीसेनाको टुकडीलाई नजिकभन्दा नजिक आउन दिएर गरिएको यो आक्रमणमा दुवै पक्षबीच गुत्थमगुत्थाको लडाइँसमेत भएको थियो । शाहीसेनाले घटनास्थल आउनुपूर्व निकै ठूलो बमबार्ड गरी एरिया क्लियरको कारबाही गरेको थियो । त्यसका बाबजुद पनि जनसेनाले आफूलाई उद्देश्यमा अविचलित राखेर आक्रमणका लागि कुरेर बसेको थियो; जसको परिणाम नै लडाइँमा जनसेना शानदार विजयी भयो । यो लडाइँमा जनसेना शाहीसेनाका दर्जनौँ अत्याधुनिक हतियार खोस्न सफल भयो । शाहीसेना र प्रहरीतर्फ भने दर्जनौँको क्षति भयो ।

## भारतीय प्रविधिविरुद्धको हमला पिली, कालीकोट

२०६२ साउन २३ गते पिलीमा रहेको शाहीसेनाको ब्यारेकमाथिको भीषण आक्रमण गरी अत्यन्त शानदार सफलता हासिल गरिएको थियो । पिली कारबाही एकातिर जनयुद्धको आन्तरिक जीवनका उपर्युक्त प्रश्नहरूको जबाफ थियो भने अर्कोतिर जनयुद्धको इतिहासमै सबैभन्दा धेरै स्वचालित हतियार कब्जाको कारबाही बन्न पुग्यो । जनसेनाद्वारा 'दिउँसै जीपीएमजी र ८१ मिमी मोर्टारबाट आक्रमणको सुरुआत गरिएको थियो । त्यसपछि एसल्ट ग्रुपहरू क्याम्पको तीनतिरबाट घेराबन्दी गर्दै (एक साइडमा भीर भएकाले) अघि बढेका थिए । लडाइँमा जनमुक्ति सेनातर्फ दुई दर्जनभन्दा बढी र शाहीसेनातर्फ १५९ जनाको मानवीय क्षति भयो । ६४ जना शाहीसेनालाई जनसेनाद्वारा बन्दी बनाइयो । उनीहरूलाई केही समयपछि ससम्मान छोडिएको थियो । कारबाहीबाट १ थान ८१ मिमी मोर्टार, १ थान जीपीएमजी, टुइन्च मोर्टार २ थान, एसएमजी २ थान, ब्राउनिङ २ थान, एसएलआर ८० थान, इन्सास ७० थान र एलएमजी २० थान कब्जा भएका थिए ।

## शाही निरङ्कुशताविरुद्ध प्रतिरोधको सन्देश तानसेन आक्रमण, पाल्पा

चुनबाङ बैठकले ढाडमा टेकेर टाउकोमा हान्ने नीति पारित गर्‍यो । मध्यक्षेत्रले मुख्यतः राजधानी आसपास, पूर्व र पश्चिमले पूर्व-पश्चिम राजमार्गलाई युद्धक्षेत्र निर्धारण गरी सैन्य कारबाहीका स्थानहरूसमेत छनोट गरिए । यो परिभाषामा सिङ्गो योजनाको केन्द्रीय टाउको राजधानी थियो भने कमान्ड, क्षेत्र र जिल्लाका टाउकाहरू पनि सापेक्षित रूपमा निर्धारण गरिएका थिए । सामान्यतः सहर, सदरमुकाम र सडक टाउकाको परिभाषामा राखिएका थिए । त्यसअन्तर्गत पश्चिम कमान्डको गण्डककेन्द्रित जनमुक्ति सेनाले पाल्पाको सदरमुकाम आक्रमण गरेको थियो । यो आक्रमणपूर्व गण्डक केन्द्रित जनमुक्ति सेनालाई शाहीसेनाले निकै ठूलो घेराबन्दी गरिरहेको थियो । पैदल र हवाई हमलाहरू दिनहुँजसो भइरहेका थिए । त्यही आक्रमण र घेराबन्दीकै बीचबाट गरिएको यो आक्रमण भएको थियो । यो अवधिमा देशभरि अरू सयौँ सानाठूला कारबाहीहरू भएका थिए । राजधानीको थानकोट र दधिकोट तथा सर्लाही जिल्ला सदरमुकाम मलङ्गवामा गरिएका हमलाहरू पनि निकै उच्चस्तरका थिए । तर ती सबैको नेतृत्व तहमा भने पाल्पा आक्रमण नै रहन गएको थियो ।

(यो सामग्री दीपकको 'जनयुद्ध र जनमुक्ति सेना : सङ्क्षिप्त सिंहावलोकन' पुस्तक २०७४ बाट लिइएको हो- सम्पादक)

समीक्षा

# २७ औँ जनयुद्ध दिवस, युद्ध साहित्य र जनयुद्धसिर्जित कविता



अशोक सुवेदी

२०५२ साल फागुन १ बाट आरम्भ भएको महान् जनयुद्धका २६ वर्ष बितेर २७ वर्ष लागेको छ। जनयुद्ध झन्डै ११ वर्षसम्म सञ्चालनमा रह्यो। दर्शन, विचार, राजनीतिमा झैँ यसले साहित्यमा पनि क्रमभङ्ग गऱ्यो र नयाँ यथार्थ निर्माण गऱ्यो। जनयुद्ध लड्दालड्दै स्रष्टाहरू जन्मिए र स्रष्टाहरूले सिर्जनाबाट योद्धाहरू जन्माए। जनयुद्ध सुरु हुनुभन्दा अघि सिर्जनामा तल्लीन जनयुद्ध आह्वान गरिरहेका मार्क्सवादी स्रष्टाहरूका लागि जनयुद्धको त्याग, शौर्य, वीरता र बलिदान सिर्जनाका लागि नयाँनयाँ ऊर्जाहरू बने भने स्रष्टाका विविध विधाका सिर्जना युद्धका ऊर्जा बने। यसरी जनयुद्धमा साहित्य, कला र संस्कृति र युद्ध अर्थात् हतियारका बीच सहकार्य भयो। स्रष्टाहरू सिर्जना गर्दागर्दै सहिद भए। सहिदका विषयमा सिर्जना गर्ने स्रष्टाहरू सिर्जना गर्दागदै आफैँ सहिद बने। स्रष्टा, संस्कृतिकर्मीहरू आफै पनि सिर्जना गर्दागर्दै युद्धमा सामेल भए। सिर्जना गर्दागर्दै सहिद, बेपत्ता, घाइते र अङ्गभङ्ग भए। महान् वर्गयुद्धमा सामेल हुनेहरू प्रायः नयाँनयाँ अनुभूति, अनुभव र नयाँनयाँ निर्माणसँगै स्रष्टा बने। तिनले विविध विधामा आफ्ना अनुभूतिहरू पस्किए र नयाँ दिशा निर्माणको वातावरण बनाए। एक सय ६० भन्दा बढी स्रष्टा/संस्कृतिकर्मीहरूको युद्धमैदानमै बलिदान भयो। जनयुद्धले निर्माण गरेका वीरता, शौर्य, त्याग र बलिदानका यथार्थ र तथ्यहरू सिर्जनाका विषय बने। स्रष्टाले गरेका त्याग, शौर्य, वीरता र बलिदानका गाथाहरू पार्टीनेता, कार्यकर्तादेखि जनतासम्म सबैका लागि सांस्कृतिक हतियार बने। यसरी महान् जनयुद्ध स्रष्टाका लागि सिर्जना र वैचारिक ऊर्जा बन्यो भने सिर्जना जनयुद्धका लागि ऊर्जा। जनयुद्धको सिर्जना एकीकृत जनक्रान्तिका लागि पनि ऊर्जा बनेर रहेका छन्।

जनयुद्ध समग्र युद्ध भएकाले यसले विचार, राजनीति, साहित्य, कला र संस्कृति सबैतिर प्रभाव पाऱ्यो। यसले पुरानो विचार, सत्ता, संस्कृति, व्यवहार, आनीनी, क्रियाकलापको ध्वंस र त्यसको ठाउँमा नयाँको निर्माण गऱ्यो। साहित्य, कला र संस्कृति पनि नयाँ सत्तासँगै वैज्ञानिक, जनवादी र नयाँ निर्माण हुँदै गए। जनयुद्धका क्रममा र जनयुद्धपछि पनि स्रष्टा र भोक्ताहरूले विभिन्न विधाहरूमा कलम चलाए। साँच्चै वर्गसङ्घर्षमा हेलिएकाहरूमध्ये केही जनयुद्ध विसर्जन गरिएपछि केही थाकेझैँ पनि देखिए। कतिपयले भने आरोहसँगै अवरोहको अवस्थालाई आलोचना गर्दै नयाँ शिराबाट वर्गसङ्घर्ष आरम्भ गर्नुपर्छ भने आशयसाथ सिर्जनालाई निरन्तरता दिइरहे। जनयुद्धकै बाटोबाट आएका एकथरी स्रष्टा बाबुरामका पछि लागेर प्रतिक्रियावादी कित्तातिर लागे भने अर्काथरी प्रचण्डको पछि लागेर दलाली र गद्दारीको बाटो हिँडिरहेका छन्। असली क्रान्तिकारीहरू भने विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, त्यसमातहतको अखिल नेपाल जनसांस्कृतिक महासङ्घमा आबद्ध भएर एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादका पक्षमा सिर्जना गरिरहेका छन्।

जनयुद्ध समाप्त भएको भन्दै कथित शान्तिकालको घोषणा गरेर मूल नेतृत्व वर्गसङ्घर्षबाट पलायन हुँदै गएपछि जनयुद्ध लड्नेहरूभन्दा जनयुद्धलाई सत्तोसराप गर्नेहरू एकएकवटा बहानाबाजी बनाउँदै पार्टी र आन्दोलन लहसिँदै गए। जनयुद्धको समयमा माओवादी नभएर अन्य विभिन्न संसदीय पार्टीमा संलग्न रहेकाहरू र अझ केही त लेकमा भित्तामा टाँसिएर बसेका जुका मानिसको गन्ध पाएपछि सक्सकाएर शरीरभरि टाँसिएझैँ माओवादीमा टाँसिन आइपुगे। यतिबेला ती असली माओवादीलाई पाखा लगाएर निर्लज्ज सांस्कृतिक आन्दोलनको घोडा चढिरहेका छन्। पार्टी सत्तादेखि बुर्जुवा सत्तासम्म तिनै छाएका छन्। कतिपय सांस्कृतिक अगुवा हेर्दाहेर्दै जनयुद्धका महानायक भनिएकाहरूको वैचारिक स्खलन भएजस्तै स्खलित हुँदै भ्रष्टाचार र अनैतिकतामा चुर्लुम्म डुबेका छन्। तर पनि भगौडा र भ्रष्टहरूलाई दलाल, गद्दार र छद्म घोषणा गर्दै एकीकृत जनक्रान्तिसँगै स्रष्टा र संस्कृतिकर्मीहरू सांस्कृतिक आन्दोलन अघि बढाइरहेका छन्। यहाँ हामीले जनयुद्धमा विभिन्न कोणबाट सामेल स्रष्टा, हिजोदेखि आजसम्मका मूलमूल पात्र र सिर्जनाका नाम दिने प्रयास गरेका छौँ। यसलाई जनयुद्धकालीन (जनयुद्ध पक्षधर र समर्थकसमेत) साहित्य/कला/संस्कृतिको एक झलक भन्नु उचित हुनेछ। जनयुद्धले साहित्य, कला, संस्कृतिमा निर्माण गरेको नयाँ यथार्थका बारेमा चैतन्यले क्रान्ति र सौन्दर्यमा विस्तृत चर्चा गरेका छन्। नेकपाका महासचिव विप्लवको एकीकृत जनक्रान्तिका तीनवटै संस्करण, विप्लवका सङ्कलित रचना, वैज्ञानिक समाजवाद, महापतन, हेमन्तप्रकाश ओली 'सुदर्शन' को दार्शनिक रचना, धर्मेन्द्र बास्तोलाको समकालीन विश्व कम्युनिस्ट आन्दोलन, असारे काकाको संस्मरण, अनिल शर्माका सांस्कृतिक रचनालगायत स्रष्टाका कृति र सिर्जनाले एकीकृत जनक्रान्तिको दार्शनिक, वैचारिक, राजनीतिक, सांस्कृतिक आधारलाई मार्गनिर्देश गर्दै यो धारलाई समृद्ध पारेका छन्।

जनयुद्धकाललाई नेपाली प्रगतिवादी साहित्य, कला र संस्कृति निर्माण अर्थात् नयाँ यथार्थ उद्बोधन गर्ने चेतनाका दृष्टिले महत्वपूर्ण अर्थात् उर्वर काल मानिएको छ। मानिस वर्गस्वार्थका लागि आफ्नो व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर वर्गसङ्घर्षमा होमिएको कालखण्ड भएकाले र यस अवस्थामा युद्धका तीक्ष्ण अनुभूतिहरू, मानिसका चौतर्फी समस्या, मान्छेका उदात्तता, त्याग, शौर्य, बलिदान अनि मानिसका सीमा र समस्याहरू नजिकैबाट अध्ययन गर्न वा बुझ्न पाएकाले सिर्जनाका विविध क्षेत्र र आयामका रूपमा यसले उपस्थिति देखाएको पाइन्छ। यस कालमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाल, राज्यआतङ्क, सहयोद्धाहरूको बलिदान, वियोगले सिर्जना गरेको बदलाभाव, मान्छेले मान्छेमाथि देखाएको अपार ममता र वर्गवैरीप्रति प्रदर्शन गरेको अपार घृणाका सन्दर्भहरूले निर्माण पाएको देखिन्छ। यस सङ्क्षिप्त आलेखमा कविता विधा र स्रष्टाका बारेमा सामान्य चर्चा गर्ने प्रयास गरिएको छ।

कविता यस अवधिको केन्द्रीय वा मुख्य विषय हो। सबैभन्दा बढी लेखिएको र कृति प्रकाशित विधा पनि कविता हो। केही कविता कृतिमा कृष्ण सेन 'इच्छुक' का इतिहासको यस घडीमा (२०५६), बन्दी र चन्द्रागिरि (२०५७), समकालीन नेपाली कविता (२०५४), जनयुद्धका कविता (२०६६), पूर्ण विरामका गोविन्दले ठीक भन्यो (२०५०), ए ! मेरो आदरणीय लेकाली फूल (२०६४), लड्न जन्मेकाहरूले (०६४), पौवाकी पौवालीलाई (२०६७), अनिल शर्माका मनका खाडलहरू (२०६०) र अग्निपक्षीका गीतहरू (२०६३), आरबी फ्लेमको ज्वालाका रापहरू (२०५४), पुन्य कार्कीका बाघले घाँस खायो (२०५४) र आस्थाको अग्निपथ (२०६५), खगेन्द्र रानाको म र क्यान्टोनमेन्ट (२०६५), अशोक सुवेदीका युद्धघोष (२०५५), गाउँको रङ फेरिएको छ (२०६२), नयाँ समयका नयाँ मान्छेहरू (२०६२) र चिहानमाथि ठडिएको सालिक (२०६३), लोकेन्द्र बिष्टका रगतको इतिहास (२०६०) र ओ ! मेरा सुन्दर लालीगुराँसहरू (२०६६), निभा शाहका इन्कलाब जिन्दावाद (२०६३), कालापानीकी द्रौपदी (२०६६), मनसरा (२०७२), आर.पी. तिमिल्सिनाको आगो र सपनाहरू (२०६४), वीरबहादुर केसी (रोल्पाली) को राता फूलहरू (२०६३), रामप्रसाद जैसीको सालिक र मान्छेहरू, लोकबहादुर थापामगरको बूढाइम (२०५७), गङ्गामुक्ति पुनको मृत्युञ्जय (२०६३), गणेश शाही 'प्रतीक' को सङ्घर्षका डोबहरू (२०६५), विष्णुबहादुर विश्वकर्माको जुनी (२०६४), भीम रानाभाटको रङ, रगत र मान्छे (२०६४), कुशल बोगटीको श्रीपेचमाथि उभिएर (२०६५), सीताराम केसीको मन्द मन्द मुस्कुराएँ (२०६६), जनक महताराको रक्तिम क्रान्तिको युग (२०६५), डबल महताराको मुक्तियुद्ध (२०६६), शोभा थापाको कठिन यात्राका यात्री (२०६४), तुलराज गिरीको क्रान्ति (२०६५), प्रतिरोध सांस्कृतिक परिवारको प्रतिरोधका आवाजहरू (२०६५), जनार्दन वियोगीको मुक्तिमार्ग (२०५३), यज्ञराज प्रसाईंको रगतको इतिहास (२०६३), चुनु गुरुङको बेलिसरा (२०६६), जयन्ता घर्ती रमाको लडाइँका गीतहरू (२०६६), ऋषिराम लामिछानेको आँधी आउँदै छ (२०६६), डी. कौडिन्यको बन्दुक आँसु र फूलहरू (२०६६), हेमराज पहारीको देशको अभिभारा (२०६१), उदयबहादुर चलाउने 'दीपक' को विद्रोहका पदचापहरू (२०६४), दिल साहनीका आस्थाको सगरमाथा (२०६६), फिलिङ्गा (२०५७) र साइलन्ट इको (अङ्ग्रेजी कवितासङ्ग्रह- २०६३), झपेन्द्रराज वैद्यको अग्रगमन, जनक महताराको रक्तिम क्रान्तिको युग, गङ्गराज सेजुवालको अमरदीप बलेको छ, पुष्पराज ढुङ्गानाको तानाशाही यज्ञ, समीर यात्रीको हिउँ पनि उम्लिरहेछ, युद्धविक्रम शाहीको प्रिय ! म त आकाश बनेको छु (२०६४), चेतकान्त चापागाईंका यात्रा मुक्तिशिखरको (२०५५), राता फूलहरू (२०६६) र जून अस्ताएपछि (२०७२), शोभा दुलालको ज्वालामुखी फुटेपछि (२०६८), युवराज काफ्ले 'नास्तिक' को भत्केको दरबार (२०६५), वेणु आचार्यको एक चोक्टा इतिहास (२०६१), नारायण पोखरेलका टोपी (२०६१), मर्स्याङ्दी (२०६३) र प्रतिबिम्ब (२०६५), यदुविलास भट्टराईको यही देशमा (२०५६), ऋषि बस्ताकोटीको ज्वालाका रापहरू (२०५५), सोम गुरुङको शिखरमा फुलेका फूलहरू (२०५६), मदन भण्डारी र मन क्षेत्रीको जनयुद्ध जारी छ (२०६४), राजकुमार कुँवरको युद्धरत सगरमाथा (२०६६), सहिद सुमित्रा, माधव र आक्रोशको फेरिएका अर्थहरू (२०६३), झपेन्द्र वैद्यका चम्पा (महाकाव्य, २०६६) र अग्रगमन (२०६५), खगेश्वर भण्डारीको रातो सिपाही (खण्डकाव्य, २०६५), सहिद सिर्जना संरक्षण अभियानको सहिद हस्ताक्षर (२०६५), पुरण क्षेत्रीको जलजलाको नूतन सन्देश (२०६३), इच्छुक रचनावली भाग १ र जनयुद्धका कविताहरू, आक्रोश बिहानीको फेरिएका अर्थहरू (२०६३), सहिद टीका श्रेष्ठका कविताहरू (२०६३), रोल्पाली बन्दीहरूको संयुक्त सङ्कलन जन्जिरले बाँधिएका हातहरू (२०५४), पूर्ण इन्फादाको मौन कम्पनहरू (२०५६) र अभिलेख अवशेषहरू (२०६५), कुमार दिङ्लालीको लालपाती (२०६९), सजिना मोक्तानको महासमरका यात्राहरूमा (२०६७), कमल बुढा इमानदारको उद्देश्यको यात्रा (२०६८), भीम भारतीको काँडेतारको यात्रा, धनबहादुर मगरको ङऊ लिङ्ग (२०६५), डा. शिवशङ्कर बस्यालको तिम्रो कानुनका फर्मानविरुद्ध (२०७२), मुक्तान थेवाको अखण्ड आलाप (२०७५) लगायत छन्। रसुवाली कवि, बीपी विद्रोही, आरोह नेपाली, ढुण्डीराज अधिकारी, सीता विक 'सम्झना' उम्दा कवि, गीतकार र गजलकारका रूपमा उदाएका छन् र क्रियाशील छन्। विद्यार्थी नेता प्रकाश शाही, पत्रकार अम्बिका चन्द र झनक श्रेष्ठ पनि सुन्दर कविता सिर्जना गरिरहेका छन्। सामना परिवारका गीतहरू र सामना परिवारमा आबद्ध स्रष्टाका काव्यात्मक सिर्जनाहरू पनि उल्लेख्य छन्।

एकीकृत जनक्रान्ति घनीभूत बन्दै गएपछि नेकपाका महासचिव विप्लवका अत्यन्त धारिला गीत र कविताहरू लेखिएका छन् र गाइएका छन्। हुनत विप्लवले यसअघि पनि सशक्त गीत र कविता लेख्दै आएका हुन्। नेकपाका स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला कञ्चन पनि क्रान्तिकारी कविता लिएर आएका छन्। त्यस्तै, प्रकाण्ड, शिलु, आधार, बन्धु चन्द, खुमा सुवेदी, चिरन पुन पनि गीत र कविता विधामा अग्रसर भएका छन्। एकराज भण्डारी, शान्ता भण्डारीका कविता पनि छिटफुट रूपमा प्रकाशनमा आउने गरेका छन्।

मोहलाल चन्द, बन्धु चन्द, सीता विक, हरिबहादुर कर्माचार्य, जीवन हमाल, अञ्जना सुवेदी, खेम थपलिया, भीम भारती, लम्जेल सङ्घर्षशील, प्रतीक चन्दललगायत स्रष्टा पनि यस क्षेत्रमा क्रियाशील छन्। यीमध्ये अधिकांश जनयुद्धको समयमा जनयुद्धमा सामेल भएर र जनयुद्ध नजिक भएर कविता लेख्ने कवि हुन्। कतिपय स्रष्टा भने जनयुद्धपछि सिर्जना गरिरहेका छन्।

यसक्रममा कतिपय कवि जनयुद्धमा आबद्ध नभए पनि नजिकबाट समर्थन र सहयोग गर्नेहरू छन्। रामप्रसाद ज्ञवालीका एकादेशमा (२०६१) र असुरग्यास (२०६२), स्वप्नलोक (२०७४) ले पनि निरन्तर क्रान्तिका पक्षमा सन्देश प्रवाह गरेका छन्। अतृप्त पाण्डेयको समयसित रुमाल छैन पनि यसै धारको कृति हो। रोशन जनकपुरी जनयुद्धकालीन कवि हुन्। उनी मैथिलीमा पनि लेखिरहेका छन्।

पार्टीमा आबद्ध नभएका, स्वतन्त्र वामपन्थी र क्रान्तिकारी धारमा रहेका कतिपय स्रष्टाहरूले क्रान्तिलाई साथ दिँदै आएका छन्। त्यसप्रकारका स्रष्टाहरूका सिर्जनामा अन्यायअत्याचारको विरोध र समानतामूलक समाज निर्माणको कामना छ तर जनयुद्ध, त्यसले सम्बोधन र निर्माण गरेका विषय र त्यसको महानताका बारेमा खासै चर्चा छैन। सहरदेखि ग्रामीण भेगसम्म जनयुद्ध तथा एकीकृत जनक्रान्तिको धारालाई मूल विषय बनाएर कविता, गीत सिर्जना गर्ने हजारौँ स्रष्टाको लर्को लागेको छ, त्यसको विस्तृत चर्चा यहाँ सम्भव छैन। जनयुद्धको समयमा कविता लेखेका तर यतिबेला कम्युनिस्ट आन्दोलनबाट पलायन भएकाहरूका नाम र सङ्ग्रहहरूको चर्चा यहाँ गरिएको छैन।

कतिपय कवितासङ्ग्रह जनयुद्ध (२०५२-२०६२) जारी रहेकै समयमा र कतिपय जनयुद्ध रोकिएपछिको अवस्थामा लेखिएका छन्। जनयुद्धमा लामबद्ध भएका स्रष्टाहरूले त्यतिबेला र अहिलेसम्म पनि कविता, गीतलगायत माध्यमबाट जनयुद्धको औचित्य, त्याग, शौर्य, बलिदानको औचित्य र महत्तालाई केन्द्रीय विषय बनाएर लेख्ने क्रम जारी छ। सजिलो अवस्थामा माओवादी बनिटोपलेका कतिपयले भने शान्तिकालमा कविता वा अन्य सिर्जना गरेर पनि जनयुद्ध जारी रहेको समयकै मिति उल्लेख गरेको टिप्पणी हुने गरेको छ। त्यो खोजीको विषय छँदैछ। आमूल परिवर्तनका लागि इतिहासमा भएका हरेक आन्दोलन, सङ्घर्ष, क्रान्ति र युद्धपछि एउटा तप्का क्रान्तिलाई निरन्तरता दिने वा रोक्ने विषयको बहसमा निरन्तर क्रान्तिका पक्षमा लामबद्ध हुने गरेको छ र अर्को तप्का थाक्ने, गल्ने वा क्रान्तिबाट पलायन भएर सम्झौतामुखी जीवनदर्शन अपनाउने गरेको छ। २००७ सालदेखि २०२८ सालको झापा विद्रोह, २०३६ सालको जनआन्दोलन, २०५२ साल फागुन १ गतेबाट आरम्भ भएको जनयुद्ध, त्यसैको आधारमा सञ्चालित २०६२-२०६३ को जनआन्दोलन र त्यसपछि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा जारी आन्दोलनहरूमा पनि त्यो प्रवृत्ति पुनरावृत्ति भइरहेको छ। नेपाली प्रगतिवादी कवितामा पनि यसको असर पर्ने गरेको छ। २०६२ सालमा दिल्लीमा भएको १२ बुँदे समझदारी हुँदै २०६३ मा जनयुद्ध समाप्तिको घोषणा, २०६४ सालमा संविधानसभाको निर्वाचन, २०६५ मा राजतन्त्र अन्त्य र गणतन्त्र स्थापनाको घोषणापछि पनि प्रगतिवादी कविहरू नयाँ जनवादी र समाजवादी क्रान्ति हुँदै साम्यवाद प्राप्तिको लक्ष्यलाई मूल केन्द्रबिन्दु बनाएर कविता सिर्जना गरिरहेका छन् भने २०४६ सालको सम्झौता धोका हो भन्दै जनयुद्धमा लागेका र समर्थन गरेका कतिपय कविहरू नयाँ जनवादी क्रान्तिको बाटो परित्याग गरेर संसद्वादी सत्तामा रमाउँदै गएको देखिएको छ। सबैभन्दा विडम्बनाको कुरो त सुगौली, कोसी, गण्डकी र महाकालीमा राष्ट्रघात भएको विषयलाई कविताको केन्द्र बनाउने कतिपय प्रगतिवादी कविहरू बिप्पा, सुपुर्दगी, एयरपोर्ट, जलस्रोत, लिपुलेकलगायतका नेपालको राष्ट्रिय हितविपरीतसन्धि, सम्झौता र सहमतिको समर्थन गरिरहेका छन् वा मौन बसिरहेका छन्। यतिबेला जनयुद्ध हिजोको स्वरूपमा छैन तर जनयुद्धकाल र त्यसपछि पनि जनयुद्धले उठाएका विषयलाई केन्द्र बनाएर प्रगतिवादी कविहरू कविता लेखिरहेका छन्। विशेषगरी यतिबेला नेकपाको नेतृत्वमा सञ्चालित एकीकृत जनक्रान्तिको कार्यदिशालाई केन्द्र बनाएर कविता लेखिरहेका स्रष्टाहरूको एउटा सुन्दर टिम क्रियाशील छ। यो भरोसायोग्य छ।

(२०७४ सालपछि सामान्य परिमार्जनसहित पुनः प्रकाशित)

कविता

## रातो बिहानको प्रतीक्षा

प्रकाश शाही



ऊ खेत खन्दाखन्दै
खेतमै हराएको मान्छे
मैले लाखौँपटक भेट्दा पनि
उसलाई आफ्नो आँगनमा भेट्नै सकिनँ
किनकि ऊसँग आफ्नो जमिन छैन
एक आङ ओत लाग्ने
तिमीले सपना देखाएको धेरै भयो
उसलाई जमिन दिने

ऊ कुल्ली काम गर्दागर्दै
सडकमा हराएको मान्छे
मैले लाखौँपटक भेट्दा पनि
उसलाई आफ्नो गन्तव्यमा भेट्न सकिनँ
किनकि ऊसँग आफ्नो गन्तव्य नै छैन
अरूको काम गर्दागर्दै
तिमीले सपना देखाएको धेरै भयो
उसलाई आफ्नो अधिकार दिने

ऊ परदेश जाँदाजाँदै
परदेशतिरै हराएको मान्छे
मैले लाखौँपटक नियाल्दा पनि
उसलाई आफ्नो भूमिमा देख्न सकिनँ
किनकि
यो त शासकहरूले भाडाका मान्छे जन्माउने देश
तिमीले सपना देखाएको धेरै भयो
एउटा स्वाधीन देश बनाउँछु भनेर
तर आज
देशमा कुल्लीहरू, किसानहरू
आफ्ना जमिन नहुने श्रमजीवीहरू
देशबाट पर पुगेका
देशालाई माया गर्ने परदेशीहरू
मात्र भएजस्तो लाग्छ
किनभने
खेतमा उनीहरू छन्
सडकमा उनीहरू छन्
देशको साँधसिमानामा उनीहरू छन्
जनताको जीवनमा उनीहरू छन्
तिमी सपना देखाउनेहरू खै कहाँ छौ ?
छौ त
तिमी सपना देखाउनेहरू आज
रमितेजस्ता
सहरमा छौ
महलमा छौ
सरकारमा छौ
सदनमा छौ
न्यायालयमा छौ
प्रशासनमा छौ
तर देश र जनताको जीवनमा कहीँ भेटिँदैनौ
राजनीतिक गुजाराका लागि मालिकहरूको पाउ मोल्ने
अस्तित्व हराएको मान्छेजस्ता
त्यसकारण जनतालाई नयाँ बिहान जरुरी छ
रातो घामसहितको।

## फागुन

भीम भारती

टाढाको कार्यक्षेत्रबाट
घरको लामो सम्झना र
छोटो बिदा बोकेर
प्रत्येक वर्ष
घर भेट्न आउने जनमुक्ति सेनाको सीपाहीझैँ
मुक्त आधारइलाकाको असीम प्यार बोकेर
झोलाभरि
जनयुद्ध दिवसको रातो उपहार बोकेर
छातीभरि विजयको गर्व बोकेर
मनभरि उत्साह-उमङ्ग बोकेर
घुम्दै-फिर्दै
तोप पड्काएर, आकाश घन्काएर
फुकेर नयाँ-नयाँ विगुल
हरेक वर्ष एकपटक
आउँछ यहाँ फागुन।

सर्वहारा वर्गको
वार्षिकोत्सवको गीत गाउँदै
शीतल पवन र वसन्त लिएर
रूख-पातहरूले नयाँ पालुवा फेरेझैँ
देशको नयाँ पालुवा लिएर
जनगायकले गाएको गीत-सङ्गीतझैँ
मीठो तरङ्ग लिएर
सब मानवलाई
होस्टेमा हैँसे गर भन्दै
देशले फेरि कम्मर कसेको सन्देश दिँदै
लिएर विभिन्न रक्तिम सगुन
हरेक वर्ष एकपटक
आउँछ यहाँ फागुन।
लामखुम बिहुँकोट बागलुङ

# दोलखामा जनयुद्ध दिवसमा समाज घर शिलान्यास, सहिद परिवार सम्मानित

**दोलखा।**

नेपाल कम्युनिस्ट पार्टी दोलखाले कालिन्चोक गाउँपालिकामा समाजघर उद्घाटन गरी २७ औँ महान् जनयुद्ध दिवस मनाएको छ।

जनयुद्ध दिवसका अवसरमा आयोजित कार्यक्रमका अवसरमा समाज घरको शिलान्यास गरिएको छ। समाज घरको शिलान्यास पार्टीका केन्द्रीय सदस्य एवम् कार्यक्रमका प्रमुख अतिथि पूर्णबहादुर सिंह 'प्रवीण' ले गरेका हुन्। उक्त कार्यक्रममा जनयुद्धका १० जना महान् सहिदहरू चित्रबहादुर थामी, नेत्रबहादुर थामी, तीर्थबहादुर कार्की 'राजु', दिलबहादुर थामी, बाबुकाजी थामी, बिन्दु थामी, भीमसेन बुढाथोकी, रेशम थामी, दीपक थामी र बलदेव थामीका परिवारलाई सम्मान गरिएको थियो। त्यस्तै ६० वर्ष लागेका अग्रज कम्युनिस्ट कर्णबहादुर थामी र गङ्गा थपलियालाई सम्मान गरिएको थियो। सहिद परिवार र अग्रज कम्युनिस्ट योद्धालाई कार्यक्रमका प्रमुख अतिथि प्रवीणले अबिर र खादा लगाएर सम्मान गरेका थिए।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि एवम् पार्टीका केन्द्रीय सदस्य प्रवीणले आफ्नो पार्टीका नेता-कार्यकर्तालगायत योद्धाले मृत्युलाई जितेर आएकाले जसरी पनि महान् जनयुद्धको लक्ष्य एवम् सहिदहरूको सपना पूरा गरिछाड्ने बताए। उनले जनताको सत्ता नआउँदासम्म लडिरहने बताए। मन्तव्यका क्रममा उनले यो जनविरोधी दलालहरूको सत्तालाई जसरी पनि ढालिछाड्ने बताए। उनले नेपालका नदीनाला, उद्योगधन्दा दलालहरूले बेचेर खाएकाले त्यसका विरुद्ध सशक्त रूपमा लड्न आमदोलखाली क्रान्तिकारी जनसमुदायलाई अपिलसमेत गरे। उनले विदेश गएका युबाहरूले समेत देश बनाउन एकपटक अन्तिम लडाइँ लड्नका निमित्त तयार हुनुपर्ने बताए। मन्तव्यका क्रममा उनले चुनावको बेला भोट माग्न आउने दलालहरूलाई प्रतिरोध गर्न अनुरोध गर्दै वैज्ञानिक समाजवाद स्थापनाका निमित्त जनमतसङ्ग्रह गर्नुपर्ने बताए।

दोलखा जिल्ला सेक्रेटरी माधव गौतमको अध्यक्षतामा भएको उक्त कार्यक्रमको सञ्चालन पार्टीका विशेष समिति सदस्य अर्जुन योगीले गरेका थिए। २७ औँ जनयुद्ध दिवस मनाउँदा विभिन्न क्षेत्रबाट सांस्कृतिक झाँकीहरू समेत निकालिएको थियो।

## एमसीसी विरुद्ध ....

लेखिएको कालो ब्यानर टाँसिएको छ । अखिल (क्रान्तिकारी) जनप्रिय मूल एकाइ समितिले उक्त ब्यानर टाँसिएको जानकारी अखिल (क्रान्तिकारी) की केन्द्रीय सदस्य कमला परियारले दिइन् ।

अखिल (क्रान्तिकारी) लमजुङले पनि मध्यनेपाल नगरपालिका, दुईपिप्लेमा रहेको पुष्पलता जनएकता क्याम्पसको गेटमा एमसीसीविरुद्धको कालो ब्यानर टाँसेको अखिल (क्रान्तिकारी) लमजुङका अध्यक्ष राजन साउदले जानकारी दिए । अखिल (क्रान्तिकारी) गोरखा ले त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस गोर्खा क्याम्पस र शक्ति माविमा एमसीसीविरुद्धको कालो ब्यानर टाँसेको जानकारी अखिल क्रान्तिकारी गोरखाका जिल्ला अध्यक्ष गगन परियारले दिए ।

एमसीसी सम्झौता राष्ट्रघाती रहेको र यस विषयमा विद्यार्थीलाई जागरुक बनाउन र राष्ट्रिय स्वाधीनताका पक्षमा एकजुट बनाउनका लागि आफूहरूले यो अभियान चलाएको सङ्गठनले जनाएको छ ।

## नेपाली जनप्रगतिशील ....

मान्य नहुने बताए । आफ्नो पार्टी जनयुद्धको उद्देश्यप्रति दृढ हुँदै नेपालको दलाल तथा संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नका लागि निरन्तर क्रान्तिको मार्गमा रहेको बताए । उनले भने, 'तपाईंहरू जहाँ भए पनि जनताको मुक्तिका लागि सङ्घर्ष गर्नुस्, देशमा क्रान्ति सम्पन्न भएपछि मात्र तपाईंहरूजस्ता सबै युवाले देशमा नै अवसर पाउनेछन् ।'

उक्त कार्यक्रममा प्रगतिशील नेपाली समाज युरोपका संयोजक दीपेन्द्र गहतराज, प्रवासी नेपाली एकता समाजका प्रतिनिधि निराजन सुवेदी, नेपाली जनसम्पर्क समिति युरोपका महामन्त्री गङ्गाधर गौतम, प्रवासी नेपाली मञ्च युरोपका अध्यक्ष गोविन्द पौडेल, नेपाली जनप्रगतिशील मञ्च युरोपका प्रतिनिधि तथा सहिद परिवारका सदस्य उदय गौतम, नेपाली जनप्रगतिशील मोर्चा मध्यपूर्व अधिवेशन आयोजक समितिका संयोजक रमेश गिरी र कम्युनिस्ट पार्टी इटाली माओवादीका प्रतिनिधिले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा सहिद परिवारका सदस्यहरू टीकाराम ओली, राजकुमार घमाल र उदय गौतमलाई सम्मान गरिएको थियो । कार्यक्रममा नेसनल डेमोक्रेटिक फ्रन्ट फिलिपिन र पोर्चुगिज वर्कर्स कम्युनिस्ट पार्टीबाट शुभकामना सन्देशसहित प्राप्त पत्र वाचन गरिएको थियो । नेपाली जनप्रगतिशील मोर्चाका विभिन्न देशका नेता तथा कार्यकर्ताहरूको उपस्थितिमा बाक्लो उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता मोर्चाका अध्यक्ष विष्णु भुजेलले गरेका थिए । कार्यक्रमको सञ्चालन मोर्चाका महासचिव सुवर्णबाबु सापकोटाले गरेका थिए भने उपस्थित सम्पूर्णलाई मोर्चाका उपाध्यक्ष वदन योङ्हाङले स्वागत गरेका थिए ।

## जनस्वास्थ्य सेवा केन्द्र ....

आफ्नो देश नबनाएसम्म जनता कहिल्यै खुसी हुने छैनन् ।'

'सङ्घर्षमा थाक्नु हुँदैन । मन्त्री र प्रधानमन्त्री हुनका लागि जनता, सहिदका सपना र घाइते योद्धाहरूलाई सडकमै छोड्नु हुँदैन । सबै नेपाली जनता खुसी भएको दिन नेता स्वतः खुसी भइहाल्छन् । जनताभन्दा अलग सुखको खोजी गर्नु हुन्न', महासचिव विप्लवले भने ।

नेपालका संसद्वादी दलहरूले नेपाली जनताको सेवा गरेर, सुख, शान्ति र समृद्धिको सपना पूरा गरेर नभई वासिङ्टनका मालिकको पाउ मोलेपछि कुर्सी बच्छ भन्ने सोचाइ राखेको महासचिव विप्लवको टिप्पणी थियो ।

बाबुरामले नेपाली जनतालाई लडाउनसम्म लडाएर त्यही रगत र बलिदानबाट नेता भए पनि आखिरमा माओवादी आन्दोलन नै छोडेर भागेको महासचिव विप्लवले बताए । प्रचण्डको प्रसङ्ग जोड्दै विप्लवले भने, 'प्रचण्ड एकै दिनमा मर्ने र बाँच्ने चरित्र प्रदर्शन गरिरहेका छन् । प्रचण्डको ताल हेर्दा अमेरिकासँग याचना पनि गर्ने र पार्टीमा फर्केर म मान्दिनँ पनि भन्ने दिशाविहीन चरित्र देखाइरहेका छन् ।'

महासचिव विप्लवले महान् जनयुद्धको लडाइँले शेरबहादुर देउवालाई जेलमुक्त गरेको स्पष्ट पार्दै जनयुद्ध नभएको भए ज्ञानेन्द्र शाहकै जेलभित्रै सड्ने निश्चित भएको स्पष्ट पारे । इच्छाले कसैले पनि बन्दुक नबोक्ने प्रस्ट पार्दै उनले भने, 'राज्यले बन्दुक बोक्न बाध्य बनाउँछ । जनताले लड्नुस् भने हामी लड्न तयार छौँ ।'

महासचिव विप्लवले भने, 'धन, दौलत, आराम, मोजमस्ती गरेर जीवन बिताउने चाहना छैन । नेपाली जनता खुसी भएछन् भने हामी पनि खुसी हुन्छौँ । नेपाल मुक्त भएपछि हामी पनि मुक्त हुन्छौँ । नेपाली जनता दुःखी र बन्धक हुन्छन् भने हामी लडेर बलिदान गर्न तयार छौँ तर हामी जनतालाई छोडेर एक्लै हिँड्दैनौँ ।'

'हामीलाई पैसा चाहिन्छ तर पैसाको भोको भएर जनतालाई त्याग्न सक्दैनौँ', महासचिव विप्लवले भने, 'हामीलाई जिम्मेवारी पनि चाहिन्छ तर जिम्मेवारीको लोभमा देशलाई घात गरेर जान सकिँदैन । नेपाली जनताले चाहेको व्यवस्था नल्याएसम्म पार्टीले निरन्तर सङ्घर्ष गरिरहन्छ', महासचिव विप्लवले भने ।

महासचिव विप्लवले भने, 'होची मिन्हले भनेझैँ हजार वर्ष लड्छौँ तर थाक्दैनौँ । हामी सानो धनदौलत, पैसा, लोभलालचका अगाडि ऱ्याल चुहाएर हिँड्दैनौँ । एउटा मन्त्री पाए जुत्ता खोलेर त्यतै दौडने होइन । मन्त्री पाए पार्टी फेर्ने, मन्त्री, पद, पैसा र कुर्सी देश र जनताका लागि लड्ने पार्टीको अगाडि केही पनि होइन ।'

'जनमतसङ्ग्रह गरौँ न ! जनमतसङ्ग्रह गरेर एकचोटि नेपाली जनतालाई व्यवस्था रोज्ने अधिकार दिऊँ', महासचिव विप्लवले भने, 'जनमतसङ्ग्रह सुन्न नचाहने, जबर्जस्ती स्थानीय चुनाव र सङ्घीय चुनावको घोषणा गरेर नेपालको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक समस्याको समाधान हुँदैन ।'

सम्पूर्ण राजबन्दी रिहा नगरी, झूट्टा मुद्दाहरू खारेज नगरी तत्कालीन केपी वली नेतृत्वको सरकार र देउवा नेतृत्वको सरकारले आफूहरूलाई दबाब दिन खोजेको महासचिव विप्लवले बताए । लडाइँमा हार-जित हुने तर सत्यका पक्षमा निरन्तर लडियो भने अन्तिममा विजय जनताकै हुने महासचिव विप्लवको भनाइ थियो । उनले जनताको शक्ति र सत्यका सामु कोही टिक्न नसक्ने भन्दै सत्य र जनतालाई समातेर निरन्तर अगाडि बढ्नुपर्ने धारणा व्यक्त गरे । 'अपूरो सपना र अधुरो यात्रा पूरा गर्न सक्छौँ । त्यही सङ्कल्प र प्रतिबद्धतासहित अगाडि बढौँ', महासचिव विप्लवले भने ।

नेकपाका महासचिव विप्लवको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता नेकपा केन्द्रीय सदस्य तथा कपिलवस्तु-अर्घाखाँची जिल्ला इन्चार्ज जुझारुले गरेका थिए भने कार्यक्रमको सञ्चालन नेकपा कपिलवस्तु सेक्रेटरी कमलले गरेका थिए । कार्यक्रममा सहभागीहरूलाई नेकपा कपिलवस्तुका सदस्य पावेलले स्वागत गरेका थिए भने शुभकामना मन्तव्य नेकपा केन्द्रीय सञ्जीव र केन्द्रीय सदस्य भेषराजले गरेका थिए । कार्यक्रममा रक्तरञ्जित सांस्कृतिक परिवार कपिलवस्तुका कलाकारले स्वागत नृत्य प्रस्तुत गरेका थिए ।

## २७औँ जनयुद्ध दिवसमा मधेस ....

बिदा दिएको पहिलो घटना हो । जनयुद्धले नयाँ जनवादी गणतन्त्र हुँदै वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्देश्य बोकेको भए पनि जनयुद्धको मूल नेतृत्वले धोका दिँदा जनयुद्ध असफलतामा टुङ्गिएको थियो ।

जनयुद्धले दलित, महिला, कर्णालीसँगै तराई-मधेसका उत्पीडित जनतालाई आफ्नो हकअधिकारका लागि लड्न प्रेरित गरेको थियो । जनयुद्धकै कारण तराई मधेसका जनताको चेतना अभिवृद्धि भई जनयुद्धमा लामबद्ध बनेका थिए । जनयुद्धमा कम्तीमा दस हजार योद्धाले बलिदान गरेका थिए भने हजारौँ योद्धा अझसम्म बेपत्ता अवस्थामै छन् । त्यस्तै दसौँ हजार योद्धा घाइते र अपाङ्ग बनेका थिए । यसमा तराई-मधेसको पनि उल्लेख्य सहभागिता छ ।

प्रचण्ड-बाबुरामलगायत जनयुद्धको नेतृत्वको एउटा पङ्क्तिले पुरानो विचार र सत्तासँग आत्मसमर्पण गरेपछि जनयुद्ध उद्देश्य हासिल नगरी विघटित भएको थियो । विप्लवको नेतृत्वमा नेकपाले जनयुद्धका अधुरा कार्यभार पूरा गर्न एकीकृत जनक्रान्तिको कार्यदिशा विकास गरी क्रान्ति अघि बढाएको छ ।

## उपत्यकाका तीन ....

एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत पूरा गरेरै छोड्छौँ ।' उनले उपस्थित सबैलाई जनयुद्ध दिवसको शुभकामना दिँदै पार्टीको कार्यदिशामा लामबद्ध भएर लाग्न सबैलाई अपिल गरे ।

कार्यक्रममा पार्टी केन्द्रीय सदस्य, जनपत्रकार सङ्गठन नेपालका इन्चार्ज तथा रातो खबरका निर्देशक वसन्त श्रेष्ठ 'प्रज्वलन' ले जनयुद्ध दिवसका अवसरमा सबैलाई शुभकामना दिँदै जनयुद्ध जुन उद्देश्यका साथ सुरु भएको थियो, त्यो उद्देश्य पूरा नहुँदासम्म अन्तिम समयसम्म लागिपर्नका सबैलाई आह्वान गरे ।

उनले जनयुद्धका क्रममा बेपत्ता भएका करिव तीन हजार योद्धाहरूको अवस्था सार्वजनिक गर्न जोडदार रूपमा आवाज उठाउनुपर्ने बताए । पार्टी शान्तिप्रक्रियामा आएको लामो समय भइसक्दा पनि बेपत्ता योद्धाहरूको स्थिति सार्वजनिक नहुनु आश्चर्यजनक भएको भन्दै उनले यसका लागि पार्टीपङ्क्तिले सङ्घर्ष गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा केन्द्रीय सदस्य तथा ललितपुर-भक्तपुर जिल्ला इन्चार्ज नवीन विश्वकर्मा 'हितमान', केन्द्रीय सदस्य तथा पार्टी केन्द्रीय कार्यालयमा कार्यरत चूडामणि ओली 'आदर्श', केन्द्रीय सदस्य तथा म्याग्दी जिल्ला इन्चार्ज विप्लव, केन्द्रीय सदस्य तथा अनेमसङ्घ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्द, केन्द्रीय सदस्य तथा श्रमिक समुदाय मोर्चाका अध्यक्ष रामलाल विश्वकर्मा, केन्द्रीय सदस्य तथा जनक्रान्तिका सहिद परिवार सङ्गठनकी अध्यक्ष खुमा सुवेदीले शुभकामना मन्तव्य राखेका थिए ।

त्यस्तै, युवा सङ्गठनका अध्यक्ष पाटन जङ्गली, अखिल (क्रान्तिकारी) का अध्यक्ष प्रकाश शाही, जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलियाले पनि शुभकामना मन्तव्य राखेका थिए । अखिल नेपाल जनसांस्कृतिक महासंघको केन्द्रीय टोली सामना परिवारले जनवादी गीतसंगीत प्रस्तुत गरेको थियो । कार्यक्रममा हास्य कलाकार सुबोध गौतमले प्रहसन प्रस्तुत गरेका थिए ।

## एमसीसीविरुद्ध ....

कम्प्याक्टविरोधी सङ्घर्ष र शेरबहादुर देउवा सरकारलगायत अमेरिकी साम्राज्यवादका दलाल एवम् एमसीसी कम्प्याक्टका पिछलग्गुहरूबीचको पेचिलो सङ्घर्षको मोर्चाका क्रममा अमेरिकी साम्राज्यवादको हस्तक्षेप, दबाब एवम् धम्की र देउवा सरकारलगायत राष्ट्रघाती एवम् जनघाती दलालहरूको आत्मसमर्पणका कारण फागुन ४ गते बोलाइएको संसद् बैठकमा एमसीसी कम्प्याक्ट सदनमा टेबुल गर्ने र पारित गर्ने अन्तिम प्रपञ्च गरिराखेका छन् । उपरोक्त राष्ट्रघाती षड्यन्त्रविरुद्ध राष्ट्रिय मुक्ति आन्दोलन सञ्चालन गरिराखेका देशभक्त नेपाली जनतालाई सह्य छैन । एमसीसी कम्प्याक्टलाई खारेज गर्ने सशक्त र उच्च तहको सङ्घर्षको कार्यक्रम अनिवार्य बन्न पुगेको छ ।'

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो राष्ट्रिय स्वाधीनतामाथि खतरा निम्त्याउने एमसीसी कम्प्याक्टका विरुद्ध उच्च तहको जुझारु एवम् प्रभावकारी सङ्घर्षको कार्यक्रमबाट देउवा सरकार र नेपाली दलालहरूको फागुन ४ गते संसद्मा एमसीसी कम्प्याक्ट पेस गर्ने र पारित गर्ने षड्यन्त्रलाई परास्त गर्नु हामी सङ्घर्षरत ५ कम्युनिस्ट पार्टी र १ मोर्चाको आफ्नो कर्तव्य र राष्ट्रिय स्वाधीनताको आन्दोलनको ऐतिहासिक आवश्यकता ठानेका छौँ । विषयको यही गाम्भीर्यलाई दृष्टिगत गरी फागुन १ गते घोषणा गरिएको देशव्यापी विरोध प्रदर्शन र सभा कार्यक्रमलाई गुणात्मक रूपमा विकास गरी तपसिलबमोजिम सार्वजनिक गरेका छौँ । घोषित सङ्घर्षको कार्यक्रमलाई भव्य रूपमा सफल पारी देउवा सरकारको एमसीसी कम्प्याक्ट पारित गराउने गुरुयोजनालाई नेस्तनामुद पार्न देशका कम्युनिस्ट क्रान्तिकारी, सच्चा लोकतन्त्रवादीहरू देशभक्त शक्तिहरू मजदुर, किसान मध्यम वर्ग राष्ट्रिय उद्यमी, व्यवसायी, विद्यार्थी, बुद्धिजीवी, शिक्षक, व्यापारी, कर्मचारी, सुरक्षा क्षेत्र, साहित्यकार, कलाकार, पत्रकारलगायत सम्पूर्ण राष्ट्रप्रेमी नेपाली जनतामा हार्दिक आह्वान गर्दछौँ ।'

नेकपालगायत देशभक्त र क्रान्तिकारी दल, शक्ति र जनताले राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर्न माग गर्दै लामो समयदेखि सडक सङ्घर्ष जारी राखेका छन् ।

## कालीकोटमा २७औं ....

दिवसको शुभकामना दिँदै जनयुद्धको औचित्य प्रचण्ड-बाबुरामहरूले सके पनि आफ्नो पार्टीले नसकेको बताए । उनले जनयुद्धका घाइते, अपाङ्ग र जनयुद्धमा साथ दिने जनताको उच्च सम्मान गदै सहिद परिवार, बेपत्ता परिवारहरूलाई निरास नहुन आग्रह गरे ।

कार्यक्रममा जनयुद्धमा योगदान पुऱ्याउने घाइते टन टमटा, उमेश खड्का, वृद्ध कम्युनिस्ट नेता राजन रोकाय, सङ्घर्ष दर्जी, मीना तिरुवा, सेती महतारालगायतलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

उक्त कार्यक्रममा अतिथिका रूपमा साधारण शाखा सेक्रेटरी नेत्रराज बराल 'भूकम्प', एकीकृत जनक्रान्तिका घाइते टन टमटा, जनयुद्धका घाइते उमेश खड्का, महान् सहिदका आफन्तजन, लामो समयसम्म कम्युनिस्ट आन्दोलनमा लागेका अग्रज राजन रोकाया, सङ्घर्ष दर्जी, मीना तिरुवा, सेती महतारालगायत रहेका थिए । कार्यक्रमको सञ्चालन नगर समितिका सचिव निर्देशनले गरेका थिए ।

यसैबीच नेकपा पचालझरना गाउँ समितिको आयोजनामा जनसमुदायको सहभागितामा जनयुद्ध दिवस मनाइएको छ । गाउँ समितिका सेक्रेटरी तखतको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेकपा जिल्ला सदस्य साहसी प्रमुख अतिथि थिए ।

साहसीले जनयुद्ध दिवस मनाइरहँदा जनयुद्धको सपना पूरा गर्ने पार्टी नेकपा मात्र रहेको बताए । उनले प्रचण्ड-बाबुरामहरूले जनयुद्धप्रति घात गरेर आत्मसमर्पण गरेको र उनीहरूको धोका र गद्दारीविरुद्ध क्रान्तिको झन्डा नेकपाले उठाएको बताए । नेता साहसीले अहिले पनि प्रचण्ड-बाबुरामहरू जनतालाई थप धोका दिन राष्ट्रघाती, जनघाती एमसीसीजस्तो परियोजना संसद्बाट अनुमोदन गराउनेतिर लागेको प्रस्ट पारे । उनले दलाल संसदीय व्यवस्थाको संरक्षण गर्ने प्रचण्ड-बाबुरामहरू जनयुद्धमा सामेल नभई धनयुद्धमा सामेल भएको पुष्टि भएको बताए । गाउँ समिति इन्चार्ज दलमानले देश र जनताको मुक्तिको प्रतिनिधित्व गर्ने नेपाल कम्युनिस्ट पार्टी मात्र भएको बताए ।

## नेकपाले ....

पहिलोपटक जनताको सत्ता, जनताको सेना, जनताको न्यायालय, शिक्षा, स्वास्थ्य, अर्थसम्बन्धहरू निर्माण गर्न सफल भएको थियो । तर प्रचण्ड-बाबुरामलगायत नेताहरूको विचलनका कारण जनयुद्ध अपूर्णतामा टुङ्गियो । जनयुद्धको अपूर्णताका कारण नेपाली जनताको पूर्ण मुक्ति एवम् नयाँ जनवाद-वैज्ञानिक समाजवाद प्राप्तिको चाहना अधुरै रह्यो ।'

मुलुकको विद्यमान अवस्थाका बारेमा चर्चा गदै महासचिव विप्लवले भनेका छन्, 'आज दलाल पुँजीवादी सत्ता र श्रमिक जनताबीचको सङ्घर्ष तीव्र बन्दै गएको छ । अनेकौँ राष्ट्रघात, जनघात, भ्रष्टाचारमा चुर्लुम्म डुब्दै दलाल पुँजीवादी सत्ता र संसद्वादी तत्वहरू सङ्कटग्रस्त बन्न पुगेका छन् तर संसद्वादी तत्वहरूको बुद्धि फिर्नुको सट्टा आफ्नो तुच्छ कुर्सीस्वार्थ पूरा गर्न एमसीसीजस्ता घोर राष्ट्रघाती सम्झौता लाद्न उद्यत छन् ।'

नेपाली जनताको चाहना, आवश्यकता र अवस्थाका बारेमा महासचिव विप्लवले वक्तव्यमा भनेका छन्, 'हाम्रो पार्टीको सुस्पष्ट दृष्टिकोण छ- नेपाली श्रमिक जनताले आजको दलाल पुँजीवादी संसदीय व्यवस्थाको अग्रगामी एवम् क्रान्तिकारी विकल्प वैज्ञानिक समाजवाद चाहिरहेका छन् । त्यसका लागि असफल संसदीय व्यवस्थाको निरन्तरता होइन, जनमतसङ्ग्रहद्वारा राजनीतिक व्यवस्था छान्ने र चुन्ने अधिकार प्रदान गर्नुपर्छ । तर सरकार र संसद्वादी पार्टीहरू हाम्रो पार्टीसँग राज्यले गरेको ३ बुँदे सहमति पनि इमानदारीपूर्वक कार्यान्वयन गर्नुको सट्टा बेइमानी गरिरहेका छन् । सहमतिअनुसार इमानदारीपूर्वक बन्दी कमरेहरूलाई मुक्त गर्नु र नेता-कार्यकर्ताहरूमाथि लगाइएका झूट्टा मुद्दाहरू खारेज गर्नुको बदला अनेकौँ कानुनी बहाना देखाएर अल्झाउने गलत कार्य गरिरहेका छन् । हामी सरकारलाई ३ बुँदे सहमतिप्रति इमानदार बन्न विशेष जोड दिन चाहन्छौँ ।'

महासचिव विप्लवले वक्तव्यको अन्त्यमा भनेका छन्, 'महान् जनयुद्धको गौरवलाई पकड्दै एकीकृत जनक्रान्तिलाई विजयतिर अगाडि बढाऔँ । जनताको मुक्ति, राष्ट्रको स्वाधीनताका पक्षमा उभिने र मिल्न सकिने सबै कम्युनिस्ट, देशभक्त, प्रगतिशील लोकतन्त्रवादी, वामपन्थी मित्रहरू एकताबद्ध बनौँ । दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थाको स्थानमा वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् लक्ष्यमा समर्पित बनौँ । श्रमिक जनताको विजयलाई कसैले पनि रोक्न सक्नेछैन ।'

२०५२ साल फागुन १ गते तत्कालीन नेकपा (माओवादी) को नेतृत्वमा जनयुद्ध आरम्भ भएको ऐतिहासिक दिनलाई नेपालका क्रान्तिकारी कम्युनिस्ट शक्ति र विशेषगरी नेपाल कम्युनिस्ट पार्टीले विशेष पर्वका रूपमा मनाउँदै आएको छ ।

नेकपाले पार्टी र पार्टी आबद्ध विभिन्न जवस, मोर्चाहरूले देशका सम्पूर्ण जिल्लामा विभिन्न रचनात्मक र सिर्जनात्मक कार्यक्रम गरी २७ औँ जनयुद्ध दिवस मनाउने निर्णय गरेको थियो । कार्यक्रमअनुसार १ गते बिहान खुसीयाली तथा शुभकामना आदानप्रदान गर्ने, दिउँसो उत्सव मनाउने, सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्ने र साँझ दीपावली गर्ने कार्यक्रम सार्वजनिक भएको थियो ।

२०५२ साल फागुन १ गते नेपालमा जनयुद्ध सुरुआत भएको दिन हो । सत्ताईस वर्षअघि 'विद्रोह जनताको अधिकार हो । प्रतिक्रियावादी राज्यसत्ता अन्त्य गरी नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौँ' भन्ने मूल नाराका साथ नेपालमा राजतन्त्रात्मक सामन्ती राज्यव्यवस्थालाई ध्वंस गरी नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्ने उद्देश्यसहित तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा जनयुद्ध सञ्चालन भएको थियो । त्यसैले हरेक वर्ष फागुन १ गतेको दिनलाई नेपालका क्रान्तिकारीहरूले ऐतिहासिक जनयुद्ध दिवसका रूपमा मनाउँदै आएका हुन् । 'एक झिल्को आगोले संसार डढाउन सक्छ' भनेझैँ सानो शक्तिबाट सुरुआत भएको सशस्त्र क्रान्ति दिनप्रतिदिन विकास गर्दै दस वर्षमा राज्यव्यवस्थालाई नै चुनौती दिन सफल भएको थियो । संसारका सबै सत्ताधारीले सुरुमा विद्रोह र क्रान्तिकारी शक्तिलाई जहिले पनि कमजोर आँकलन गर्ने गर्दछन्, पत्याउँदैनन् र बेवास्ता गर्छन् । जब त्यही विद्रोह राँको बनेर राज्यव्यवस्थामा डढेलो लाग्न थाल्छ अनि मात्र शासकले विद्रोही शक्तिलाई स्वीकार गर्छ र दमनको सहारा लिन पुग्छ तर विद्रोह कति शक्तिशाली भइसकेको हुन्छ भने कुनै पनि दमनका हथकण्डाले क्रान्ति रोकिँदैन । झन्पछि झन् अघि बढ्छ अनि ढिलो वा चाँडो कि विद्रोहीसँग सम्झौताको हात बढाउनुपर्ने वा शासक आफैँ शासनसत्ता गुमाउन तयार हुनुपर्छ । यो विश्वइतिहासकै कटु सत्य हो । जनयुद्धको सवालमा पनि त्यही भयो । कतिले गुलेली चलाउन नजान्नेले बन्दुकको कुरा गर्ने ? भन्दै हाँसोमा उडाए भने तत्कालीन गृहमन्त्री खुमबहादुर खड्काले जनयुद्धलाई तीन महिनामा समाप्त पार्ने घोषणा गरेका थिए । सरकारले माओवादी जनयुद्धविरुद्ध किलो सेरा टु, कर्डेन एन्ड सर्च अप्रेसन, कम्बिङ अप्रेसन, सर्च एन्ड डिस्ट्रोयलगायत विभिन्न फौजी अप्रेसन चलाएको थियो । तत्कालीन प्रहरी शक्ति माओवादीबाट पराजित भएपछि गिरिजाप्रसाद कोइरालाले माओवादीविरुद्ध शाहीसेना परिचालनको तयारी गरेका थिए तर तत्कालीन राजा वीरेन्द्र माओवादीविरुद्ध सेना परिचालन गर्न तयार भएनन् र सेना परिचालनको अनुमति दिएनन्, बरु वार्ताबाट समस्याको समाधान गर्नुपर्ने अडान लिए । त्यसपछि अर्धसैनिक बलका रूपमा सशस्त्र प्रहरी बल गठन गरी माओवादीविरुद्ध परिचालन भयो । तैपनि माओवादी जनयुद्ध निस्तेज भएन ।

२०५८ सालमा राजा वीरेन्द्रको वंशनासपछि देशमा सङ्कट झनै गहिरिँदै गयो । सरकारले सङ्कटकाल घोषणा गऱ्यो र सेना परिचालन गऱ्यो । राज्यले माओवादीलाई आतङ्ककारी घोषणा गरी नेताहरूको टाउकाको मूल्य तोकेर जिउँदो वा मरेको अवस्थामा ल्याउनेलाई लाखौँ पुरस्कार दिने घोषणा गऱ्यो । राष्ट्रिय रूपमा मात्र नभई अन्तर्राष्ट्रिय रूपबाट समेत राजनीतिक, आर्थिक र अनेकौँ आधुनिक हातहतियार र सैन्य सहयोगसहित माओवादीलाई समाप्त पार्न अन्तर्राष्ट्रिय शक्ति केन्द्रसमेत लागिपरे । तर पनि तत्कालीन शाहीसेनाले पनि माओवादी जनयुद्धलाई समाप्त गर्न सकेन । बरु माओवादी जनमुक्ति सेनाले शाहीसेनाकै ब्यारेकमा आक्रमण गर्न थाले र सरकारी सेनाका अत्याधुनिक हतियार खोस्ने तथा थप शक्तिशाली हुने क्रममा वृद्धि भयो । झन् उच्च सैन्य संरचना र राजनीतिक सङ्गठन घोषणा गर्दै जनतामा समेत झाङ्गिन पुग्यो ।

उता दुईपटक औपचारिक रूपले वार्ता भए पनि माओवादीका तर्फबाट राखिएको गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचन गर्नुपर्ने माग सरकारले अस्वीकार गरेपछि वार्ता असफल हुन पुग्यो ।

वीरेन्द्र वंशनाश गरी सत्तासीन भएका तत्कालीन राजा ज्ञानेन्द्रले शाही 'कू' गरी सम्पूर्ण शक्ति आफ्नो हातमा लिएपछि संवैधानिक राजतन्त्र र संविधान मान्दै माओवादीविरुद्धमा रहेका नेपाली काङ्ग्रेस, नेकपा एमालेलगायत अन्य राजनीतिक पार्टीहरू पनि माओवादीसँग हातेमालो गर्दै राजतन्त्रको अन्त्य गरी देशमा गणतन्त्र स्थापना गर्न र संविधानसभाको निर्वाचन गर्न तयार भए । जसको परिणाम २०६२ मा नेकपा माओवादी र सात राजनीतिक पार्टीबीच १२ बुँदे सहमतिपत्रमा हस्ताक्षर भयो । यसबीचमा करिब दस हजार योद्धाको बलिदान भयो । हजारौँ बेपत्ता भए । दसौँ हजार घाइते र अपाङ्ग बने । यसरी जनयुद्धको जगमा ऐतिहासिक जनआन्दोलन २०६२/०६३ सम्पन्न भयो र नेपालमा करिब साढे दुई सय वर्षको राजतन्त्र अन्त्य भई लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । माओवादी पार्टीको सिद्धान्तसँग पूर्ण रूपमा सहमत नहुने तर आज आफूलाई लोकतान्त्रिक गणतन्त्र नेपालको नागरिक भएकोमा गौरव गर्ने जो कसैले पनि नेपालमा माओवादी जनयुद्धबिना लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव थिएन भन्ने ऐतिहासिक तथ्यलाई स्वीकार गर्दछन् किनभने जनयुद्ध र जनआन्दोलनको संयोजनबाटै देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो ।

यद्यपि चुनबाङ बैठकबाट पुष्पकमल दाहाल र बाबुराम भट्टराईहरूले लोकतान्त्रिक गणतन्त्रमा जाने कार्यक्रम तय गरेर जनयुद्धलाई कमजोर बनाउँदै अन्ततः जनयुद्धका सम्पूर्ण उपलब्धिहरू संसदीय व्यवस्थासँग साट्न पुगे । नेपाली जनताले जनयुद्धबाट नेपालमा राजतन्त्रको अन्त्य मात्र नभएर जनगणतन्त्रको स्थापना हुँदै वैज्ञानिक समाजवादको स्थापना गर्ने लक्ष्य राखेर बलिदान गरेका थिए । जनयुद्धका प्रमुख नेतृत्व मानिएकाहरूले नै बाटो बिराउँदा जनताका सपना पूरा हुन सकेनन् । जनताको सपनाविपरीत गतिविधि र क्रियाकलापले जनतामा छिट्टै असन्तोष सिर्जना भयो ।

जनयुद्धको अन्तिम उद्देश्य लोकतान्त्रिक गणतन्त्र थिएन । नयाँ जनवादी राज्यव्यवस्था स्थापना निर्णायक तयारी गर्न भन्दै शान्ति वार्तामा आएको माओवादीको मूल नेतृत्व आंशिक सुधारमै अलमलिन र पुरानै सत्तासीन वर्गको वरिपरि रुमल्लिन पुग्यो । क्रान्तिमा जनताका पक्षमा दृढतापूर्वक उभिने माओवादी शान्ति प्रक्रियामा समेत आमजनसमुदायको साथ र सहयोग हुँदाहुँदै पनि प्रमुख नेताहरू नै आफ्नो घोषित नीति र अडानमा चुक्दै गए । श्रमिक वर्ग, उत्पीडित समुदाय, राष्ट्रिय अर्थतन्त्र निर्माणका कार्यसूचीहरू कुनामा मिल्काइयो । गणतन्त्रका लागि लडेका जनमुक्ति सेनालाई विघटन गरियो, कैयौँलाई 'अयोग्य' घोषित गरियो । जनयुद्धका सहिदहरूले राष्ट्रिय सहिदको मान्यता पाएनन्, अझै पनि पाएका छैनन् । बेपत्ताहरूको स्थिति अझै सार्वजनिक भएको छैन । सहिद परिवार, घाइते अपाङ्गहरूको अवस्था कहालीलाग्दो छ ।

उच्च र निम्नको वर्गविभेद अन्त्य गर्न क्रान्ति गरेको माओवादी पार्टीभित्रै दुई किसिमको वर्ग देखापऱ्यो । आमजनतालाई देखाएको सपना, मुक्तिको यात्रा बीचैमा छाडेर व्यक्तिगत हित र स्वार्थले प्राथमिकता पाउन थाल्यो । अन्ततः युद्धमा जित्दै आएको माओवादी पार्टी शान्तिकालमा पराजित भयो ।

**स्वच्छ, सफा खानेपानी तथा वातावरणीय सरसरसफाइ सम्वन्धी जनहितकारी सन्देश पढौं, सोचौं तथा व्यवहारमा अवलम्वन गरी असल नागरिकको परिचय दिऔं ।**

- स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔं, असल नागरिक बनौं
- खानेपानीको मुहान,स्रोत, धारा सँरक्षण तथा सफा राखौं ,
- खुल्ला स्थानमा दिसा, पिसाव नगरौं ,
- फोहोरमैलाको उचित व्यवस्थापन गरौं ,
- घर,आँगन,उद्यान,बाटो लगायत सार्वजनिक स्थान सफा राखौं ।
- कोरोना भाइरस ( COVID - 19 ) बाट बचौं र बचाऔं
- मानिस – मानिस बीच कम्तिमा २ मिटरको दूरी कायम गरौं ,
- पटक पटक साबुन पानीले हात धोऔं ,
- कोभिड - १९ विरुद्धको खोप अनिवार्य लगाऔं ।

**खानेपानी, सिचाँइ तथा ऊर्जा विकास निर्देशनालय**
**कर्णालीप्रदेश, बीरेन्द्रनगर, सुर्खेत**

**“भूकम्पीय सचेतना, सुरक्षित संरचना”**

भुकम्प लगायत बहुप्राकृतिक प्रकोपबाट हुनसक्ने जनधनको क्षतिको न्यूनीकरण गर्न दक्ष प्राविधिकको सहयोग लिई भवनको नक्सा डिजाइन गरौं । साथै भवन निर्माण गर्दा नेपाल राष्ट्रिय भवन संहिता २०६० को पालना गरी भूकम्प प्रतिरोधी भवन निर्माण गरौं । निर्माण कार्यमा दक्ष प्राविधिक तालिम प्राप्त कालिगढ तथा गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरी सुरक्षित रहने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**
संघीय आयोजना कार्यान्वयन इकाई सुर्खेत

## कोरोना भाइरसबाट बच्ने उपायहरु




**लालीगुराँस नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
बसन्तपुर, तेह्रथुम

## नगरबासीमा अनुरोध

- जन्म, मृत्यु, बसाइँ सराइको समयमै घटना दर्ता गरौँ ।
- खानेपानी उमालेर वा फिल्टर अथवा निर्मलिकरण गरेर पिऔँ ।
- गर्भवती महिलालाई कम्तीमा ४पटक स्वास्थ जाँच गराऔँ ।
- जुवा-तास, मदिरा सेवन, लागुऔषध दुर्वयसन, मानव बेचबिखन र व्यभिचार नेपाली समाजका विकृति मात्रै होइनन् अपराधिक कृयाकलाप हुन्, त्यसैले तिनको जरैबाट उन्मुलन गरौँ ।
- गाउँपालिकामा अनुमति लिएर मात्रै व्यवसाय संचालन गरौँ ।
- गाउँपालिकामा बुझाउने विभिन्न प्रकारका कर सेवा शुल्क समयमै बुझाऔँ ।

**शैलुङ गाउँपालिकाको कार्यालय**
**काटकुटि ३, दोलखा**

## व्यक्तिगत घटना दर्ता गरौँ

- घटना घटेको ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा गई घटना दर्ता गरौं ।
- जन्म, मृत्यु बसाईसराई तथा सम्बन्धविच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
- जन्म, मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्नेछन् ।
- बसाईसराई गर्दा व्यक्ति आफु मात्र बसाईसरी गए व्यक्तिले र परिवार नै बसाइसरी गएमा परिवारको मुख्य व्यक्तिले दर्ता गर्नुपर्दछ ।
- विवाहको सूचना पति तथा पत्नी दुवैले दिनुपर्दछ ।
- सम्बन्धविच्छेदको सूचना अदालतको निर्णयसहित पति तथा पत्नीले दिन सक्छन् ।

लालीगुराँस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, तेह्रथुम

## भन्सार विभागको अनुरोध

चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसार पसार गरी राजश्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुन बमोजिम पुरस्कृति गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**भन्सार विभाग**
त्रिपुरेश्वर, काठमाडौं
टेलिफोन नं. ०१ ४११७७२१८, ४११७२२३, ४११७२२९
इमेल : prasasan.customs@gmail.com

**समावेशी एवं समतामूलक पहुँच विस्तार गर्दै गुणस्तरिय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम (TVET) प्रदान गर्न हामी प्रतिवद्ध छौं । कार्यक्रमको दिगोपनका लागि LEARN-EARN-PAY को अवधारणा अगाल्दै TVET को विकास र विस्तार गर्ने कार्यमा प्रयत्नशील छौं ।**





| पाठ्यक्रम | | | परिषद् अर्न्तगत सञ्चालित संस्थाहरू | | | | | भर्ना क्षमता | | वार्षिक छात्रवृति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ प्रा. एसएलसी कार्यक्रम | १९९ लामो अवधिका कार्यक्रम | ४८ डिप्लोमा कार्यक्रम | ५९ आङ्गिक | २० साझेदारी | ५३४ TECS | ४२९ निजी | १,१३१ छोटो अवधिका | ३८,९७६ ३ वर्षे डिप्लोमा/ प्रमाणपत्र तहमा | ३५,८८७ १८ महिने प्राविधिक एसएलसी तहमा | ८,०४६ / ४५,000 छोटो अवधिको तालिम |




**CTEVT**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
COUNCIL FOR TECHNICAL EDUCATION & VOCATIONAL TRAINING

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानो ठिमी, भक्तपुर research@ctevt.org.np, www.ctevt.org.np


निर्देशक : वसन्त श्रेष्ठ, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाईं, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : धनराज शाही, डिजाइन : गोपाल गिरी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ